पहिलो परिच्छेद

# शोध परिचय

## १.१. विषय परिचय

नेपाली साहित्यमा विशेष गरी उपन्यास क्षेत्रमा कलम चलाई साहित्यमा प्रवेश गरेका साधक ठाकुर चालिसेको जन्म २००८ साल पुष ६ गते काठमाडौँ जिल्ला बौद्ध सुवीगाउँमा भएको हो । उनका बुबा केदारनाथ चालिसे र आमा देवकुमारी चालिसे हुन् । चालिसेले औपचारिक रूपमा एम्.ए. सम्मको अध्ययन पूरा गरेको देखिन्छ । सानैदेखि कथा, कविता, निबन्ध लेखनमा रुचि राख्ने चालिसेका वि.सं. २०३४ सालमा **लङ्गडी** शीर्षकको उपन्यास नै पहिलो प्रकाशित कृति हो । यिनका रचनामा विशेष गरी समसामयिक विकृति, विसङ्गति, हत्या अनैतिकता र अपाङ्गहरूका पीडा जस्ता पक्षहरूको चित्रण र त्यसको सुधारको चाहना पाइन्छ । त्यस्तै गरी **मेरो मित्र** (२०४६) उपन्यासमा समाजको एक विचारले आफ्नो चिनारी नपाएर रक्सीको साहारामा पलायन हुँदै जीवन भुल्ने प्रवृत्तिको एक झल्को प्रस्तुत गरेको छ । एक सच्चा लेखकले पर्दा पछाडि मुख लुकाएर बस्नु परेको छ । न उसको कुनै अस्तित्व न नाम, न कुनै दाम आखिर रक्सीको साहारामा जीवनको परिभाषा खोज्दै हिँडनु परेको छ । वि.सं. २०२६ सालदेखि विभिन्न सङ्घ-सस्था र पेशामा संलग्न हुदै जागिरे पेशा र साहित्य लेखनलाई निरन्तरता दिँदै आएका चालिसे वि.सं. २०३४ सालमा **लङ्गडी** उपन्यास र वि.सं. २०४६ सालमा **मेरो मित्र** उपन्यास लिएर देखा परेका छन् । त्यस्तै गरी उनी गोरखापत्र, उत्सव, नौलो कोसेली, आगमन, उपहार, विचार प्रवाह, श्रीनगर जस्ता पत्रपत्रिकामा लेख रचना, कविता, कथा, निबन्ध र स्तम्भ लेखनमा सक्रिय रहँदै आएका छन् । हाल उनी अनुदित **अष्टबक्र गीता महोपनिषद** (वौद्दिक साम्यवाद) प्रकाशनको तयारीमा रहेका छन् । यस कारण उनको जीवनी, व्यक्तित्व र कृतित्वबारेको अध्ययन सामयिक देखिन्छ ।

## १.२. शोध समस्या

नेपाली साहित्यका सर्जक ठाकुर चालिसे  साहित्य साधना र सिर्जनाका क्षेत्रमा बेग्लै स्थान कायम गर्ने सक्षम व्यत्तित्व हुन् । आफ्नो जीवनको छोटो समयमा नै उपन्यास, कथा, निबन्ध जस्ता विधा सिर्जनामा लागेका स्रष्टा ठाकुर चालिसेले **लङ्गडी** वि.सं. (२०३४), **मेरो मित्र** वि.सं.(२०४६) जस्ता दुई वटा उपन्यासहरू प्रकाशित गरिसकेका छन् । विभिन्न पत्रपत्रिकामा लेख, रचना र स्तम्भ लेखनमा त्यतिकै कलम चलाइ रहेका चासिलेको हालसम्म उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा गहन अध्ययन भएको छैन । प्रस्तुत शोधपत्र चालिसेका यिनै विषयलाई अध्ययनको क्षेत्र बनाई निम्न लिखित समस्याको समाधानमा केन्द्रित रहेको छ :-

(क) ठाकुर चालिसेको जीवनी के कस्तो रहको छ ?

(ख) ठाकुर चालिसेको व्यक्तित्वका पाटाहरू के कस्ता छन् ?

(ग)ठाकुर चालिसेको साहित्य यात्रा र सिर्जनात्मक स्थिति के कस्तो रहेको छ ?

(घ)  ठाकुर चालिसेको कृतित्व , प्रवृत्ति र योगदान के कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

माथि उल्लेख्य समस्यामा केन्द्रित प्रस्तुत शोधका निम्न उद्देश्य निर्धारण गरिएका छन् :

(क) ठाकुर चालिसेको जीवनको निरूपण गर्नु,

(ख) ठाकुर चालिसेका व्यक्तित्वका पाटाहरू केलाउनु,

(ग) ठाकुर चालिसेको साहित्यिक यात्रा र सिर्जनात्मक स्थितिको निरूपण गर्नु,

(घ) ठाकुर चालिसेको कृतिको अध्ययन, विश्लेषण तथा प्रवृत्ति र योगदानको निरूपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

विशेष गरी लामो समयसम्म कर्मचारी पेसामा संलग्न रहेका ठाकुर चालिसेले उपन्यास, कथा, कविता, निबन्ध जस्ता विभिन्न विधामा कलम चलाएर नेपाली साहित्यमा बहुमुखी प्रतिभाका रूपमा आफ्नो पहिचान बनाएका छन् । चालिसेले नेपाली साहित्यमा महत्त्वपूर्ण  योगदान गर्दा-गर्दै पनि यिनका बारेमा विस्तृत रूपमा शोधकार्य भएको छैन । यिनको जीवनी व्यक्तित्व र समग्र कृतित्वको अध्ययन विश्लेषण र मूल्याङ्कन गरी साहित्यिक मूल्य निर्धारण गर्ने काम पनि हुन सकेको छैन । यिनका बारेमा भएका केही समालोचनात्मक लेखनका साथै उनका कृतिका भूमिका स्वरूप प्राप्त जानकारी शोधनायकबाट प्राप्त जानकारी र उनका कृतिका बारेमा लेखिएका मन्तव्य भूमिका नै पूर्वकार्य हुन आएका छन् । उनका कृतिका बारेमा भएका सामान्य चर्चा यहाँ सङ्क्षेपमा प्रस्तुत गरिएको  छ ।

घट्टराज भट्टराई (मिति २०३३ मा) ले **लङ्गडी** उपन्यासको भूमिकामा पहिलो पल्ट बसमा चिनाजानी भएको र पहिलो भेटमै उहाँका हातमा दुई वटा साहित्यिक पुस्तक देखेर खुशी हुँदै नेपाली साहित्यमा चर्चित पुस्तक खोजी किनेर पढने बानी ठाकुरजीको रहेछ भनी उल्लेख गरेका छन् । यसक्रममा उनले लङ्गडी उपन्यासका बारेमा टिप्पणी गर्दै “लङ्गडी समाजकी एउटी नारी पात्र हो, उस भित्र उकुसमुकुस भावना तिर्सना र छट्पटी एकातिर छन् भने उसप्रति समाजको अविवेकपूर्ण धारणा र असमझदारीको पनि कमी छैन् भन्ने धारणा प्रस्तुत गरेका छन् । समाजका लागि ऊ घृणा र हाँसो दिनमात्रै बाँचेकी छैन् ऊ पनि त केटी हो, उसमा पनि यौवन छ, रूप छ, तृष्णा छ तर पनि  लङ्गडी छे । यस्तै-यस्तै जीवनका अनुभवहरू कुण्ठा पीडा लङ्गडी भन्दै जान्छे र आखिर मृत्युको ढोकामा पुग्छे । त्यसैले यो करुणिक उपन्यास रहेको छ भनी यस उपन्यासका बारेमा टिप्पणी गरेका छन् ।

घट्टराज भट्टराई (२०५६) ले **नेपाली लेखक कोषमा** चालिसेको परिचय दिने क्रममा काठमाडौँ सिमलटारमा जन्मेका ठाकुर चालिसे नेपाली विषयमा स्नाकोत्तर गरी राष्ट्रिय वाणिज्य बैकमा कार्यरत रहेको उल्लेख गर्दै चालिसेका प्रकाशित पुस्तकहरू **लङ्गडी** (उपन्यास) वि.सं. २०३४, **मेरो मित्र** उपन्यास (वि.स २०४६) नै हुन् भनी उल्लेख गरेका छन् ।

यस बाहेक ठाकुर चालिसेको जीवनी व्यक्तित्व र कृतित्वबारे विस्तृत अध्ययन भएको पाईंदैन । 'घट्टराज भट्टराईले मात्र चालिसेको बाहिरी व्यक्तित्वको सामान्य रूपमा चर्चा गरेका छन् । त्यसैगरी **लङ्गडी** उपन्यासकी लङ्गडीका बारेमा सामान्य चर्चा गरेका छन् । त्यसैले ठाकुर चालिसेको जीवनी व्यक्तित्व र कृतित्वको बारेमा विस्तृत अध्ययनमा यो शोधपत्र केन्द्रित रहेको छ ।

## १.५ शोधकार्यको औचित्य

प्रस्तुत शोधपत्र मार्फत साहित्यकार ठाकुर चालिसेलाई नेपाली साहित्यिका फाँटमा चिनाउने प्रयास गरिएको छ । त्यस्तै नेपाली साहित्यको इतिहासको विकासका निम्ति ठाकुर चालिसेको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई अध्ययन विश्लेषण एवम् मूल्याङ्कन गरिएको हुनाले भावी शोधकर्तालाई यिनका बारेमा अध्ययन गर्न आधार सामग्री हुने भएकाले यसको औचित्य स्पष्ट रहेको छ ।

यस प्रकार चालिसेको 'जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकले ठाकुर चालिसेका बारेमा अध्ययन गर्ने अध्यताहरूका लागि मार्ग दर्शनको काम गर्नेछ । त्यस्तै नेपाली साहित्यले इतिहास लेखन तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा पनि यो शोधपत्रले थप महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गर्न सकिन्छ । यिनै विविध दृष्किोणले गर्दा यस शोधपत्रको औचित्यलाई यस अध्ययनले स्वतः स्थापित गरेको छ ।

## १.६. शोधविधि

प्रस्तुत शोधपत्रका निम्ति साहित्यकार ठाकुर चालिसेको जीवनी व्यक्तित्व र कृतित्वका बारेमा विभिन्न स्रोतबाट सामाग्री सङ्कलन गरिएको छ । पुस्तकालयीय पद्धतिका साथै क्षेत्रीय अध्ययन पद्धति अन्तर्गत पर्ने अन्तर्वार्ता र प्रश्नावली जस्ता विधिबाट सामग्री संकलन गरी अध्ययन, विश्लेषणका साथै निष्कर्ष निकाल्न प्राप्त सामाग्रीलाई क्रमबद्ध रूपमा वर्णनात्मक एवम् विवरणात्मक रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै चालिसेद्वारा लिखित र प्रकाशित कृतिहरूको अध्ययन पनि सामाग्री सङ्कलनको स्रोतको रूपमा राखिएका छ ।

## १.७. शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्र ठाकुर चालिसेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित रहेको छ । यसमा उनका जीवनीका उतार-चढाव एवम् व्यत्तित्वका विविध आयामलाई स्पष्ट पार्दै उनीद्वारा नेपाली भाषामा लेखिएका प्रकाशित कृतिहरूको मात्र अध्ययन गरिएको छ । यही नै प्रस्तुत शोधकार्यको सीमा हो ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई पाँचौ परिच्छेदमा विभाजन गरिएको छ । ती सबै परिच्छेदलाई आवश्यकता अनुरूप दशमलव प्रणालीमा अङ्क मिलाई शीर्षक, उपशीर्षकमा विभाजन गरिएको छ । यस शोधपत्रको रूपरेखा वा संगठन यस प्रकार रहेको छ :-

पहिलो परिच्छेद - शोध परिचय

दोस्रो परिच्छेद - ठाकुर चालिसेको जीवनी

तेस्रो परिच्छेद - ठाकुर चालिसेको व्यक्तित्व

चौथो परिच्छेद - ठाकुर चालिसेको कृतित्को अध्ययन एवं चालिसेका साहित्यिक यात्रा, प्रवृति र योगदानको निरूपण

पाँचौ परिच्छेद - उपसंहार वा निष्कर्ष

## दोस्रो परिच्छेद

# ठाकुर चालिसेको जीवनी

## २.१ वंश परम्परा जन्म र जन्मस्थान

ठाकुर चालिसेको पुर्ख्यौली खोज्दै जाँदा जुम्लासम्म पुग्न सकिन्छ । जुम्ला जिल्ला पुर्ख्यौली थलो बताउने भट्टराई नामथरका एक व्यक्ति रहेको बुझिन्छ । यिनै व्यक्ति बिहानै उठेर एउटा रुखको ठुटोमा सधैं जसो पानी चढाउने गरेको देखिन्छ । त्यो ठुटो अचम्मसँग मौलाउँदै आएको बुझिन्छ । चालिसे त्यही ठुटो नजिकै बसी एक खुट्टा उचालेर चालिस वेद कन्ठाग्र गरेकाले त्यतिखेरका राजा अत्यन्तै खुशी भई तिनै भट्टराई नामथरका व्यक्तिलाई चालिसे उपाधि दिएको र आजदेखि तिमी मेरो गुरु बाबु हौ भनेको बुझिन्छ । त्यही बेलादेखि यिनको पुर्ख्यौली थर चालिसे रहन गएको हो भन्ने कथन रहिआएको छ । पछि तिनैका सन्तान धौलागिरी अञ्चल हुँदै पर्वत, बाग्लुङ, राप्ती, सिन्धुपलान्चोक, सिपा मण्डल, चरायो हुँदै नेपालका अधिकांश ठाउँमा बसोबास गर्दै आएको देखिन्छ । यस क्रममा तारानाथ चालिसे काठमाडौं जिल्ला बौद्ध सुबी गाउँमा बस्न आइपुगेको देखिन्छ । उनै तारानाथ चालिसेका दुई श्रीमतीमध्ये जेठी श्रीमतीबाट जन्मिएका गणेश प्रसाद चालिसे, होमनाथ चालिसे, ज्ञान प्रसाद चालिसे साथै कान्छी श्रीमतीबाट केदारनाथ चालिसे, कृष्णप्रसाद चालिसे र बद्री प्रसाद चालिसे मध्ये कान्छी पट्टीका सन्तान केदारनाथ चालिसेका छोरा ठाकुर चालिसे हुन् । पिता केदारनाथ चालिसे र माता देवकुमारी चालिसेका चौँथो पुत्रका रूपमा ठाकुर चालिसेको जन्म २००८ साल पौष ६ गते काठमाडौं जिल्ला बौद्ध सुबी गाउँमा भएको हो । उनको न्वारनको नाम पदम कुमार चालिसे रहे पनि उनी समाज र साहित्यिक क्षेत्रमा ठाकुर चालिसे नामले परिचित हुन पुगेका छन् (शोधनायक बाट प्राप्त जानकारी अनुसार) ।

## २.२. बाल्यकाल

नेपालको राजधानी सहर बौद्ध सुबी गाउँ नै चालिसेको जन्म भूमि हो । मध्यम वर्गीय किसान परिवारमा जन्मिएका ठाकुर चालिसेको बाल्यकाल आमा बाबुको माया स्नेह र रेखदेखमै बितेको पाइन्छ ।

मध्यम वर्गीय परिवारमा जन्मिएकाले चालिसेलाई के खाऊँ र लाऊँको समस्या खासै देखिन्न । बाजे तारानाथ चालिसेले राणाहरूको घर-घरमा पण्डित्याइँ काम गर्ने गरेको बुझिन्छ । विशेष गरी बबर शमशेरसँग उनको त बस उठ राम्रो भएको बुझिन्छ । राणाहरूका प्रिय पण्डित भएकोले उनलाई विशेष भ्रमण गर्न जाँदा पनि सँगसगै लिएर जाने गरेको बुझिन्छ । त्यसैले राणाहरूले खुशी भई बेला बेलामा दिएको रकमबाट चालिसेले त्यसवेलामा प्रशस्तै जग्गा जमिन  जोडेको देखिन्छ । त्यसैले उनको घर व्यवहार पनि राम्रो चलेको बुझिन्छ ।

चालिसेको प्रारम्भिक अक्षराम्भ सामान्य रूपमा आफ्नै पिता केदारनाथ चालिसेबाट भएको बुझिन्छ । विहान बेलुका पूजापाठ गर्ने दिउँसो पण्डित्याइँ कामका लागि निस्के पनि फुसर्दको समयमा सबै छोराहरुलाई जम्मा गरी खरीपाटीमा अक्षर लेख्न र पढ्न सिकाउने गरेको बुझिन्छ । सानैदेखि तीक्ष्ण बुद्धि र जिज्ञासु स्वभाव भएका ठाकुर चालिसेको पनि पिताको पूजापाठ भजन कीर्तन गरेको देखेर पढाइमा चासो बढ्दै गएको कुरा बुझिन्छ । गाईवस्तु चराउन जाँदा अक्षर लेख्न सिक्ने पिताले सिकाएको भजन कीर्तन कण्ठ गरेर सबैलाई सुनाउने गरेको देखेर उनका पिता केदारनाथ चालिसेले उनलाई पशुपति हाइस्कुल चावहिलमा कक्षा चारमा भर्ना गरिदिएको देखिन्छ ।

समग्र रूपमा हेर्दा चालिसेको बाल्यकाल सामान्य रूपमा नै बितेको देखिन्छ । बाल सुलभ गुणले गर्दा चालिसेले त्यति पीडा बोध नगरे पनि पिता केदारनाथले भन्ने निकै कठिन समस्याहरू बेहोर्नु पर्थ्यो तापनि आफू साक्षर भएकाले सन्तानलाई शिक्षाको न्यानो प्रकाशबाट टाढा भने राखेनन् ।

## २.३ शिक्षा-दीक्षा

ठाकुर चालिसेका बाबु-बाजे शिक्षित भएकाले पढाइतर्फ स्वभावतः वातावरणले नै आर्कषित पारेको प्रतीत हुन्छ । त्यसैले शिक्षाको आरम्भ गराउन खास कठिनाइ परेको देखिन्न । ठाकुर चालिसेलाई प्रारम्भिक शिक्षा उनकै पिता केदारनाथ चालिसेबाट घरैमा भएको थियो । सानैदेखि तीक्ष्ण बुद्धि र जिज्ञासु स्वभाव देखेर उनका पिता केदारनाथ चालिसेले केही बुझ्न र हिँडन सक्ने भएपछि चाबहिल स्थित पशुपति हाइस्कुलमा कक्षा चारमा भर्ना गरिदिएको बुझिन्छ । 'हुने बिरुवाको चिल्लो पात' भने झैँ उनले पनि सानैदेखि पढाइमा लगनशीलता देखाइ रहे । तीक्ष्ण बुद्धि र जिज्ञासु स्वभाव भएकै कारणले सानैदेखि कक्षामा पहिलो हुन्थे । सानैदेखि कविता, निबन्ध लेखेर गुरुलाई देखाउँथे । नाटकमा अभिनय गर्न त्यतिकै रुचाउँथे । विद्यालयमा हुने हरेक प्रतियोगितामा हरेक वर्ष पुरस्कृत हुन्थे । उनले २०२३ सालमा एस्.एल्.सी. पशुपति हाईस्कूलबाट द्वितीय श्रेणीमा पास गरे । त्यसपछि उच्च शिक्षा पढ्नको लागि त्रि. चन्द्र कलेजमा भर्ना भए । ढुङ्गा खोज्दा देवता मिल्यो भने झैँ त्रि. चन्द्र कलेजमा पढ्दा ध्रुवचन्द्र गौतम, तारानाथ शर्मा जस्ता साहित्यकारसँग उनको सम्पर्क भयो । त्यहीबाट उनले साहित्य लेखनको प्रेरणा प्राप्त गरेकको बुझिन्छ । धुवचन्द्र गौतमको साहित्य लेखन र व्याख्या गराई शैली चालिसेलाई अत्यन्तै मन पर्थ्यो त्यही भएर उनले पनि आइ .ए पढ्दादेखि नै कविता, निबन्ध, नाटक लेखेर गुरुलाई देखाउँने गर्थे । कलेजमा हुने प्रत्येक कार्यहरूमा उनले भाग लिने गरेको बुझिन्छ । फुटबल राम्रोसँग खेल्ने भएकाले क्लवबाट पनि विभिन्न ठाउँमा खेल्ने गरेको जानकारी पाइन्छ ।

औपचारिक रूपमा २०२६ सालमा आइ ए पास भएपछि बी.ए पढ्न उनी सरस्वती कलेजमा भर्ना भए । उनको त्यो समय अत्यन्त कठिन रहेको पाइन्छ । दिउँसो  जागिर खाने बेलुकी कलेज पढ्ने गर्दै राती ११ बजे घर पुग्थे । जागिरबाट आएको पैसा सबै बालाई बुझाउनु पर्ने, बाले दिएको खर्चले पुऱ्याउनु पर्ने बिहान ८ बजे खाएको भातले बेलुकी ११ बजेसम्म धान्नु पर्दा अत्यन्तै गाह्रो भएको बुझिन्छ । एकातिर जागिर अर्कोतिर पारिवारिक व्यस्तताका कारण नियमित रूपमा कलेज पढ्न नपाएको हुदाँ एम्.ए. प्राइभेट दिएर २०३० सालमा पास गरे । यसरी उनले एम्.ए सम्मको प्रमाण पत्र प्राप्त गरेका छन् । ( शोध नायकबाट प्राप्त जानकारी अनुसार )

यसरी ठाकुर चालिसेले औपचारिक शिक्षा तीस एकतीस सालमा पूरा गरेपछि  अनौपचारिक रूपमा भने अद्यावधि लिइरहेका छन् । यसरी स्वअध्ययन र प्राज्ञवर्गको सङ्गतले पनि उनको विचार माझिएको खारिएको पाइन्छ । चालिसेको स्वअध्ययनको परिधि ज्यादै फराकिलो छ । उनले स्वदेशका साहित्यकारहरू ध्रुबचन्द्र गौतम, तारानाथ शर्मा, लक्ष्मीप्रसाद देवकोटा, सम, होमनाथ, केदारनाथ, भैरव, पारिजात र वी.पी.कोइराला जस्ता कैयौँ व्यक्तिको कृतिहरूको गहन अध्ययन  गरेकका छन् भने भारतीय तथा विश्वका चर्चित व्यक्तिहरूको कृतिको अध्ययन पनि गरेका छन् । उनले स्व-अध्ययनबाट मूलतः पूर्वीय दर्शनको राम्रोसँग अध्ययन गरेका छन् । गहन अध्ययनकै कारण उनले पूर्वीय दर्शन-अष्टावक्र, महोपनिषद्, कैबल्य उपनिषद्, श्रीमद् भागवतको एकादश स्कन्ध जस्ता ग्रन्थहरूको संस्कृतबाट नेपालीमा अनुवाद गरेका छन् । दुइ उत्कृष्ट उपन्यास **लङ्गडी** (२०३४) र **मेरो- मित्र** (२०४६) लेखेका छन् । त्यस्तै गरी गोरखापत्र, मधुपर्क, उत्साह, नौलो कोसेली, साँग्रिला,  श्रीनगर जस्ता पत्रपत्रिकामा संलग्न हुनुका साथै स्तम्भ लेखनमा सक्रिय रहेकाले चालिसेले आफ्नो लेखकीय परिधिलाई फराकिलो बनाएका छन् । त्यसै गरी बेला-बेलामा विभिन्न प्रतिष्ठित नेपाली

साहित्यकाहरूसँगको भेटघाटले गर्दा पनि उनको लेखकीय व्यक्तित्व फराकिलो भएको छ ।

## २.४. व्रतबन्ध विवाह तथा सन्तान

### २.४.१. व्रतबन्ध

हिन्दू सनातन धर्म-संस्कृति अनुसार ब्राह्मण जातिको आठ वर्षको उमेरमा विधिवत रूपले व्रतबन्ध (उपनयन) संस्कार गर्ने चलन रही आएको छ । त्यसै अनुरूप नै ठाकुर चालिसेको उपनयन संस्कार पनि बौद्ध सुबी गाउँमा २०१६ मा आठ वर्षकै उमेरमा भएको हो । व्रतबन्ध गर्ने बेलामा पिता केदारनाथले बाह्मण पुरोहित र वरपरका आफन्त छिमेकीहरू समेत बोलाई धुमधामले विधिवत् रूपमा सम्पन्न गरेका थिए ।

### २.४.२. विवाह

ठाकुर चालिसेको विवाह घरपरिवारको सल्लाह अनुसार २०२७ जेष्ठ २ गते काठमाडौं दहचोक निवासी पिता शङ्खर सिग्देल र माता सुमित्रा सिग्देलकी पुत्री शान्ता सिग्देलसँग भएको हो । शान्ता खाइलाग्दो शरीर, गहुँ गोरो वर्णकी हँसिलो मुहार, शान्ता सानैदेखि मृदुभाषी, सहयोगी भावना भएकी नारी थिइन् । शान्ता सानै उमेरमा विवाह गर्ने चलनले गर्दा धेरै पढ्न नपाउँदै चालिसेसँग विवाह बन्धनमा बाँधिन पुगिन् । शान्ता साक्षर भए पनि घर व्यवहारमा अत्यन्तै सिपालु भएकोले पारिवारिक स्थितिमा कुनै कठिनाइ नपरेको कुरा चालिसेले व्यक्त गरेका छन् । चालिसेले पनि एक कुशल मिलनसार श्रीमती पाएकोमा खुशी रहेको कुरा उल्लेख गरेका छन् । यसरी हेर्दा उनीहरूको दाम्पत्य जीवन अत्यन्तै सरल हाँसी खुशी बितिरहेको छ ।

### २.४.३. सन्तान

ठाकुर चालिसेको विवाह २०२७ सालमा १९ वर्षको कलिलै उमेरमा भएको हो । त्यतिखेरको चलन अनुसार सानैमा विवाह भएकाले उनले स-साना समस्या पनि भोग्नु पर्‍यो । एकातिर गाई बस्तु हेर्नु खेतीपाती गर्नु, अर्कोतिर अध्ययन गर्नुको साथै जागिर पनि खानाले उनको जीवन अत्यन्तै व्यस्त थियो । उनका सन्तानका रुपमा दुई छोरी र एक छोरा मात्र छन् । जेठी छोरी प्रमिला चालिसे (पराजुली) ले बी. ए. सम्मको अध्ययन गरेकी छन् । कान्छी  छोरी निरु चालिसे (न्यौपाने)ले बी.ए. सम्मको अध्ययन गरेकी छन् । छोरा प्रकाश चालिसे आइ. एस्.सी. पास गरेपछि अमेरिकामा इन्जिनिएर पास गरेर जागिरे जीवन बिताइरहेका छन् । हाल सबै सन्तानको विवाह भईसकेका कारण आ-आफ्नो पेसा र व्यवसायमा संलग्न भई काठमाडौँ उपत्यकाका विभिन्न ठाउँमा बसोवास गर्छन् । हाल उनी श्रीमती छोरो प्रकाश बुहारी प्रभा र एक नातिनीका साथ हाँसी खुशी आफ्ना बुढ्यौंलीका दिनहरू बिताइरहेका छन् । ( शोध नायकबाट प्राप्त जानकारी अनुसार )

## २.५. आर्थिक अवस्था

ठाकुर चालिसेको जन्म काठमाडौँ स्थित मध्यम वर्गीय परिवारमा भएको बुझिन्छ । उनको पैतृक सम्पत्ति थुप्रै थियो । त्यसलै समय अनुसार के खाऊँ लाऊँको समस्या परेको देखिँदैन । चालिसेका बुवा केदारनाथ चालिसे राणाका घर घरमा पण्डित्याइ काम गर्ने गरेको बुझिन्छ । विशेष गरी बबर समशेरको घर त उनको नीजि नै जस्तो भएकाले उनलाई विशेष भ्रमण गर्न जाँदा सँगसगै लिएर जाने गरेको बुझिन्छ । उनी आफैं पनि कुमारी चोक स्थित सिंहदरवारमा मुखिया महालेखापालमा खरिदार हुँदै महालेखापाल परीक्षकमा सुव्बा र  राष्ट्रिय वाणिज्य बैकमा  अधिकृतसम्मको  पदमा रहेर जागिर खाएका  उनले

स्वेच्छाले पेन्सन पाक्न ९-१० वर्ष बाँकी हुँदै जागिरबाट व्यवहारिक समस्याले अवकाश लिएको कुरा जानकारी दिएका छन् । हाल उनी पैतृक सम्पतिमा आफ्नो साथै छोराको आम्दानीबाट गुजारा गरिरहेका छन् । आर्थिक दृष्टिकोणबाट चालिसेको आर्थिक अवस्था सन्तोषजनक नै रहेको देखएको छ ।

## २.६. रुचि तथा स्वभाव

### २.६.१. रुचि

ठाकुर चालिसेको रुचिको मूल क्षेत्र साहित्य र समाज सेवा नै हो । चालिसे साहित्यिक कृति, राजनीतिज्ञका लेख र तिनका जीवनीको पारख गरी त्यसको अनुसन्धानात्मक ढङ्गबाट अध्ययन गर्ने रुचि राख्दछन् । आफ्ना साहित्यिक रचनाहरू पनि त्यसै अनुरूप मौलिकतामा ढालेर प्रस्तुत गर्ने चालिसे बढी समय साहित्य साधनामै खर्च गरेका छन् । आफ्नो जीवन समाज राष्ट्र र अन्तराष्ट्रिय जगतमा घटेका र घटन सक्ने तथा विषय वस्तुलाई टपक्क टिपेर रचनाको कच्चा पदार्थ बनाउने चालिसे जीवन र जगतलाई केन्द्रबिन्दु बनाएर रचना गर्ने समाज राष्ट्र र अन्तराष्ट्रिय जगत्मा देखा परेका विकृति र विसङ्गतिप्रति यिनका रचना परिलक्षित छन् । चालिसेका कृतिहरू बढी मात्रामा काल्पनिक नभई यथार्थमा आधारित छन् । मूलरूपमा यिनका कृतिहरू सामाजिक यर्थाथवादी धारामा लेखिएका छन् (ठाकुर चालिसेबाट प्राप्त जानकारी अनुसार ) ।

ठाकुर चालिसे आफ्नो मौलिक धर्म संस्कृति, परम्परा रीतिरिवाज र संस्कारलाई निरन्तरता दिनुपर्छ भन्ने चाहान्छन् । यिनी बाल्य कालदेखि नै घुमफिर गर्न रुचाउँथे । लगभग उनले अहिलेसम्म नेपालका ३५-४० वटा जिल्ला घुमिसकेका छन् । चालिसेलाई सबै खाले खाना मीठो लाग्छ । उनलाई नरुच्ने नमिठो लाग्ने केही पनि छैन । उनी खानामा साधारण दाल, भात, तरकारी खान मन पराउँछन् । साथी भाइसँग वस्दा घुम्दा चुरोट खाने बानी लागेको कुरा पनि

बताउँछन् । चिया उनलाई समय-समयमा खाइरहनु पर्ने कुरा व्यक्त गरेका छन् । उनको रुचिको विशेष पाटो पुस्तक तथा पत्रपत्रिकाको संकलन तथा अध्ययन पनि हो । आज गएर हेर्दा पनि उनका घरमा हामी हाम्रा साहित्यकारहरू देखि विश्वका चर्चित साहित्यकारहरूका कृतिहरूसाथै पत्र-पत्रिकाहरू  पढ्न पाउँछौ । खेलकुदमा उनलाई फूटबल अत्यन्तै मन पर्छ । कलेज पढ्दा खेरी क्लवबाट धेरै चोटि विभिन्न ठाउँमा खेलेको जानकारी दिएका छन् । उनी चिटिक्क परेको लुगाबाट ठाँटिएर विशिष्ट बन्नुभन्दा साधारण पहिरनबाट साधारण देखिँन मन पराउँछन् । खासमा यिनी मान्छेले नुनको सोझो गर्नुपर्छ सरल जीवन र उच्च विचार राख्नु पर्छ, हरेश कहिल्यै खानु हुन्न भन्ने गान्धीवादी धारणाबाट प्रेरित छन्  ( चालिसेबाट प्राप्त जानकारी अनुसार) ।

## २.६.२. स्वभाव

ठाकुर चालिसे सानैदेखि सरल स्वभाव भएका व्यक्ति हुन् । साथीभाइहरूसँग घुलमिल गरी रमाइलो कुराकानी गर्ने र मनमा भएका कुरा व्यक्त गर्ने स्वभाव उनमा   पाइन्छ । साथीभाइको सङ्गतमा परेर जुनसुकै कार्य गर्न पनि चालिसे पछि हटदनैथे । आफ्ना मनका कुरा अनुभूति संस्मरणलाई साहित्यमार्फत प्रस्तुत गर्नु यिनको वैशिष्ट्य  हो । उनी समाज देश र शिक्षाको उन्नतिको चाहना राख्ने चालिसे सरल स्वभाव भएका व्यक्ति हुन् । विद्यार्थी कालदेखि नै स्वभामिमानी र मिलनसार स्वभाव भएका चालिसे जो सँगपनि एकदुईचोटी भेटघाट भएपछि साथी बनाइ हाल्थे । सानैदेखि तीक्ष्ण बुद्धि, जिज्ञासु स्वभावका थिए भने अर्कातिर चित्त नबुझेको कुरा जोसुकै होस् प्वाक्क बोलिदिने ठाडो शैली प्रष्ट वक्ताका रुपमा देखिन्छन् । उनको बाल्यकालको अनिश्वरवादी भाव अद्यावधि पनि कायमै  देखिन्छ । गम्भीर पारामा गफ गर्नु, केही कुरा बोले पनि सोच विचार गरेर बोल्नु ,शरीरले साथ दिउन्जेल लेखपढ गर्नेमै व्यस्त रहनु, पाहुनाको स्वागत सत्कार गर्नु यिनको स्वभाव हो । शिष्टता, भद्रता,

विनयशीलता शालीनता, सहयोगी, रोमान्टिक, सन्तोषी, गहन विचार आदि चालिसेमा पाइने विशेषता हुन् (चालिसेबाट प्राप्त जानकारी अनुसार)

## २.७. पेसा तथा कार्यक्षेत्र

ठाकुर चालिसेले आफ्नो जीवन विभिन्न कार्यक्षेत्रमा समर्पित गरेका छन् । यस अन्तर्गत यिनको मुख्य क्षेत्र समाजसेवा र साहित्य सिर्जना नै हो । तिनको सङ्क्षिप्त परिचय तलको उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

### २.७.१. प्रशासनिक सेवा

ठाकुर चालिसे राष्ट्र र राष्ट्रियताका लागि महत्त्वपूर्ण  योगदान दिने क्रममा प्रशासनिक क्षेत्रमा पनि संलग्न भई काम गरेका छन् । उनले त्रि. चन्द्र क्याम्पसमा आइ.ए. पढ्ढादेखि नै जागिरमा प्रवेश गरेको देखिन्छ । २०२६ सालमा कुमारीचोक स्थित ज्ञानेश्वर सिंहदरवारमा मुखिया पदमा रहेर काम गरेको बुझिन्छ । त्यस्तै गरी महालेखा पालमा खरदारको रूपमा पनि बसेर देश र जनताको लागि सेवा दिएको देखिन्छ । त्यस्तैगरी उनले २०३३ सालमा राष्ट्रिय वाणिज्य बैङ्कमा अधिकृत स्तरको जागिर खाएको जानकारी दिएको छन् । यसरी हेर्दा ठाकुर चालिसेले राष्ट्रका हरेक प्रशासनिक निकायमा आबद्ध रहेर देश जनताको लागि सेवा पुऱ्याएको देखिन्छ । त्यसपछि देशमा भएको कर्मचारीतन्त्र, घुसखोरी भ्रष्टचार प्रवृत्ति तथा ठूलावडा र पहुँच हुनेहरूले पहुँच नहुने माथि गरेको दुर्व्यवहार देखेर वाक्क भई पेन्सन पाक्न ९-१० वर्ष बाँकी हुँदै जागिर छोडेको कुरा पनि व्यक्त गरेका छन् ।

### २.७.२. समाज सेवा

ठाकुर चालिसेले नेपाली भाषा साहित्य र शिक्षा क्षेत्रमा अमूल्य समय सुम्पेका छन् । चालिसे विद्यार्थी जीवनदेखि नै समाज सेवा गर्ने भावनाले प्रेरित

भएका हुन् । उनी आरुवारीमा बन्धु-मण्डल खोल्न सक्रियताका लागि परेका थिए । त्यस्तै गरी सिमल्टार महाङ्काल रामहिटीमा पुस्तकालय स्थापनमा संलग्न भएका बन्धु मण्डल सञ्चालनसँगै अरुणोदय माध्यामिक विद्यालय खोल्नमा संचालक समितिका सदस्य बनेर धेरै वर्ष (लगभग १०वर्ष) निःशुल्क रूपमा शिक्षण गरेको पाइन्छ । त्यतिखेर विद्यालयमा हुने हाजिरी जवाफ, कविता तथा निबन्ध जस्ता विधामा प्रतियोगिता गराउने जिम्मा लिएर यो विद्यालाई अधि पढाउन धेरै वर्ष यो कार्यक्रममा संलग्न भएको देखिन्छ । त्यस्तै गरी चावहिलमा स्थापित *उत्साह* पत्रिका संचालन समितिका सदस्य बनेर अहिलेसम्म पनि सक्रियताका साथ देश र जनताका लागि ठूलो योगदान दिएका छन् । यसरी विभिन्न सङ्घ संस्थामा आबद्ध भएर निरन्तर समाज हित र शिक्षाको विकासका लागि चालिसेले जीवन समर्पण गरेको पाइन्छ (चालिसेबाट प्राप्त जानकारी अनुसार ) ।

## २.७.३. राजनीतिक सेवा

ठाकुर चालिसे बी.ए. पढ्दादेखि नै राजनीतिमा सक्रिय रूपमा लागि परेका थिए । चालिसे विभिन्न अंग्रेजी, हिन्दी र नेपाली लेखहरूका क्रान्तिकारी लेख रचनाहरू पढी आफ्नो जीवनको केही समयलाई राजनीतिक सेवामा लगाए र जागिर जोगाउन उनले छद्म नाम 'परशुराम' राखेर क्रान्तिकारी लेखहरू लेखेका थिए । उनले जनमत सङ्ग्रहताका समीक्षा पत्रिकामा 'प्रायश्चित गर' शीर्षकमा कविता लेख्दा दण्ड भोग्नु परेको जानकारी दिएका छन् । बहुदल जिताउन धेरै ठाउँमा धेरै व्यक्तिहरूसँग मिलेर सक्रियताका साथ संलग्न भएको बुझिन्छ । २०४६ सालको जन आन्दोलनमा थापाथली शाखाको मेनेजर पदमै बसेर पञ्चायतको घोर विरोध गरेको थिए । यद्यपि चालिसेको राजनीतिक जीवन भने शून्य नै रहेको देखिन्छ । २०४६ को जन-आन्दोलन सफल भयो तर परिवर्तन केही नदेखे पछि निरास बन्दै गए । क्रमशः साहित्यिक जमघट र राजनैतिक सक्रियता देखाए पनि जागिरबाट समेत स्वभामिनपूर्ण जिउँन गाह्रो भएको पद

प्रतिष्ठा हुदाँ-हुदै पनि जागिर घाँडो भएको अनुभव भएपछि पेन्सन पाक्न ९-१० वर्ष बाँकी हुँदै राजिनामा दिएको पाइन्छ ।

उनको राजनैतिक जीवन जुनसुकै रूपमा होस केवल २०-२२ वर्ष रहेको पाइन्छ । यसबाट उनले केही तीता मीठा अनुभव-बटुलिए तापनि उनी आफूले आफैप्रति आफ्नो परिवार अनि समाजकै प्रति बेइमानी गरेको पाइन्छ । उनी राजनीतिभन्दा अर्को कुनै उत्पादन मूलक कार्यतिर संलग्न भएको भए अवश्य केही हुने थियो होला जुन हुन पाएन । उनी जहाँको त्यहीँ रहे समाज राष्ट्र जहाँको त्यहीँ रह्यो । यसबाट न त उनलाई न परिवालाई न समाज र राष्ट्रलाई नै फाइदा भयो । एउटा मानव शक्ति त्यसै बरालिएर खेर गयो भन्ने अनुभव उनले समेटेको पाइन्छ ।

## २.७.४. शिक्षण पेसा

चालिसेले शिक्षा क्षेत्रमा पनि केही वर्ष महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनले रमेश विकलसँग मिलेर अरुणोदय माध्यामिक विद्यालय बनाउन महत्त्वपूर्ण योगदान दिएका छन् । उनले यो स्कुल संचालनका लागि १० वर्षसम्म निःशुल्क रूपमा शिक्षण कार्य गरेको जानकारी दिएका छन् । त्यसै गरी उनले विद्यालयमा हुने हाजिरी जवाफ, कविता, कथा, निबन्ध प्रतियोगिता गराउने जिम्मा पनि लिएका थिए । यसैक्रममा अन्तरविद्यालय प्रतियोगिता गराउने, विभिन्न समयमा साहित्यकारहरू बोलाएर सभा-सम्मेलन कवि गोष्ठी, गरी नेपाली साहित्यलाई माथि उठाउँन हरसम्भव प्रयास गरेका छन् । त्यसैगरी जागिर छोडेपछि फूलबारी स्कुलमा दुई वर्ष बिहानको कक्षा पढाए । यसरी चालिसले ११-१२ वर्षसम्म शिक्षण पेसामा संलग्न रहेको जानकारी पाइन्छ ।

## २.७.५. संस्थागत संलग्नता

ठाकुर चालिलसे विभिन्न सङ्घ-संस्थामा आबद्ध रहेर काम गरेको पाइन्छ । त्यस्तै गरी उनी सिमल्टार, महाङ्काल, रामहिटीमा पुस्तकालय स्थापनामा संलग्न रहेको बुझिएको छ । बौद्धमा अरुणोदय माध्यामिक विद्यालय सञ्चालनमा संलग्न भई धेरै वर्षसम्म निशुल्क शिक्षण गरेको साथै स्कुल सञ्चालन सदस्य भएर धेरै वर्ष बसेको पाइन्छ । चावहिलमा उत्साह पत्रिका प्रकाशनका सदस्य बनेर नवआगन्तुक नवप्रतिभाहरूलाई आफ्नो स्वच्छ साहित्यिक प्रतिस्पर्धा गराएका छन् । त्यस्तै गरी विभिन्न पत्रपत्रिकामा नियमित रूपमा साहित्यिक तथा साहित्येतर लेखहरू लेखेर आफ्नो लेखकीय परिधिलाई फराकिलो बनाएका छन् ।

## २.८. लेखनका लागि प्रभाव र प्रेरणा

ठाकुर चालिसेको मुख्य रुचि भन्नु नै साहित्य र समाजको सेवा गर्नु हो । उनी सानैदेखि पुस्तक अध्ययन गर्ने पत्रपत्रिका सङ्कलन गर्ने रहेकाले साहित्यप्रतिको झुकाव रहेछ भन्ने कुरा प्रष्टै हुन्छ । त्रि.चन्द्र कलेजमा पढ्दा साहित्यविद् ध्रुवचन्द्र गौतम र तारानाथ शर्मासँगको भेटले नै उनलाई साहित्य लेखनको प्रेरणा मिलेको पाइन्छ । त्यही प्रेरणा स्वरूप बी.ए पढ्दै गर्दा २०३४ सालमा **लङ्गडी** उपन्यास प्रकाशित गरे जुन उनको पहिलो मौलिक कृति हो । यो उपन्यास लेखनमा चालिसेलाई समसामयिक वातावरण र तत्कालीन नेपाली साहित्यकारको सङ्गतबाट उत्साह मिलेको बुझिन्छ । विशेष गरी तारानाथ शर्माजस्ता विद्वान्सँगको भेटघाट र साहित्यिक छलफलले उनलाई सक्रिय बनायो । त्यस्तै गरी उनले २०३५-३६ सालदेखि नै आफैं पनि सक्रिय रूपमा श्रीनगर, आगमन, उत्साह, नौलो कोसेली, मधुपर्क जस्ता पत्रपत्रिकामा लेख रचनाहरू लेख्ने पढ्ने गर्न थाले र उनी विभिन्न पत्रपत्रिकामा स्तम्भ लेखनमा संलग्न रहेको देखिन्छ । यसै लेखनका क्रममा उनले पारिजात, भैरव अर्याल, मोहन कोइराला, खगेन्द्र सङ्ग्रौला , मोदनाथ प्रश्रित , महानन्द सापकोटा , रमेश विकल , प्रदीप

नेपाल, महानन्द सापकोटा; युद्धप्रसाद मिश्र जस्ता विशिष्ट साहित्यकारहरूसँग समकक्षी भएर लेखहरू लेख्न थाले । यसै साहित्यिक वृत्तभित्र रहेर राम्रा साहित्यिक छलफल, सृजना हुन्थ्यो । चालिसेलाई विभिन्न साहित्यिक छलफल गोष्ठी सभा-सम्मेलन जाने , भाग लिएर पनि उनलाई वढी साहित्यप्रति प्रेरणा जगायो । हाल आएरपनि चावहिलमा उत्साह पत्रिकामा संलग्न रही आएका छन् ।

## २.९. लेखन आरम्भ

ठाकुर चालिसेको प्रथम पटक प्रकाशित कृति **लङ्गडी** (२०३४) उपन्यास हो । उक्त उपन्यासका बारेमा वरिष्ठ साहित्यकार घट्टराज भट्टराईले शुरुदेखि अन्त्यसम्म पढिँरहु जस्तो बनाउन प्रेरित गर्ने पहिलो **लङ्गडी** उपन्यास हो भनेका छन् । त्यसपछि २०३५ सालमा नौंलौ कोसेली भन्ने पत्रिकामा "सम्पन्नता भित्रको एउटा यथार्थ" भन्ने शीर्षकको कथा प्रकाशित भयो । त्यसै सालमा श्रीनगर पत्रिकामा "अमरावतीमा महाकवि देवकोटासँगको अर्न्तवार्ता" भन्ने शीर्षकको हाँस्यव्यङ्ग्य प्रकाशित भएको देखिन्छ । चालिसेले उपन्यास विधाबाट साहित्य यात्रा शुरु गरेर मूलतः उपन्यासकारका रूपमा देखापरेका छन् । यसरी विभिन्न पत्रपत्रिकामा संलग्न हुँदै आएका चालिसेले २०४६ सालमा **मेरो मित्र** भन्ने अर्को उपन्यास प्रकाशित गरेका छन् । पृष्ठभूमि पत्रिकामा स्तम्भ लेखनमा सक्रिय हुदै हालसम्म पनि उत्साह पत्रिकामा आबद्ध रहेर नव-नव प्रतिभाहरूलाई प्रेरणा दिँदै आइरहेका छन् ।

## २.१०. सिर्जनाको मुख्य क्षेत्र

चालिसे नेपाली साहित्यका अथक साधक हुन् । उनका धेरै जसो रचनाहरू फुटकर रूपमा छरिएर रहेका छन् । उनले नेपाली साहित्यमा विविध विधामा कलम चलाए पनि उनको सिर्जनाको मुख्य क्षेत्र उपन्यास विधा नै हो । उनको तिनै दुई वटा उपन्यासमा नै लेखकीय शक्ति र सार्मथ्यको चिनारी पाउन सकिन्छ

। त्यसपछि उनको कथा विधा पनि त्यतिकै शसक्त रूपमा आएको छ । उनले विभिन्न साहित्यमा पत्रपत्रिकाहरूको सम्पादन गर्ने क्रमका उनका विभिन्न सम्पादकीय लेखहरू पनि उतिकै रूपमा उल्लेखनीय छन् । उनको **लङ्गडी** र **मेरो मित्र** उपन्यास महत्त्वपूर्ण कृतिका रूपमा प्रकाशित भएका छन् भने विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेका कथा, निबन्ध, हाँस्यव्यङ्ग्य लेख रचनाहरू पनि रहेका छन् । त्यसैले उनी उपन्यासकार, कथाकार, हाँस्य व्यङ्ग्यकार, समीक्षक र साहित्यिक पत्रकारका रूपमा चर्चित छन् ।

## २.११. भ्रमण

काठमाडौ बौद्ध सुबी गाउँमा बसोवास गर्दे आएका चालिसे भ्रमणशील व्यक्तित्वका रूपमा पनि देखापर्दछन् । उनले सानैदेखिको घुमफिर गर्ने रहर जागिरे भएपछि मात्र पूरा गरे । आफ्नो व्यक्तिगत चाहना साथै जागिरको सिलसिलामा नेपालका लगभग ३०-३५ वटा जिल्लाको भ्रमण गरेको जानकारी दिएका छन् । चालिसे राष्ट्रिय बाणिज्य बैङ्कमा रहँदा नेपालका पूर्वी तथा पश्चिमका अधिकांश जिल्ला पुगेको कुरा व्यक्त गरेका छन् । त्यस्तै गरी स्वदेश बाहेक नेपाल बाहिर भारत पाकिस्तान, अफगानिस्तान, श्रीलङ्का जस्ता ठाँउको समेत भ्रमण गरेको जानकारी दिएका छन् ।

यसरी चालिसेले घुमेका विभिन्न ठाउँहरूबाट केही राजनीतिक ज्ञान, साहित्यिक ज्ञान,  धर्म-संस्कृति सम्बन्धी धेरै ज्ञानहरू बटुलेको पाइन्छ । यसरी घुम्दा कति ठाँउहरूका बस्ती हावापानी रहन सहन जीवनशैली देखेर अत्यन्तै खुशी भएका छन् भने धेरै ठाउँको जीवनशैली हावा पानी, भौगोलिक अवस्थिति देखेर अत्यन्तै दुःखी बनेको पाइन्छ । देशका अधिकांश क्षेत्र र विदेशी देशहरूको समेत भ्रमण गरेकाले उनी भ्रमणशील व्यत्तित्वका रूपमा देखापर्छन् ।

## २.१२. सम्मान तथा पुरस्कार

नेपाली साहित्यका साधक ठाकुर चालिसे ठूला मान सम्मान तथा पुरस्कारले सम्मानित नभए पनि विद्यालय र कलेज स्तरमा हुने प्रतियोगितामा पाएका सम्मानपत्र मात्र रहेका छन् । विद्यालय स्तरमा हुने विभिन्न प्रतियोगितामा प्रथम, द्वितीय स्थानमा आउने जानकारी दिएका छन् । उक्त कुरा उनका विद्यालय स्तरीय प्रमाणपत्रबाट थाहा पाउन सकिन्छ । त्यस्तै गरी कलेज पढ्दा पनि हरेक वर्ष हुने प्रतियोगितामा जितेर सम्मानपत्र पाएका छन् । साहित्य र समाज सेवामा ठूलो योगदान दिने चाहना हुँदा हुँदै पनि कलिलै उमेरमा विवाह भएको र पारिवारिक बन्धनले गर्दा त्यति धेरै समय साहित्यमा लाग्न नसकेको गुनासो गरेका छन् । उनले साहित्यका विविध विधामा कलम चलाए पनि उनको सीमित विधाका कृतिहरू मात्र प्रकाशित छन् । फूटकर रूपमा पनि विभिन्न पत्र-पत्रिकामा चालिसेका रचनाहरू छरिएर रहेका छन् तर सङ्कलन गरी कृतिका रूपमा भने प्रकाशित गरेका छैनन् ।

## २.१३. निष्कर्ष

ठाकुर चालिसेको जन्म पिता केदारनाथ चालिसे र माता देवकुमारी चालिसेको कोखबाट २००८ पौष ६ गते काठमाडौँ जिल्लाको बौद्ध सुँबी गाउँमा भएको हो । चालिसेको बाल्यकाल बोद्ध सुँबी गाउँमै गाईबस्तु हेर्दै र डण्डीबियो खेल्दै बितेको देखिन्छ । २०२७ देखि नै जागिरमा प्रवेश गरेका चालिसले एम्.ए. सम्मको अध्ययन गरेका छन् । मध्यम वर्गीय परिवारमा हुर्केका चालिसेको विवाह २०२७ मा शान्ता सिग्देलसँग भएको हो । २०३४ मा **लङ्गडी** उपन्यास प्रकाशित गराएर चालिसे साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । यिनले सामाजिक, शैक्षिक, प्रशासनिक तथा साहित्यिक क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । उनका हालसम्म दुईवटा उपन्यास र फूटकर रूपमा छरिएर रहेका छ सातवटा कथा, संस्मरण र केही हास्यव्यङ्ग्य मात्र रहेका छन् । उनी मूलतः साहित्यकार,

समाजसेवी र शिक्षासेवीका रूपमा परिचित छन् । चालिसे साहित्य क्षेत्रमा उपन्यासकार, कथाकार, निबन्धकार र संस्मरणकारका रूपमा सुपरिचित छन् ।

तेस्रो परिच्छेद

# ठाकुर चालिसेको व्यक्तित्व

## ३.१. व्यक्तित्व निर्माणका विभिन्न पाटाहरू

जीवनमा विभिन्न आरोह अवरोह, पीर, वेदना, हर्ष, खुशी तथा क्रिया-प्रतिकृयाबाट मानिसको व्यक्तित्व निर्मित भएको हुन्छ । मानिसको व्यक्तित्व निर्माणका पछाडि पारिवारिक सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक तथा वातावरणीय प्रभावले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । मानवीय घटना परिघटनाले नै मानिसको प्रवृत्ति निर्माण गरेको हुन्छ । यस बाहेक शिक्षा, रुचि, पेसा, सङ्गत र जीवनप्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेख्य भूमिका खेलेको हुन्छ ।

ठाकुर चालिसेको पनि उपर्युक्त प्रक्रियाबाट व्यक्तित्व निर्माण भएको देखिन्छ । चालिसेले नेपाली भाषा-साहित्य, शिक्षा, समाज र राष्ट्र हितका लागि अथक परिश्रम गरेका छन् । चालिसेले नेपाल र भारतका विभिन्न क्षेत्रको भ्रमण गरी अनुभव बटुलेका छन् । उनले साहित्यकारहरू ध्रुवचन्द्र गौतम, तारानाथ शर्मा, पारिजात, भैरव अर्याल, मोदनाथ प्रश्रित, वी.पी कोइराला, लक्ष्मीप्रसाद देवकोटा, सम जस्ता व्यक्तित्वका संसर्गबाट प्रेरणा र प्रभाव ग्रहण गरेका हुन् । यिनै प्रेरणा र प्रभावबाट निर्मित चालिसेका व्यक्तित्वको विविध पक्षलाई तलका उपशीर्षकमा प्रस्तुत गरिएको छ । (चालिसेबाट प्राप्त जानकारी अनुसार)

## ३.२. शारीरिक व्यक्तित्त्व

ठाकुर चालिसे करीब पाँच फुट चार इन्च उचाई भएका शान्त प्रकृतिका व्यक्तित्व देखिन्छन् । अग्लो काध डम्म परेको गहु गोह्रो उज्यालो बलेको अनुहार, चौडा निधार, चुच्चो लाम्चो नाक, रसिला आँखा, राता-राता गाला गरी पूर्णतः

आर्य पण्डित झैं लाग्ने चालिसेको बाह्य शारीरिक व्यक्तित्व सरल, शान्त र आर्कषक छ । अति मिलनसार र मन्द मुस्कान सहित बोल्ने चालिसेको स्वभाव आडम्बरहीन छ । केही कडा र मिजासिलो बोलीमा गफ गर्नु चालिसेको प्रवृत्ति नै हो । उनी बूढापाकासम्मका तथा आफ्ना सहपाठीका बीच अत्यन्त रमाइला रोचक व्यक्तित्वका रूपमा परिचित छन् । आफूलाई लागेका कुरा स्पष्टसँग बोलिदिने उनको बानी छ । कुरा गर्दा गर्दै बीच-बीचमा हाँसो; ठट्टा गर्ने उनको व्यवहारगत विशेषता हो । शान्त स्वभाव, स्वच्छ विचार, भेदभाव रहित व्यक्तित्व, जसका पनि राम्रा नराम्रा पक्ष प्रष्ट भनिहाल्ने, साहित्य तथा कलाकृतिको मूल्याङ्कन गर्दा उपर्युक्त मनस्थितिले एवम् विद्वतापूर्ण तरिकाले अनुभूत गर्ने, कुशल अनुभूतिलाई एक अर्काबाट तिनीहरूको महत्त्वपूर्ण विशेषताको हिसाबले छुट्टयाउन सक्ने इमानदार व्यक्ति हुन् । मध्यम वर्गीय ब्रह्मण परिवारमा जन्मिएका चालिसे कहिल्यै जनै लगाउँदैनन् । उनको दृष्टि परम्परागत रुढी भन्दा बेग्लै आधुनिक तथा वैज्ञानिक नै रहेको देखिन्छ । उनी भन्छन् : “म मूर्ति पूजा वा देवताको पूजा कहिल्यै गर्दिन । बौद्ध सुबी गाउँमा बसेर पनि मेलै पशुपतिको दर्शन सायद कम नै गरेको छु ।”

उनी राष्ट्रलाई माया गर्ने, अन्धविश्वासी परम्परालाई नमान्ने र सबैमा समानताको भावना राख्न चाहने व्यक्ति हुन् । उनी भन्दछन् : भजन चाहिँ गर्दिन तर पूजाचाहीँ गर्छु । आफ्नै किसिमले एउटा सानो शालीग्रामको ढुङ्गाको सट्टा संसारकै भक्ति गर्छु । कर्म नै म पूजा ठान्छु भन्ने महामन्त्र जप्ने गर्छु त्यसैले घरको काम, समाजको काम नै मेरो पूजा हो त्यही गर्छु भन्ने भाव व्यक्त गरका छन् ।

यसरी आन्तरिक रूपमा हेर्दा चालिसेको ईश्वरप्रति श्रद्धाभाव त्यति देखिदैन तापनि बाह्य रूपमा उनी अति मिलनसार शिष्ट र कुशल गृहस्थीका रूपमा देखा पर्छन् ।

धर्म कर्म गर्ने पूजापाठ गर्ने मान्छेप्रति उनको कुनै असम्मान भने छैन् (चालिसेबाट प्राप्त जानकारी अनुसार) ।

## ३.३. साहित्यिक व्यक्तित्व

ठाकुर चालिसेले विशेष गरी तारानाथ शर्मा र ध्रुवचन्द्र गौतमसँगको भेटघाटबाट नै साहित्य लेख्ने प्रेरणा पाएका हुन् । यिनले उपन्यास लेखनबाटै साहित्यिक यात्रा आरम्भ गरेका हुन् । यिनको साहित्यिक व्यक्तित्व भने एक विधा विशेषमा केन्द्रित नरही साहित्यका विभिन्न विधामा फैलिएको देखिन्छ (चालिसेबाट प्राप्त जानकारी अनुसार) । चालिसेको यिनै विविध साहित्यिक व्यक्तित्वलाई तलका उपशीर्षकमा चर्चा गरिएको छ :

### ३.३.१. उपन्यासकार व्यक्तित्व

स्रष्टा व्यक्तित्वमा उपन्यासकार व्यक्तित्व पनि चालिसेको प्रमुख व्यक्तित्व हो । उनको पहिलो प्रकाशित उपन्यास **लङ्गडी** (२०३४) नै हो । नेपाली उपन्यास साहित्यबाट उदाएका ठाकुर चालिसेको अर्को उपन्यास **मेरो मित्र** (२०४६) हो ।

चालिसेले यी उपन्यासहरूमा सामाजिक जनजीवनका सकारात्मक तथा नकारात्मक दुवै पक्षको यथार्थ ढङ्गले चित्रण गर्दै नेपाली समाजका विविध पक्षको विकृति विसङ्गति कुसंस्कार असमानताका अप्ठ्याराहरूलाई विषयवस्तु बनाइएको छ भने नारी समस्या र जटिलतालाई प्रस्फूटित गराएका छन् । उनी केबल समस्या देखाउँदैनन् बरु समस्या उत्पन्न हुनुमा रहेको सामाजिक, आर्थिक, मनोबैज्ञानिक जस्ता कारणहरूको प्रस्तुति तार्कित ढङ्गले गर्दछन् । उनको **लङ्गडी** उपन्यासमा एउटी लङ्गडीका मनमा उठेका आन्तरिक मनस्थितिको चित्रण गरिएको छ भने **मेरो मित्र** उपन्यासमा समाजको एक विचारकले आफ्नो चिनारी नपाएर रक्सीको सहारामा पलायन हुँदै जीवन भूल्ने प्रवृत्तिको एक झल्को प्रस्तुत

गरेको छ । उनका दुईवटा मात्र उपन्यास भए पनि गुणस्तरका दृष्टिले उच्च कोटिका रहेका छन् । हामी उनलाई कुशल उपन्यासकारका रूपमा चिन्न सक्छौँ ।

### ३.३.२. कथाकार व्यक्तित्व

ठाकुर चालिसेको साहित्य लेखनको आरम्भ उपन्यासबाट भएपनि कथाकार व्यक्तित्वको रूपमा पनि त्यत्तिकै चर्चित छन् । उनको पहिलो कथा "सम्पन्नताभित्रको एउटा यथार्थ" २०३५ मा नौलो किरण पत्र-पत्रिकामा प्रकाशित भएको थियो । उनका कथाहरू लेख निबन्ध प्रायः सबै पत्रिकामा छरपष्टिएर रहेका छन् । कथासङ्ग्रहका रूपमा भने आएको छैन् । उनका कथाहरू खास गरी शहर केन्द्रित भएर लेखिएका छन् । खासगरी शहरमा हुने अन्याय अत्याचार शोषण र सामाजिक दुरावस्था तथा सामाजिक विसङ्गति, विकृति, रोग, भोग, अशिक्षा, बलात्कार, विवशता र कठोरतालाई यथार्थ रूपमा उतार्ने प्रयास गरेका छन् । उनले समाजका उपेक्षित र पीडित वर्गप्रति मानिसहरूको विश्लेषण गरी सम्वेदनशीलता मानवीय पक्षहरूको विश्लेषण गरी सिङ्गो नेपाली समाजमा देखिएका गतिहीनतालाई अलोचनात्मक ढङ्गले औंल्याएका छन् । सम्पूर्ण सामाजिक र राष्ट्रिय परिवेश भित्रका विकृति र खराबीहरूलाई उदाङ्गो पार्ने उद्देश्यले नै उनले आफ्ना कथाहरूमा कसिलो व्यङ्ग्यद्वारा आफ्नो लेखनीमा रहेको शक्ति र सामर्थ्यको राम्रो परिचय दिएका छन् । उनको इमानदारीपूर्वक आफू वरिपरि सामाजिक परिवेश भित्रका कुकर्महरूको पर्दाफास गरिदिएका छन् ।

उनको फुटकर रूपमा निस्किएका अरु कथाहरू पनि छन् । 'मुटु भित्रको घाऊ' २०३७ तन्नेरी पत्रिकामा प्रकाशित छ । 'आकांक्ष' शीर्षकको कथा उपहार ( त्रैमासिक) २०३७, 'मास्टरसाहेब' 'नौलो कोसेली' २०४१, 'हजुर बा' शीर्षकको अर्को कथा उत्साह पत्रिका, २०४२, 'सृष्टि' शीर्षकको कथा नौलो कोसेली पत्रिका

२०४६ र 'यो मेरो अठोट हो' शीर्षकको कथा उत्साह पत्रिका २०४५ मा प्रकाशित भएका छन् ।

यसरी नेपाली कथाको समकालीन धारालाई लक्षणात्मक व्यञ्जनात्मक वाणी दिने चालिसेका समस्त कथा सार विवेच्य छन् । उनी मनोवादी, यथार्थवादी र बस्तुवादी कथाकार हुनाले परम्परागत उत्कृष्टताको विचलन र चरित्रको ह्रासोन्मुख स्थितिलाई चित्राङ्कन गरेर मानवीय हृदयको विविध अतिरञ्जकता आफ्ना कथामा व्यक्त गरेका छन् । सामान्य विषय भित्र विशिष्ट चरित्र  र तिनका मानसिक अवस्थितिलाई उधिनेर उद्धाटित गर्नु उनको कथाको विशेष उपलब्धि हो । यसरी हेर्दा उनी प्रगतिशील कथाकार हुन भन्न सकिने आधारहरु पाइन्छन् ।

## ३.३.३. लेख निबन्धकार व्यक्तित्व

ठाकुर चालिसे २०४० मा आगमन पत्रिकामा "थप्पड" शीर्षकको निबन्ध लिएर नेपाली निबन्धका फाँटमा देखा परेका हुन् । उनले फाट्टफूट्ट रूपमा निबन्ध लेखे पनि कृतिका रूपमा उनको निबन्ध सङ्ग्रह भने देखिएको छैन । कथा उपन्यास लेखनको तुलनामा निबन्ध विधा त्यति सशक्त देखिँदैन । यसरी चालिसेका फाट्टफुट्ट रूपमा प्रकाशित निबन्धहरू हेर्दा आत्मपरक तथा वस्तुपरक दुवै शैलीमा रहेका छन् । विभिन्न पत्रपत्रिकामा फाट्टफुट्ट रूपमा निबन्धहरू प्रकाशित भए पनि सङ्कलित रूपमा अहिले नरहेको कुरा प्रष्ट्याएका छन् । साहित्य र संस्कृतिलाई लिएर लेखिएका यी निबन्धहरू सरल  छोटा र सुबोध्य भाषामा लेखिएका छन् ।

## ३.३.४. अनुवादक व्यक्तित्व

ठाकुर चालिसेलाई चिनाउने अर्को पाटो अनुवादक व्यक्तित्व पनि हो । हरेका विषयमा गहिरो अध्ययन गर्ने सानैदेखि रुचिको विषय भएकोले पूर्वीय

दर्शनको राम्रो ज्ञान रहेको देखिन्छ । उनले (१) **अष्ठावक्र गीता** (२) **महोपनिषद्** (३) **कैवल्य उपनिषद्** (४) **श्रीमद् भागवत एकादश स्कन्ध** (संस्कृतबाट नेपालीमा) अनुवाद गरेका छन् । उनी २०५२ देखि अध्यात्म क्षेत्रमा प्रवेश गरेको देखिन्छ । हाल विविध चिन्तकहरू ओशो., जे.कृष्णमुर्ति जस्ताको पुस्तक तथा वैदिक साहित्य पढ्ने र अनुवाद कार्यमा लाग्दै वुढ्यौलीतिरका दिनहरू बिताइरहेका छन् । उनले ब्राह्मणको छोरो भए पनि पूजा पाठ गर्दा मात्रै जनै लगाउने नत्र अरुबेला कहिल्यै नलगाउँने तर वैद्धिक साहित्य जीवनका लागि धेरै महत्त्वपूर्ण वा आवश्यक रहेछ भन्ने कुरा बुझेका छन् । उनले वैद्दिक साम्यवादको गहिरो अध्ययन प्रत्येक मानवले गर्नु पर्ने सन्देश दिएका छन् ।

## ३.३.५. संस्मरणकार व्यक्तित्व

आफूले विभिन्न अवस्था र समयमा अनुभव गरेका घटनाहरूलाई संस्मरण गरी लेखेको चालिसेको संस्मरणात्मक निबन्ध पनि फुटकर रूपमा विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएको जानकारी दिएका छन् तर हाल भेटिएको "सुखद अनुभूतिभित्रको अन्तरपीडा" शीर्षक रहेको उपहार पत्रिकामा वर्ष १३ पूर्णाङ्क ३६ २०४८ मा प्रकाशित भएको एक मात्र संस्मरनात्मक निबन्ध भेटिएको छ । चालिसेले अरु पनि संस्मरणात्मक निबन्ध लेखेको तर हाल प्राप्त नरहेको जानकारी दिएका छन् ।

## ३.३.६. हास्यव्यङ्ग्यकार व्यक्तित्व

चालिसेको व्यक्तित्वका विभिन्न पाटाहरू मध्ये हास्यव्यङ्ग्यकार व्यक्तित्व पनि महत्वपूर्ण रहेको छ । उनको श्रीनगर पत्रिकामा वर्ष ७ पूर्णाङ्क २१, २०३५ सालमा प्रकाशित "अमरावतीमा महाकवि देवकोटासँगको अर्न्तवार्ता" शीर्षकको हास्यव्यङ्ग्य प्रकाशित छ । यो उत्साह भैरव अर्यालसँगको सरसङ्गत र

भेटघाटबाट मिलेको हो । त्यसबाहेक अरु लेखिए पनि अप्राप्य रहेको कुरा बताएका छन् ।

### ३.३.७. सम्पादक तथा पत्रकार व्यक्तित्व

ठाकुर चालिसेले साहित्यिक लेखनका अतिरिक्त सम्पादनको कार्य पनि गरेका छन् । उनले चावहिलबाट प्रकाशित हुने उत्साह पत्रिकाको सम्पादन तथा प्रकाशन गरेका छन् । त्यति खेर यो पत्रिकाले ठूलो तहल्का मच्चाएको पाइन्छ । रमेश विकल जस्ता वरिष्ट साहित्यकारहरू मिलेर यो पत्रिका निकालेको देखिन्छ । वरिष्ट साहित्यकारहरूलाई बोलाएर स्वच्छ साहित्यिक प्रतिस्पर्धा गराउने साहित्यिक अनुरागीहरूलाई मान सम्मान गर्ने र नव आगन्तुक साहित्यकारहरूलाई साहित्य लेखनप्रति प्ररेणा र सुझाब दिने गरेको देखिन्छ । त्यस्तै गरी उनी पृष्ठभूमि  पत्रिकामा स्तम्भ लेखन कार्यका पनि संलग्न रहेका छन् । उनले गोरखापत्र, मधुपर्क, श्रीनगर, नौलो कोसेली जस्ता पत्रपत्रिकामा विभिन्न लेख रचना लेखिरहने गरेका छन् ।

## ३.४. साहित्येतर व्यक्तित्व

चालिसेले जीवनमा अनेकै क्षेत्रसँग सम्बद्ध र क्रियाशील भएर कार्य गरेका छन् । उनले लेखन क्षेत्र बाहेक अन्य व्यक्तित्व, रुचि, पेसा र विभिन्न क्षेत्रहरूमा सहभागिता, आफ्नो प्रतिभाका कारण निर्माण भएको देखिन्छ ।

### ३.४.१. प्रशासनिक व्यक्तित्व

ठाकुर चालिसेले राष्ट्र र राष्ट्रियताका लागि महत्त्वपूर्ण योगदान दिने क्रममा प्रशासनिक क्षेत्रमा पनि संलग्न भई काम गरेका छन् । उनी २०२६ सालदेखि जागिरमा प्रवेश गरेको देखिन्छ । २०२६ सालमा कुमारीचोक स्थिति ज्ञानेश्वर सिंहदरवारमा मुखिया पदमा रहेर सेवा गरेका छन् । त्यस्तै गरी

महालेखापालमा दुई वर्ष खरिदारको रूपमा बसेर काम गरेका छन् भने २०३३ सालमा राष्ट्रिय बाणिज्य बैङ्कमा अधिकृत स्तरको पदमा बसेर काम गरेका छन् । यसरी ठाकुर चालिसेले देशको हरेक प्रशासनिक निकायमा रही देश र जनताको लागि महत्त्वपूर्ण योगदान दिएको देखिन्छ । उनी काममा सत्यता, अन्यायका घोर विरोधी, देखेका कुरा प्रष्ट भन्न सक्ने व्यक्ति भएकाले उनको सत्यताले असत्यको अगाडि टिक्न सकेन यो देशमा भएको कर्मचारी तन्त्र घुसखोरी भ्रष्टचार प्रवृत्ति देखेर पेन्सन पाक्न नौं-दश वर्ष बाँकी हुँदाहुँदै जागिरबाट राजिनामा दिएर बाहिरिएको जानकारी दिएका छन् ।

## ३.४.२. समाजसेवी व्यक्तित्व

ठाकुर चालिसेले नेपाली भाषा साहित्य र शिक्षा क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । चासिले विद्यार्थी जीवनदेखि नै समाजसेवी व्यक्तित्वका रूपमा चिनिन्छन् । उनले बौद्ध आरुवारीमा बन्धु मण्डल खोली बन्धु मण्डलको सक्रिय सदस्य बनेर धेरै वर्ष काम गरेका छन् । त्यस्तै बौद्धमै सिमटार रामहिटी, महाङ्गलमा पुस्तकाय खोल्नमा ठूलो परिश्रम गरेका छन् । बन्धु मण्डलसँगै "अरुणोदय माध्यामिक विद्यालय" खोल्नमा संलग्न भई त्यसमा संचालक समितिका सदस्य बनी दश वर्ष नि:शुल्क रूपमा शिक्षण गरेर आफ्नो समाजसेवी व्यक्तित्वको परिचय दिएका छन् । त्यसै विद्यालयमा हुने हाजिरी जवाफ, निबन्ध, कथा, कविता जस्ता विद्याको जिम्मा लिएर धेरै वर्ष काम गरेका छन् । चावहिलबाट प्रकाशित हुने उत्साह पत्रिकाको सकिय सदस्य बनेर अहिलेसम्म पनि साहित्यकारका रचनालाई समाज सामु पुऱ्याउने काम गरिहेका छन् साथै नव-आगन्तुक प्रतिभाहरूलाई पनि भित्र्याउने काममा सक्रिय बनेका छन् । यसरी विभिन्न सङ्घ-संस्थामा आबद्ध भएर निरन्तर रूपमा समाज हित र शिक्षाको विकासमा चालिसेले आफ्नो जीवन समर्पण गरेका छन् ।

### ३.४.३. राजनीतिक व्यक्तित्त्व

ठाकुर चालिसे विद्यार्थी जीवनदेखि नै सक्रिय रूपमा राजनीतिमा लागेका देखिन्छन् । चालिसेले  नेपाली, हिन्दी र अंग्रेजीका क्रान्तिकारी लेखहरू पढी प्रेरित बनेर जीवनको केही समय राजनीतिक सेवामा लगाए । जागिर जोगाउन उनले छद्म नाम 'परशुराम' राखेर क्रान्तिकारी लेखहरू लेखेका थिए । जनमत सङ्ग्रहताका समीक्षा पत्रिकामा "प्रायश्चित गर" शीर्षकको कविता लेख्दा दण्ड भोग्नु परेको जानकारी दिएका छन् । बहुदललाई जिताउन धेरै ठाउँमा धेरै व्यक्तिहरूसँग मिलेर सक्रियताका साथ संलग्न भएका थिए । २०४६ सालको जन-आन्दोलनमा थापाथली शाखाको मेनेजर पदमा बसेर पञ्चायतको घोर विरोध गरेका थिए । तथापि चालिसेको राजनीतिक जीवन शून्य नै रहेको बुझिन्छ । २०४६ को जन-आन्दोलन सफल भयो तर परिवर्तन केही नदेखेपछि निरास बन्दै गए । क्रमशः साहित्यिक जमघट राजनीतिमा त्यतिकै मात्रामा सक्रियता देखाए पनि जागिरबाट समेत स्वाभिमान पूर्वक जिउन अत्यन्तै गाह्रो भएको अनुभव गरे । पद प्रतिष्ठा हुदाँ-हुदै पनि जागिर घाँडो भएको महशुस भएपछि पेन्सन पाक्न नौ-दश वर्ष बाँकी हुदाँहुदै राजिनामा दिएको कुरा स्वयम् चालिसेले बताएका छन् ।

उनको जीवन राजनीतिमा २०-२२ वर्ष रह्यो । यसबाट केही तीता मीठा अनुभव बटुलिए पनि उनी आफूले आफैंप्रति अनि समाज र राष्ट्रप्रति वेइमानी गरेको अनुभव उनले  गरेको पाइन्छ । जुन जोगी आएपनि कानै चिरेको भन्ने उखान जस्तै जनुसुकै सरकार व्यवस्था आए पनि देशमा कुनै आमूल परिवर्तन भने आएन झन्झन् देश अधोगति तिर धकेलिँदै गएको देखेर उनी अत्यन्तै चिन्तित हुन थालेको पाइन्छ । त्यसैले उनले राजनीतिक जीवनमा लाग्नु भन्दा कुनै उत्पादनमूलक कार्यमा संलग्न गराउन सकेको भए अवश्य केही हुने थियो होला भन्ने महसुस गरे । उनी जहाँको त्यहीँ जस्ताको त्यस्तै रहे यसबाट न त उनलाई न परिवारलाई न समाज र राष्ट्रलाई नै केही फाइदा भयो एउटा मानव

शक्ति त्यसै खेर गयो भन्ने महसुस गरी राजनीतिबाट पनि उनले सन्यास लिएको पाइन्छ (चालिसेबाट प्राप्त जानकारी अनुसार )।

## ३.४.४. शिक्षक व्यक्तित्व

शिक्षा क्षेत्रमा पनि चालिसेले महत्त्वपूर्ण योगदान दिएका छन्। उनले रमेश विकलसँग मिलेर बौद्धस्थित अरुणोदय माध्यामिक विद्यालय स्थापना र संचालनका लागि अत्यन्तै सक्रियताका साथ लागेको जानकारी दिएका छन्। स्कुलमा उनले दश वर्षसम्म निःशुल्क रूपमा शिक्षण कार्य गरेको छन्। त्यस्तै गरी फूलबारी माध्यामिक विद्यालयमा दुई वर्ष विहानको कक्षा पढाउने गरेका थिए साथै ती विद्यालयमा हुने हरेक प्रतियोगिता गराउने जिम्मा पनि लिएका थिए। यसरी चालिसेको शिक्षण पेसा १०-१२ वर्षसम्म संलग्न रहेको जानकारी दिएका छन्। शैक्षिक वातावरणलाई पनि बहुदलले निली सकेको अनुभव बटुलेर विद्यालयबाट पनि वि.सं.२०५२ देखि छोडी अध्यात्म क्षेत्रतिर प्रवेश गरेका हुन्।

## ३.४.५ बहुभाषिक व्यक्तित्व

ठाकुर चालिसे आफ्नो मातृभाषा नेपालीमा साहित्यिक रचना गर्नेका साथै बोलिचाली र भाषिक व्यवहार गर्न पोख्त छन्। सानैदेखि अध्ययन गर्न रुचाउँने व्यक्ति भएकाले नेपाली लगायत हिन्दी, अंग्रेजी संस्कृतको पनि राम्रो ज्ञान रहेको जनाकारी दिएका छन्। पञ्चायतकालमा बहुदल ल्याउनको लागि रहेको भाषाका विशेष त हिन्दी र अङ्ग्रेजी भाषाका क्रान्तिकारी लेखहरू पत्रपत्रिकाहरू र पुस्तकहरू पढ्ने त्यसै अनुरूपका लेख रचनाहरू आफूपनि लेख्ने गर्दा गर्दै यी भाषाहरूको सामान्य ज्ञान रहेको पाइन्छ। आफ्ना हजुर बा दरबारिया पण्डित भएकाले बच्चा बेलामा संस्कृत पढ्न लेख्न लगाउँदा लगाउँदै संस्कृत भाषाको पनि सामान्य ज्ञान भएको कुरा बताएका छन्। हिन्दी र संस्कृत भाषाको ज्ञान

भएकाले उनलाई बहु-भाषिक व्यक्तित्व रूपमा पनि चिन्न सकिन्छ (चालिसेबाट प्राप्त जानकारी अनुसार) ।

## ३.५. जीवनदर्शन

बाल्यकालदेखि आमा बाबुको माया ममतामा हुर्किएका ठाकुर चालिसेले पूर्वीय तथा पाश्चात्य दर्शनको अध्ययन गरी निकै ज्ञान हासिल गरेका छन् । मानवतावादी धर्ममा उनको विश्वास छ । राष्ट्रियतालाई माया गर्ने अन्धविश्वासी परम्परालाई नमान्ने चालिसेको जीवन जगत् सम्बन्धि आफ्नै किसिमको धारणा राख्दछन् । सबैसँग समानताको भावना राख्ने, 'बसुधैव कुटुम्बकम्' नाता सबैसँग जोड्न चाहने व्यक्ति हुन् । उनी आफू बाँच र अरुलाई पनि बाँच्न देऊ, सक्छौ भने सबैको हित गर, कसैमाथि कुभलो नचिताऊ, ईश्वर माथि भक्ति भाव राख यदि तिमीमा सन्तोष लाग्छ भने एउटा ईश्वर भक्तले जसरी एउटा आत्मबल पाउँछ त्यो म मेरा साथीभाई र आफन्तबाट पाउँछु भन्ने उनको मान्यता रहेको छ ।

यसरी आफ्नो जीवनमा कहिल्यै ईश्वरको भक्ति भाव नगरेको तर मानवताको पूजा गर्नु नै आफ्नो सर्वोपरि धर्म हो" भन्ने कुरा व्यक्त गर्न चाहने चालिसे व्यक्ति हुन् । उनी धर्ममा मानवतावादी, नाता मानवता र विज्ञान सम्मत तथ्यलाई सत्य मान्दछन् । उनी देखावटी धर्मका रूप धर्मका नाममा विश्वमा हिंसात्मक कार्य भएको छ, त्यो अरु कुनै कुरामा पनि भएको छैन भन्दै देखाउनका लागि मूर्ति पूजा र कर्म काण्ड गर्नेहरूको उनी घोर विरोध गर्छन् ।

## ३.६. जीवन व्यक्तित्व र साहित्यिक लेखन बीच अन्तःसम्बन्ध

ठाकुर चालिसेको छ दशक लामो जीवन यात्रालाई केलाउँदा यिनले बाल्यकालदेखि नै आर्थिक अभावको पीडा भोग्नु परेको देखिँदैन । जीवनलाई सहज

ढङ्ले अगाडि बढाउन जीविकोपाजर्नका लागि विभिन्न सरकारी निकाय तथा सामाजिक सङ्घ-संस्थामा रहेर पनि काम गरेको पाइन्छ । यिनै जीवनका अनुभवहरूसँगै उनको साहित्यक व्यक्तित्वको निर्माण भएको छ ।

चालिसेले आफू बसेको धर्तिमा जुन असङ्गत विसङगत पक्षलाई देखे अथवा मानवीय जीवन संधै जुन मूल्यगत द्वन्द्व अस्तित्वको सङ्कट बाँच्नको विवशता र समाजको कुरूपतालाई देखे त्यसैलाई नै आफ्नो साहित्य लेखनको विषय वस्तु बनाएका छन् । उनका उपन्यसका पात्रमा यिनै कुराहरूको प्रतिछाँया पाइन्छ । काठमाडौंमै चालिसेको जीवन, समय र सौन्र्दय चेतना निर्माण भएकाले यहाँको अराजनीतिक सामाजिक, आर्थिक, सांस्कृतिक, प्रशासनिक परिदृश्य, अशिक्षा र गरिबीको व्यापक पकड चालिसेले अत्यन्त नजिकबाट बुझेका छन् । किसान, श्रमिक, राजनीतिक र सामन्तहरूबाट संरक्षित र प्रताडित व्यक्तिहरूमात्र होइन पँहुच र मौका नपाएका गरिब र दुःखीहरू पनि उनका रचनामा आएको पाइन्छ ।

यिनका उपन्यास, कथा, लेख रचना यथार्थमा आधारित छन् । साहित्यलाई समाजको दर्पण मान्ने यिनी समाज परिवर्तनको मुख्य हतियार साहित्यलाई नै मान्दछन् । यर्थाथको नजिक अत्यन्त संयमित अनुशासित र मर्यादित ढङ्गबाट आएको परिवर्तन नै दीर्घकालीन हुने कुरामा यिनका रचना विश्वस्त छन् । यिनी कुलत, कुरीति, अन्धविश्वास र अन्धपरम्पराका विरोध संयमित र मर्यादित ढङ्गबाट गर्छन् । यिनका सिर्जनामा पाइने महत्त्वपूर्ण गुणहरू जागरण स्वाभिमान र दायित्ववोध । यसैले यिनी आफ्ना उपन्यास, कथा, लेख मार्फत कुलत र कुसंस्कारको शिकार नहुन समाजलाई चेतनाको पाठ पढाउन र सामाजिक दायित्ववोध गराउन यिनी अत्यन्त सफल साहित्यकारका रूपमा रहेका छन् । चालिसे आफ्ना जीवन सङ्घर्षका क्रममा विभिन्न सङ्घ संस्था र स्वध्ययनबाट

प्राप्त गरेको ज्ञानबाट पनि उनको लेखनमा प्रौढता आएको छ । यसरी उनको जीवनी व्यक्तित्व र साहित्य लेखनका बीच अन्योन्याश्रित सम्बन्ध रहेको पाइन्छ ।

## ३.७. निष्कर्ष

ठाकुर चालिसेको वैयक्तिक जीवन सामान्य रूपमा व्यतीत भइरहेको छ भने उनको व्यक्तित्व बहुआयामिक रहेको छ । विभिन्न क्षेत्रमा अध्ययन अनुभवबाट हासिल गरेको ज्ञान सिर्जनशील प्रतिभा र तीक्ष्ण बुद्धिले उनको वैयक्तिक जीवनमा महत्त्वपूर्ण सहयोग पुऱ्याएको पाइन्छ । सानैदेखि अध्ययनमा रुचि साहित्यप्रतिको गहिरो अध्ययनले आज यथार्थमा परिणत भई पाठक तथा स्रोताहरूका  माझमा चर्चा पाएको छ ।

चालिसे विभिन्न व्यक्तिहरू मध्ये बाह्य व्यक्तित्व अर्न्तगत् पाँच फिट पाँच इन्च उचाई गहुँगोरो वर्ण हृष्टपुष्ट शरीर; अग्लो कद, चौडा निधार, लाम्चो नाक, रसिला आँखा गरी आर्य पण्डित झैँ लाग्ने बनोट पाइन्छ भने आन्तरिक व्यक्तित्व अन्तर्गत विवेकशील, चिन्तनशील सहयोगी, परिश्रमी तथा स्वाभिमानी व्यक्तित्व पाइन्छ । उनलाई राष्ट्रलाई माया गर्ने आत्मविश्वासी परम्परालाई नमान्ने, सबैमा समानताको भाव राख्ने स्पष्ट वक्ता अतिमिलनसार व्यक्तित्वका रूपमा चिन्न सक्छौ । अत्यन्तै परिश्रमी, लगनशील र गहन विचारले चालिसेको व्यक्तित्व उच्च बिन्दुमा पुऱ्याएको छ । यिनले कार्य क्षेत्रमा अँगालेका शिक्षक, प्रशासनिक सामाजिक, राजनैतिक जस्ता व्यक्तित्वले नेपाल र नेपालीको उन्नति तथा हितका लागि निकै महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यिनको साहित्येत्तर व्यक्तित्व अन्तर्गत सम्पादक व्यक्तित्व अनुवादक व्यक्तित्व समाजसेवी व्यक्तित्व आदि रहेका छन् ।

चौथो परिच्छेद

# ठाकुर चालिसेका साहित्यिक कृतिहरूको अध्ययन

## ४.१ परिचय

ठाकुर चालिसे नपाली साहित्यका विभिन्न विधामा कलम चलाउदै आएका एक बहुमुखि साहित्य साधक हुन् । सानैदेखि कथा, कविता, निबन्ध, उपन्यास, लेखनमा रुचि राख्ने चालिसेको २०३६ मा **लङ्गडी** शीर्षकको उपन्यास नै पहिलो मौलिक रचना हो । यसबाहेक नेपाली उपन्यासका क्षेत्रमा महत्त्वपूर्ण स्थान राख्ने उनको अर्को उपन्यास **मेरा मित्र** (२०४६) मा प्रकाशित भएको छ ।

यिनका रचनाहरू औपन्यासिक यर्थाथमा आधारित भएर लेखिएका छन् । जीवनवोध सम्बन्धी वास्तविकतालाई चित्रण गरेर वियोगान्त कथानक दिने सर्न्दभमा होस कारुणिकताको उच्चता प्रदान गर्नका लागि साथै प्राकृतिक बिम्बको उपस्थापनमा घटनासँगको सामञ्जस्यलाई प्रस्तुत गर्ने परिप्रेक्ष्यमा यो प्रभावकारी बनेको छ । जीवनका लक्ष्यमा आफ्नो जागिरे पेसा र साहित्यलाई समान रूपमा अगाडि बढाउन प्रयासरत देखिएका चालिसेले लेखन क्षेत्रमा प्रारम्भमा भने उपन्यास विधामा सक्रिय रहे तापनि पछिल्लो लेखनलाई भने कथा विद्यामा बढी जोड दिएका छन् । यी लेखनलाई समसामयिक वातावरण तारानाथ शर्मा र ध्रुवचन्द्र गौतमबाट मिलेको देखिन्छ । त्यस्तैगरी २०३५-३६ सालदेखि नै मधुपर्क, नौलोकोसेली, श्रीनगर, आगमन, उत्साह जस्ता पत्रपत्रिकामा फूटकर रूपमा कथा, निबन्ध लेख रचनाहरू लेख्ने पढन गर्न थाले भने पृष्ठभूमि पत्रिकामा स्तम्भ लेखनमा सक्रिय हुन थालेको बुझिन्छ । सिर्जना यात्राको शुरुदेखि नै साहित्यिक पत्रिकाको सम्पादन र प्रकाशनमा रुचि लिएर उत्साह पत्रिकासँग पनि संलग्न हुन पुगे । यसैबाट पनि नव नव प्रतिभाहरूलाई

सिर्जनात्मक गतिविधिमा संलग्न गराउने कार्यमा पनि महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

चालिसेका यी उपन्यास साथै कथाकृति हरूमा प्रचलित परम्परा र केही नयाँ मूल्य दुबै प्रवृत्तिहरू देख्न पाइन्छ । उनका उपन्यासहरूमा सामाजिक यथार्थताको चित्रण आलोचनात्मक यर्थाथ, मनोविश्लेषण र प्रयोगवाद, नारीवाद, विसङ्गतिवाद जस्ता मूल प्रवृत्तिहरू देखिन्छ । नेपाली साहित्यमा पछिल्ला अढाइ दशकदेखि हुर्कदै आएको दुर्बोध्य प्रयोगवादी साहित्य लेखनका विरुद्ध सहज सरल र बोधगम्य साहित्यको सिर्जना गरेर पाठक र स्रष्ठाका बीचमा पढदै गएको दुरीलाई हटाइ निकटता कायम गर्ने काम आफ्नै किसिमको मौलिक पहिचान चालिसेले दिएका छन् । उनको **लङ्गडी** उपन्यासमा विशेषत एउटी लङ्गडीका मनमा उठेका विसङ्गतिपूर्ण जीवनका घटनाहरूलाई देखाइएको छ । मानिसको जीवनवृतान्त सङ्घर्ष मानवताको उपेक्षा तथा जीवनको अस्तित्वप्रति सचेतता जस्ता कुराको व्यङ्ग्यात्मक प्रस्तुति यसमा पाइन्छ । मानवता, यथार्थता, मनोवैज्ञानिकता एवम् अतियथार्थवादी प्रवृत्तिका दृष्टिले उनको भिन्नै स्थान सुरक्षित रहेको छ । उनको दोस्रो **मेरो मित्र** (२०४६) उपन्यास पञ्चायती व्यवस्थामा हुने गरेका र भएका विसङ्गति र विकृतिलाई देखाइएको छ । समाजको एक विचारकले आफ्नो चिनारी नपाएर रक्सीको सहारामा पलायन हुँदै जीवन भुल्ने प्रवृत्तिको एक झल्को प्रस्तुत गरेको छ ।

त्यस्तै गरी सर्वप्रथम नौलो किरण पत्रिकामा प्रकाशित "सम्पन्नताभित्रको एउटा यथार्थ" शीर्षकको कथा लिएर ठाकुर चालिसे नेपाली कथा साहित्यमा देखा परेका हुन् । वि.सं. २०३५ देखि कथा लेखनमा सक्रिय रहँदै आएका चालिसेका कथाहरू विभिन्न पत्र-पत्रिकाहरूमा छरिएर रहेका छन् भने कथा सङ्ग्रहका रूपमा भने आएको छैन् । उनका अन्य कथाहरू **मुटुभित्रको घाऊ**, **आकांक्षा**, **अन्धकार बस्तिको प्रज्वलित दियो**, **माष्टर साहेव**, **हजुर बा**, **सृष्टि** र **यो मेरो अठोट** आदि रहेको छन् । उनका कथाहरू सामाजिक यथार्थबाटै र मनोवैज्ञानिक आधारमा

कथा लेख्नु चालिसेको विशेषता हो । खासगरी उनका कथाहरूमा शहरमा हुने अन्याय, अत्याचार, शोषण, दमन तथा सामाजिक विसङ्गति, विकृति, रोग,भोग, अशिक्षा, बलात्कार, विवशता र कठोरतालाई यथार्थ रूपमा उठाउने प्रयास गरेका छन् । साथ-साथै वर्तमान युगको यथार्थ गतिविधि सामु उभ्याउने प्रयास गरेको देखिन्छ ।

सम्पूर्ण सामाजिक र राष्ट्रिय परिवेशभित्रका विकृति र खरावीहरूलाई उदाङ्गो पार्ने उद्देश्यले उनका आफ्ना कथाहरू कसिलो व्यङग्यद्वारा आफ्नो लेखकीय शक्ति र सामर्थ्यको राम्रो परिचय दिएका छन् । यिनै उपन्यास र कथाकृतिका आधारमा ठाकुर चालिसेका साहित्यिक प्रवृत्ति र योगदानको निरुपण यहाँ गरिएको छ ।

## ४.२. नेपाली साहित्यमा ठाकुर चालिसेको आगमन

ठाकुर चालिसेको जन्म काठमाडौँ जिल्ला बौद्ध सुबी गाउँमा भएकाले शिक्षाको न्यानो घामबाट टाढा रहनु परेन । सानैदेखि तीक्ष्ण बुद्धि, पढाइमा लगनशीलता र साहित्यप्रतिको झुकाव भएकै कारण उच्च शिक्षा पढ्ने क्रममा त्रि.चन्द्र कलेजमा पढ्दा वरिष्ठ साहित्यकार ध्रुवचन्द्र गौतम, तारानाथ शर्मा जस्ता विद्वानसँग पढ्न पाए । उनीहरूकै सर-सङ्गत र प्रेरणाबाट २०३४ मा **लङ्गडी** शीर्षकको उपन्यासबाट उनको साहित्य यात्रा थालेका हुन् । त्यसपछि उनले जीवन व्यस्तताका कारण सक्रिय रूपमा रहेर साहित्यको सेवा गर्न भने सकेनन् । उनका २०३४/३५ सालदेखि नै हालसम्म अटुट रूपमा साहित्यिक लेख रचनाहरू प्रकाशित भइरहेका छन् ।

चालिसे २०३४ देखि नै आजसम्मको पुग नपुग तीन दसक लामो साहित्यिक यात्राका क्रममा उपन्यास, कथा, निबन्ध जस्ता विधामा कलम चलाउँदै आएका छन् । विभिन्न पत्र-पत्रिकाको सम्पादकीय लेखनका माध्यमबाट पनि उनले

लेखकीय क्रियाशीलता देखाउँदै आएका छन् । हालसम्म उनका २०३६ सालमा प्रकाशित **लङ्गडी** र २०४६ सालमा **मेरो मित्र** शीर्षकाका दुई उपन्यास, फूटकर रूपमा छरिएर रहेका करिब ७-८ वटा कथा रहेका  छन् । यस बाहेक उनका केही निबन्ध, हास्यव्यङ्ग्य  र संस्मरण आदि रचनाहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका छन् ।

चालिसे नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । २०३४ देखि साहित्य यात्रा प्रारम्भ गरेर हालसम्म पनि सिर्जनामा सक्रिय रहँदै आएका छन् । उनको साहित्य यात्राको चरण २०३४ सालमा प्रकाशित **लङ्गडी** शीर्षकको उपन्यासलाई सिर्जना यात्राको प्रारम्भ बिन्दु ठानी २०३४ सालदेखि २०६८ सालसम्मको तीन दसक लामो अवधिमा उनका प्रकाशित कृतिहरू र फूटकर लेख रचनाहरूलाई यसरी विभाजन गरेर हेर्न सकिन्छ :

## ४.३. ठाकुर चालिसेको साहित्यिक यात्रा एवम् चरण विभाजन

ठाकुर चालिसे (२००८) नेपाली साहित्य विभिन्न विधामा कलम चलाउँदै आएका बहुमुखी साहित्य साधक हुन् । सानैदेखि कथा, कविता, उपन्यास, निबन्ध लेखनमा रुचि राख्ने चालिसे २०३४ मा **लङ्गडी** शीर्षकको उपन्यास लिएर साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । यो नै उनको पहिलो मौलिक उपन्यास हो । त्यसपछि उनको अर्को उपन्यास **मेरो मित्र** (२०४६) प्रकाशित भयो । जीवन सङ्घर्षका क्रममा आफ्नो जागिरे पेसा  र साहित्यलाई समान रूपमा अगाडि बढाउन प्रयासरत चालिसेले कथा, उपन्यास, निबन्ध, हास्यव्यङ्ग्य एवम् संस्मरण आदिमा कलम चलाउँदै आएको  देखिन्छ । चालिसेको साहित्यिक यात्रालाई सुरुमा हेर्दा विशेषत: समाजमा घटेका यथार्थ घटनाहरूलाई टिप्दै कथाका विषयवस्तु बनाएका छन् । समाजमा बढ्दै गएको विकृति, खराबीहरूको रहस्य उद्घाटन, नारी समस्या, मानिसहरूको स्वार्थपूर्ण व्यवहार, गरिब वर्गहरूको दुर्नियति, सामन्ती

संस्कारको पर्दाफास गरेको देखिन्छ । त्यसपछि चालिसे राजनैतिक परिवेशले निम्त्याएको विकृति, विसङ्गति र संस्कारका अदूरदर्शी क्रियाकलापहरू प्रति रोष व्यक्त गरेको पाइन्छ । राष्ट्रप्रेम, प्रकृतिप्रेम, जीवनदर्शन, समसामयिक विषयवस्तु समेटेका छन् । अन्त्यतिर गएर चालिसे यी सबै पक्षबाट टाढा रहेर आध्यात्मिक अध्ययनमा लागिपरेको देखिन्छ । त्यसैले चालिसेको समग्र साहित्यिक यात्रालाई तीन चरण विभाजन गरेर हेर्नु उपयुक्त देखिन्छ । उनको साहित्य यात्रालाई दशकका आधारमा विभाजन यसरी गरेर हेर्न सकिन्छ :

(१) प्रथमचरण ( २०३४-२०४४)

(२) द्वितीय चरण (२०४५-२०५५)

(३) तृतीय चरण (२०५६-यता सम्म)

## (१) प्रथम चरण (वि.सं. २०३४-२०४४)

ठाकुर चालिसे नेपाली साहित्यमा **लङ्गडी** (२०३४) शीर्षकको उपन्यास लिएर यस चरणमा देखा परेका हुन । यो उनको मौलिक उपन्यास हो । यस चरणमा चालिसेले थुप्रै कथा, निबन्ध आदि लेखेर आफ्नो लेखकीय शक्ति र सामर्थ्यको पहिचान दिएका छन् । उनले यस चरणमा **सम्पन्नता भित्रको एउटा यथार्थ** (२०३५), **मुटुभित्रको घाउ** (२०३७), **आकाङ्क्षा** (२०३७), **माष्टरसाहेव** ( २०४१) र **हजुर बा** (२०४२) जस्ता उत्कृष्ट कथा लेखेका छन् भने **अन्धकार बस्तिको प्रज्वलित दियो** (२०३९) र **थप्पड** शीर्षकको निबन्ध पनि लिएर देखा परेका छन् ।

चालिसेको यस चरणका उपन्यास तथा कथाकृतिहरू प्रायः हाम्रै समाजमा घटेका यथार्थ घटनाहरूलाई टिप्दै आफ्ना विषयवस्तु बनाएका छन् । उनको साहित्यले समाजमा बढ्दो विकृति र खराबीहरूको रहस्य उद्घाटित गरेका छन् । नारी वर्गको दु:खपूर्ण स्थितिको चित्रणका साथै मानिसहरुको स्वार्थपूर्ण व्यवहारको

चित्रण गरेको पाइन्छ । आडम्बरयुक्त समाज, गरिब वर्गहरूको दुर्नियतिको प्रस्तुति , सामन्ती सस्कारको पर्दाफास उनले गरेका छन् । राजनैतिक विकृतिप्रति असन्तुष्ट र असामान्य मनस्थिति भएका पात्रहरूको यौनजन्य संवदेना र अनुभूतिलाई व्यक्त गरेका छन् । सामान्य विषयभित्र विशिष्ट चरित्र र तिनका मानसिक अवस्थितिलाई उधिनेर उधृत गर्नु उनका कथाको उपलब्धि हो । शाब्दिक जटिलताभन्दा तिनको सरल संयोजन, शिल्प, सरचना र सन्देशको अनुकरणीय मूल्यवत्ताले गर्दा यस चरणमा उनलाई आधुनिक साहित्यकारको श्रेय दिन सक्ने स्थिति देखा पर्छ ।

## (२) **द्वितीय चरण (वि.सं. २०४५-२०५५)**

चालिसे यस चरणमा **मेरो मित्र** (२०४६ ) उपन्यास लिएर देखा परेका छन् । त्यस्तै गरी **सृष्टि** (२०४६), **यो मेरो अठोठ हो** (२०५४) शीर्षकका कथाका साथै **सुखद् अनुभूतिको अन्तरपीडा** (२०४८) शीर्षकको संस्मरण आदि लिएर यस चरणमा देखा परेका छन् ।

उनले यस चरणमा विशेषतः राष्ट्र र राष्ट्रियताप्रतिको बोध एवम् प्रजातन्त्रको आगमनसँगै देखापरेका विभिन्न विकृति र विसङ्गति, तत्कालीन सत्तासीन सरकारका अदूरदर्शी अनभिज्ञतापूर्ण हास्यास्पद क्रियाकलापहरूप्रति कडा व्यङ्ग्य र रोष व्यक्त गरेका छन् । राष्ट्र प्रेम, प्रकृति प्रेम, जीवन दर्शन, समसामयिक विषयवस्तुलाई समेटिएका छन् । साथै कुरीति, विकृति, शोषण, दमन हिंसा, हत्या बढ्दै गएको अवस्थाप्रति व्यङ्ग्यात्मक प्रस्तुति पाइन्छ । वर्गद्वन्द्व तथा सामाजिक व्यङ्ग्यात्मक प्रस्तुति पाइन्छ । वर्गद्वन्द्व तथा सामाजिक शोषणको चित्रणद्वारा सर्वाहारा वर्गको पक्षपोषण गर्दै जाति, लिङ्ग, वर्ण धर्म आदि भेदभाव विरुद्व रही आदर्श समाजको सिर्जनागत तल्लीनता देखिन्छ । शोषकवर्गको आडम्बर, भोगवादी प्रवत्ति, स्वार्थी एवम् मानवताहीन षड्यन्त्रको विरोध जनाएका

छन् । पञ्चायती व्यवस्था देखि प्रजातन्त्र प्राप्ति पश्चात् विभिन्न शासन प्रणाली आएपछि प्रजातान्त्रिक अधिनायकत्वले देश ख्वाप्पै खाइसके पनि हाम्रो बुद्धि विवेकमा तगारो लगाइदिएको प्रसङ्गलाई पनि चित्रण गरेका छन् । यसरी उनको यस चरणका उपन्या**सले** प्रगतिशील धारालाई अबलम्वन गरेको पाइन्छ । अत्यन्तै सरल, सहज बोधगम्य भाषाको प्रयोगद्वारा आफ्नो लेखकीय शक्तिले यस चरणलाई सिङ्गार्ने काम गरेका छन् । संख्यात्मक रूपमा ज्यादै थोरै कृतिहरू रहे पनि गुणात्मक दृष्टिले उनका रचना उत्कृष्ट नै रहेका छन् । यो चरण साहित्य रचनाको हिसाबले मध्यम स्तरकै रहेको पाइन्छ ।

### (३) तृतीय चरण (वि.सं. २०५६ देखि हालसम्म)

ठाकुर चालिसे यस चरणमा आइ पुग्दा साहित्य सिर्जनामा शुन्य प्रायः देखिन्छन् । यसै चरणदेखि साहित्य सृजनालाई पर पन्छाउँदै आध्यात्मिक साहित्यको गहिरो अध्ययनमा लागि परेका छन् । प्रशासनिक निकायमा देखिएको विकृति विसङ्गति साथै देशको राज्य व्यवस्थादेखि वाक्क भएर पेन्सन पाक्न नौ दश वर्ष बाँकी हुदै राष्ट्रिय वाणिज्य बैंकबाट २०५० मा अधिकृत स्तरको जागिरबाट अवकास लिएर स्वतन्त्र रूपमा आफ्नै घरमा बसेर आध्यात्मिक साहित्यको अध्ययनमा व्यस्त छन् । उनले यस चरणमा (१) **अष्टावक्र गीता** (२) **महोपनिषद्** (३) **कैबल्य उपनिषद्** (४) **श्रीमद् भागवत एकादश स्कन्ध**लाई संस्कृतबाट नेपालीमा अनुवाद गरेका छन् ।

मानवीय संवदेना लुप्त भएको आजको यस्तो घुमिल विषाक्त वातावरणमा नैतिकता बेचेर स्वार्थको बाक्लो बस्ती बढेको यस समाजमा इमान्दार र नैतिकताको कुनै कदर हुँदैन् । योग्य र इमान्दार र सक्षम व्यक्तिहरू पहुँच शक्ति सम्पन्नहरूका अगाडि घुडा टेकेर बस्नु पर्ने अवस्था सिर्जना भएको छ । देशको

यस्तो अस्तव्यस्त बिग्रँदो परिस्थिति देखेर वाक्क भई यी सबै पक्षबाट टाढा रहनु नै मैले उत्तम् ठाने । अहिले स्वतन्त्र भएर घरमै बसी आध्यात्मिक साहित्यको अध्ययनले मलाई सन्तुष्टि प्राप्त भएको छ ” यसरी यस चरणमा आइपुग्दा चालिसे साहित्य सिर्जनाबाट टाढा रहेका छन् ।

## ४.४ ठाकुर चालिसेका कृतिको विवरण

### (क) ठाकुर चालिसेको उपन्यासको विवरण

| क.सं. | **उपन्यास** | प्रकाशक र मिति |
|---|---|---|
| १. | लङ्गडी | रूपायन प्रकाशन, २०३४ |
| २. | मेरो मित्र | सृष्टि प्रकाशन, २०४६ |

### (ख) ठाकुर चालिसेका कथाहरूको विवरण

| क.सं. | शीर्षक | प्रकाशन स्रोत | पृष्ठ |
|---|---|---|---|
| १) | सम्पन्नता भित्रको एउटा यथार्थ | नौलो किरण, वर्ष १, अङ्क २, २०३५ | १४-१७ |
| २) | मुटुभित्रको घाउ | तन्नेरी, वर्ष २ अङ्क २ २०३७, वैशाख जेष्ठ | २०-२४ |
| ३) | आकांक्षा उपहार | त्रैमासिक, माघ, फागुन, चैत, वर्ष १, अङ्क १, २०३७ | ३०-३१ |
| ४) | माष्टर साहेब | नौलौ कोसेली, अङ्क ३, २०४१ | २-८ |
| ५) | हजुर बा | उत्साह वर्ष ७, पूर्णाङ्क २५, २०४२ | ४४-४८ |
| ६) | सृष्टि नौलो कोसेली | समसामयिक संकलन ९ | ९-१० |
| ७) | यो मेरो अठोट हो | उत्साह, पूर्णाङ्क ५२ वर्ष ७, २०५४ वर्ष १९ | ५-८ |

## (ग) ठाकुर चालिसेका लेख निबन्धहरूको विवरण

| क.सं. | शीर्षक | प्रकाशन स्रोत र मिति | पृष्ठ |
|---|---|---|---|
| १) | अन्धकार बस्तिको प्रज्वलित दियो, | साँग्रिला, वर्ष १, अङ्क ४, माघ, फागुन, चैत, २०३९ | ५७ |
| २) | थप्पड | आगमन, वर्ष १, २०४० संकलन १, | ४७ |

## (घ) ठाकुर चालिसेका हास्यव्यङ्ग्यहरूको विवरण

| क.सं. | शीर्षक | प्रकाशन स्रोत | पृष्ठ |
|---|---|---|---|
| (१) | अमरावतीमा महाकवि देवकोटासँगको अन्तर्वार्ता | श्रीनगर, वर्ष ७, पूर्णाङ्क २१, २०३५ | २५-२७ |
| (२) | नोट, भोट अनि संसद | विचार प्रवाह, वर्ष १, अङ्क १, २०४८ | ११-१३ |

## (ङ) ठाकुर चालिसेका संस्मरणको विवरण

| क.सं. | शीर्षक | प्रकाशन स्रोत | पृष्ठ |
|---|---|---|---|
| (१) | सुखद अनुभूतिभित्रको अन्तरपीडा | उपहार, वर्ष १३, पूर्णाङ्क ३६ २०४८ | ५८-५९ |

## (च) ठाकुर चालिसेका साहित्यतेर लेखहरूको विवरण

| क्रम .सं | शीर्षक | वर्ष | अङ्क | पत्रिका | मिति | |
|---|---|---|---|---|---|---|
| १. | यो कस्तो प्रजातन्त्र | ९ | ७ | मूल्याङ्कन साप्ताहिक | २०४७ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | एकमना सरकार र संसदीय चुनाव | ८ | ४१ | पृष्ठ भूमि साप्ताहिक | २०४७ | |
| ३. | विर्वाचन सहयोद्धा कम्युनिष्टलाई सलाम | ९ | ४ | ,, | २०४८ | |
| ४. | जनमुक्ति अनिवार्यता सच्चा कम्युनिष्ट एकता | ९ | ७ | ,, | ,, | |
| ५. | चरित्रपञ्चको बोली प्रजातन्त्रको | ९ | १९ | ,, | ,, | वैशाख ३० |
| ६. | चैत २४ गणतन्त्र नेपालको जन्म दिन | ९ | ३६ | ,, | २०४९ | वैशाख ११ गते |
| ७. | वागमतीको दुर्गन्धित पानी र जेठा राजनीतिज्ञ | १० | ३८ | ,, | ,, | ,, २५ ,, |
| ८. | **लङ्गडी** आहोस् चुनावी आगोमा सामेल हुन् | १ | ३८ | ,, | ,, | जेष्ठ १ ,, |
| ९. | स्थानीय चुनाव कम्युनिष्टहरूले हारेकै हुन् | ९ | ४३ | ,, | २०४९ | ,, २९ |
| १०. | प्रशासनिक यन्त्रमा काङ्ग्रेसी चक्रव्यूह | ९ | ४४ | ,, | ,, | आषाढ ४ |
| ११ | हँसिया हथौडाभित्र हलोको चमत्कार | ९ | ४५ | ,, | ,, ,, | ,, ११ |
| १२. | फेरि संसदीय भेला सुरु भएको छ | ९ | ४६ | ,, | ,, ,, | ,, १८ |
| १३. | कांग्रेसी आतङ्क दिन प्रतिदिन बढिरहेछ | ९ | ४ | ,, | ,, ,, | ,, २५ |
| १४. | प्रजातन्त्रमा बाँचेका मजदुरहरू | ९ | ४८ | ,, | ,, ,, | श्रावण १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५. | पी. एल्. लाई काठमाडौँ नगरले पर्खिबसेको छ | १० | १ | ,, | ,, ,, | ,, - |
| १६. | संसदीय सिनेमाकी नायिका शैलेजा आचार्य | १० | ३ | ,, | ,, ,, | ,, २२ |
| १७. | विमानबाट मर्ने मानिस हुन् भने बसबाट मर्ने को ? | १० | ५ | ,, | ,, ,, | भाद्र ४.प.३ |
| १८. | संसद गतिहिन गफ गर्ने अखडा रहेछ | १० | ६ | ,, | ,, ,, | ,, ११ |
| १९. | स्वतन्त्रता सङ्ग्राममा योद्धाहरू | १० | ७ | ,, | ,, ,, | ,, १८ |
| २० | पत्र-पत्रिका भित्रका लेखहरू | १० | ९ | ,, | ,, ,, | अशोज १ |
| २१. | कम्युनिष्टहरूले क्रान्तिको नेतृत्व गर्नु पर्‍यो | १० | १२ | ,, | ,, ,, | ,, २९ |
| २२. | सर्वमान्यको प्रजातन्त्र जोगाउने चिन्ता | १० | १३ | ,, | ,, ,, | कार्तिक ६ |
| २३. | हाम्रा प्रधानमन्त्री लुते होइनन् रे | १० | १४ | ,, | ,, ,, | ,, २० |
| २४. | प्रशासनिक परिवर्तन झुसिलो डकारमै सीमित नरहोस् | १० | १५ | ,, | ,, | २७ |
| २५. | मध्यावधि चुनाव बल्छी मात्र हो | १० | १६ | ,, | ,, | मंसिर ४ |
| २६. | रूख र हँसिया | ८ | .- | ,, | ,, | फागुन २९ |
| २७. | कस्को लागि लेख्ने र किन लेख्ने | ११ | ५ | ,, | २०५० | भाद्र . ३ |
| २८. | उपचुनाव हात्ती आयो हात्ती | ११ | २८ | ,, | ,, | ,, ३१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आयो फुस्सा | | | | | |
| २९. | आगामी माघमा हुने संसदीय चुनाव | | | | | |
| ३०. | उपचुनाव बहिस्कारकिन नगर्ने ? | ११ | २२ | पृष्ठ भूमि पत्रिका | २०५० | पौष ८ |
| ३१. | स्व.भैरव अर्याल हिजो र आज | ११ | १८ | ,, | ,, | मार्ग १० |
| ३२. | बहिस्कारको सशक्त हाँक आउनै पर्छ | ३ | ६ | नयाँ हाँक साप्ताहिक | २०५० | माघ १८ |

## ४.५. ठाकुर चालिसेका औपन्यासिक कृतिको अध्ययन

ठाकुर चालिसेको तीन दसक लामो समय अवधिमा दुई वटा उपन्यासहरू मात्र प्रकाशित भएका छन् । ती २०३४ मा प्रकाशित **लङ्गडी** र २०४६ मा प्रकाशित **मेरो मित्र** उपन्यास हुन् ।

चालिसेका यी उपन्यासहरूमा प्रचलित परम्परा र केही नयाँ मूल्य दुवै मूल्य देख्न सकिन्छ । उनका उपन्यासहरूमा सामाजिक यर्थाथ आलोचनात्मक यर्थाथ, मनोविश्लेषण र प्रयोग मूल प्रवृत्तिहरू देखिन्छन् । नेपाली साहित्यमा पछिल्ला अढाइ दशकदेखि हुर्कर्दै आएको दुर्वोध्य प्रयोगवादी साहित्य लेखनका विरुद्धमा सहज, सरल र बोधगम्य साहित्यको सिर्जना गरेर पाठक र स्रष्टाका बीचमा बढ्दै गएको दुरीलाई हटाई निकटता कायम गर्ने कामबाट आफ्नै किसिमको मौलिक पहिचान चालिसेले दिएका छन् । उनले उपन्यासमा हाम्रै समाजमा घटेका यर्थाथ घटनाहरूलाई टिप्दै आर्दश समाजको परिकल्पना गरेका छन् । मानवीय मूल्यहीनताको जीवन्त यथार्थ र अपाङ्गहरूमाथि हेर्ने कुदृष्टि स्वार्थी मानिसहरूको अकर्मण्यता, शैक्षिक बेरोजगार जनउत्तरदायित्वहीन तथा

स्वेच्छाचारी निकाय र नोकर शाही प्रवृत्ति आदि पक्षको चित्रण गर्नमा उनी सफल मानिन्छन् । चालिसेले परम्परागत रूपमा चल्दै आएको नेपाली औपन्यासिक मान्यतालाई भत्काई आफ्नै नवीन शील्प र संरचनाको निर्माण गर्दै आर्थिक अभावले निम्त्याएको मानवीय मूल्यहीनता, अर्धविक्षिप्त मनस्थिति र पारिवारिक विघटनलाई पनि प्रस्तुत गरेको पाइन्छ । यी विशेषतायुक्त उनका उपन्यासको विवेचना यहाँ बेग्ला-बेग्लै उपशीर्षकमा गरिएको छ ।

'उप' र 'नि' उपसर्ग लागेको ॅअस' धातुमा ॅघञ' प्रत्यय लागेर उपन्यास शब्द बन्दछ । यसको व्यूत्पत्तिमूलक अर्थ चाहिँ कुनै पनि वस्तुलाई कसैको नजिक राख्नु हो (थापा, २०५०: १२५) । बहुविध संरचनात्मक एकाइद्वारा हरेक परम्परामा श्रृङखलाबद्व भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिभरिको समय र स्थानभित्र विस्तारित भएको कला सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ (शर्मा श्रेष्ठ, २०४९: ९७) । संस्कृत साहित्यमा उपन्यास प्रसन्न गर्ने तथा कुनै अर्थ प्रस्तुत गर्ने भनी उपन्यासको व्याख्या गरिएको छ (प्रधान, २००५: ७) ।

उपन्यास विधालाई पाश्चात्य साहित्यको देन मानिन्छ । कथा तथा उपन्यास दुबैलाई पाश्चात्य समीक्षा शास्त्रमा 'फिक्सन' भनिन्थ्यो भने पूर्वीय जगत्मा आख्यान भनिन्छ । पछि गएर पाश्चात्य जगत्मा 'फिक्सन' शब्दले उपन्यासको स्थान ओगटन पुग्यो (शर्मा, श्रेष्ठ २०४९: ९७) । उपन्यास जीवन र जगतप्रति नै एक विहङ्गम दृष्टि हो । जसलाई बुझ्ने, केलाउने र चित्रण गर्ने प्रयत्न भने चालिसेले पहिलो प्रकाशित उपन्यास **लङ्गडी**मा मनोविश्लेषणात्मक रूपमा एउटी लङ्गडीको मनमा सफल रूपमा केलाएका छन् । यिनका उपन्यासले नेपाली साहित्यको उपन्यासक्षेत्रमा महत्त्वपूर्ण ठाउँ ओगट्न सकेका छन् ।

## ४.५.१ 'लङ्गडी' उपन्यासको विश्लेषण

ठाकुर चालिसेको पहिलो प्रकाशित उपन्यास **लङ्गडी**को रचना २०३४ मा भएको हो । प्रकाशक शिव प्रकाश चालिसे र मुद्रक रूपायन प्रेसद्वारा प्रकाशित गरिएको यो उपन्यास जम्मा नौ परिच्छेदमा विभाजन गरिएको छ । यसमा एउटी लङ्गडी(तारा)को विसङ्गत जीवनलाई घटनाक्रमद्वारा प्रस्तुत गरिएको छ ।

लङ्गडी समाजकी एउटी नारी पात्र हो । उसभित्र उकुसमुकस, भावना, तिर्सना, विवशता र छटपटी एकातिर छन् भने उसप्रति समाजका अविवेकपूर्ण धारणा र असमझदारीको पनि कमी छैन् । उसमा पनि यौवन छ, रूप छ तृष्णा छ तर ऊ लङ्गडी छ । यस्तो अवस्थामा उसका हृदयमा कति विचार तर्कना उठ्छन् , डुब्छन् उसको मनस्थितिलाई कसैले कोट्टयाएर  हेर्ने कोशिस गर्दैनन् तर पी.के क्याम्पसमा पढ्ने क्रममा उनको भेटघाट गुरुसँग हुन्छ । उनीहरू दुबै बीच प्रेम सम्बन्ध बढदै जान्छ र अन्त्यमा विवाह बन्धनमा बाँधिने क्रममा शर्मा गुरुले "म नपुंसक हुँ, तिमी आमा बन्न कहिल्यै पनि सक्तैनौ" भन्ने वाक्य सुनेपछि अन्त्यमा मृत्युको ढोकामा पुग्छे यसरी उसभित्रका विवशता र बाध्यता नै प्रस्तुत उपन्यासको वर्ण्य विषय बनेर आएको छ ।

### ४.५.१.१ कथावस्तु / कथानक

कथानक उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा व्यवस्थित गरिएका हुन्छन् । यसलाई कार्यकारणको तारतम्यपूर्ण सूत्रबद्ध रूप अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ । जसको जम्माजम्मीमा उपन्यासको आकृति खडा हुन्छ । कथानकमा आदि, मध्य र अन्त्यको कार्यकारण श्रृङ्खला मिलेको हुन्छ । उपन्यासमा जहाँबाट कथावस्तुको उठान हुन्छ; त्यो आदि हो, जहाँ कथावस्तुको विस्तार हुन्छ त्यो मध्य र जहाँ कथावस्तु टुङ्गिन्छ त्यो अन्त्य हो (४ प्रधान, २०५२:७) ।

ठाकुर चालिसेको लङ्गडी उपन्यासमा मूल कथानकका रूपमा **लङ्गडी** ( तारा) र शर्मा गुरु रहेका छन् भने ताराकी सहपाठी राधा, फिल्म हेर्न जादाँ भेट भएको केटोको कथा सहायक कथाका रूपमा आएका छन् । त्यस्तैगरी ताराका बुवा, आमा, फूपू दिदी, छरछिमेकी, कलेजका साथी मानवेतर प्राणी कुकुर आदिको पनि चित्रण गरिएको छ ।

यस उपन्यासको आदि भागमा आठ वर्षकै उमेरमा गाडीको ठक्करबाट दुवै खुट्टा गुमाउन पुगेकी लङ्गडीको मनभित्र गुम्सिएका कुण्ठा, उसप्रति समाजले हेर्ने कुदृष्टि र असमझदारीको चित्रण गरिएको छ । समाजका लागि ऊ घृणा र हाँसो दिन मात्रै बाँचेकी  छैन । ऊ पनि त एउटा केटी हो । उसमा पनि यौवन छ, रूप छ, तृष्णा छ तर ऊ **लङ्गडी** छ । त्यस अवस्थामा उसका हृदयमा कति विचार तर्कना उठ्छन् उसका मनस्थितिलाई कसैले कोट्याएर हेर्ने ? उसको पीर, व्यथा र पीडालाई बुझेर तदनुरूपको व्यवहार कसले गरिदिने ? उसले 'मेलै बाँच्नलाई बाँचिदिएकी छु भनेर किन नाऊँ लिऊ, म प्रकृतिकी  श्राप आँसु हाँसो, मेरो संसार अन्धकार हो' (पृष्ठ-७) भनी जीवनप्रति नै नैराश्यता देखाएकी छे । यस्तो अवस्था हुदाँ-हुँदै पनि उसमा पढ्ने चाहना हुन्छ र पढ्न जान्छे । उसले एस्.एल्.सी  द्वितीय श्रेणीमा पास गर्छे । आइ. ए. पढ्न भनी पी. के क्याम्पस जान्छे । ऊ सोच्छे बस चढ्दा, बाटो हिड्दा, भिडमा जाँदा क्याम्समा सबैको हास्य पात्र बन्छे ऊ आफ्नो जीवनका बारेमा अनेक तर्कना गर्दै आफैसँग बेचैनी दर्शाएकी छे । उसकी सहपाटी राधाले बिहेको कार्ड दिएर आएपछि उसले त्यो कार्डसँग आफ्नो जीन्दगीको विमति राख्छे । ऊ राधाको जीवन र आफ्नो जीवनमा धेरै फरकपन पाउँछे । ऊ मनमनै  कल्पना गर्छे, 'म पनि लङ्गडी नभएकी भए कसैकी पत्नी बन्थे हुँला, कसैकी आमा बन्न सक्थे हुँला तर आखिर लङ्गडी, विगतमा जिस्क्याउँने केटाहरूको सम्झना गरेकी छ, ऊ आफैँ झस्किन्छे कहिले आतिन्छे, फेरि बिउँझिएर हेर्दा आफूलाई उहि लङ्गडीकै स्वरूपमा पाउँछे ।

यस उपन्यासको मध्य भागमा गएर पी.के क्याम्पस पढाउने लेक्चर शर्मा गुरुसँग ताराको भेट भएको छ । तारालाई उसले पढाउँने शैली अत्यन्तै मन परेको, कक्षामा पढाउँदा आनन्दको अनुभूति जागेको प्रसङ्ग आएको छ । एकदिन पी.के. क्याम्पस आउने क्रममा तारा र शर्मा गुरुसँग भेट भएको शर्मा गुरुले मुसुक्क हाँस्तै ताराको बारेमा सबै कुरा सोधेको, बसको भाडा गुरुले तिरेको, गुरुले तारामाथि स्नेहपूर्वक हेरेको, रत्नपार्कबाट बस आउन ढिला भएको प्रसङ्गले पनि उनीहरू दुबै बिच प्रेमको बिजारोपण भएको छ । शर्मा गुरुसँगको भेटवार्ताले ताराका जीवनमा नयाँ पालुवाहरू पलाउन थालेका छन् । राती-राती शर्मा गुरुकै मीठा-मीठा कल्पनामा बिताउँन थालेकी छ । एकदिन ताराका बुबासँग शर्मा गुरु घरमै आएको त्यो साँझ त्यहीँ खाना खाएकोले पनि गुरुसँगको सम्बन्ध राम्रो भएको देखिन्छ । एकदिन शनिबार पारेर तारा गुरुको कोठामा गएको, उसले तारा माथि प्रेम प्रस्ताव राखेको र ताराले सोच विचार गरी उक्त प्रस्ताव स्वीकारेको प्रसङ्ग यस उपन्यासको मध्य भागमा आएको देखिन्छ ।

अन्त्य भागमा गएर तारा र गुरुबिच विवाह गर्ने निर्णयमा पुग्दछन् । गुरुले ताराका बाबुसँग छोरीसँग विवाह गर्ने इच्छा देखाए पछि अत्यन्तै खुशी हुँदै यी दुईको जोडी बाँधिदिन पाए जीवनमा सुखको अनुभूतिको आभास पाउँने थिए भनी सोच्दछन् । तारा पनि अहिले दुनियाँका अगाडि संसारका हरेका प्राणीमाथि ठाडो शिर लिएर एउटा पतीत भएर होइन, नारी भएर , एउटी भोग्या वेश्या भएर होइन स्वास्नी बनेर , रातो सिन्दुरले सजिएर आफ्नो प्यारो लोग्नेसँग हिड्न पाउने आशमा रमाएकी छे । शर्मा गुरुका केही सदस्य र ताराका घरका केही आफन्तसहित दक्षिणकालीमा विधिविधान पूर्वक सामान्य विवाह गरी गुरुको डेरामा ल्याएको प्रसङ्ग प्रस्तुत गरेको छ । सुहागरात मनाउने क्रममा जब एक-अर्को बिच सामिप्यतामा पुग्छन् तब शर्मा गुरुले ताराको ओठमाथि ओठ राखेर प्रेमको कसिलो बन्धनबाट छुटेपछि “तारा तिमी कहिल्यै आमा बन्न सक्तिनौ, कारण म नपुङ्सक हुँ मैले तिम्रो यौन तृष्णालाई मेटाउन सक्तिन, मबाट पाउने

आनन्द यही हो” (पृष्ठ-७६) भनेपछि तारा मुर्छित भएर अस्पताल पुऱ्याइन्छिन् र उनी अस्पतालको शैयाबाट बिउँभिएको र जीवन अन्धकार- अन्धकार ...आर्यघाट ...लास ...कस्तो अन्धकार निष्पट्ट अँध्यारो...भनी उपन्यासको अन्त्य भएको देखिन्छ (पृष्ठ-७८) ।

यस उपन्यासको कथावस्तु आदि, मध्य र अन्त्यको श्रृङ्खलामा नै बुनिएको छ । यहाँ चावहिल- तिरबाट आएको मोटरबाट ठक्कर खाएर ताराको गोडा भाँचिएर लङ्गडी बन्नु परेको, यस्तो बनेर बस्नु पर्दाको जीवन संसारमै अन्धकार भएको प्रशङ्ग उपन्यासको आदि भाग, पी. के क्याम्पस पढने क्रममा शर्मा गुरुसँग भेट भएको, दुबै बीच प्रेम सम्बन्ध बढेको मध्य भाग तथा अन्तयमा दुबैले एक अर्काबीच मन परापर भएर विवाह गर्ने निर्णयमा पुग्नु सुहागरात मनाउने क्रममा शर्मा गुरुले “तारा तिमी आमा कहिल्यै बन्न सक्तिनौ, कारण म नपुङ्सक हुँ” भनेपछि मुर्छित भएर अस्पतालको शैयामा पुग्नु परेको घटना अन्त्य भागका रूपमा आएको छ । यसरी समग्र रूपमा यस उपन्यासको कथावस्तु लङ्गडी ( तारा) र शर्मा गुरुकै संवादको सेराफेरोमा घुमेको देखिन्छ । लङ्गडी ताराको पीडाजन्य अवस्था समय र परिस्थितिसँग सङ्र्ष गर्दा- गर्दै नियतिको शिकार बन्न पुगेको घटना र विसङ्गतिजन्य परिवेश यस उपन्यासमा रहेको छ ।

## ४.५.१.२. पात्र / चरित्र चित्रण

उपन्यासभित्र कुनै विशेषता बुझाउँन व्यवस्थित रूपले प्रयोग गरिने मानव र मानवत्तेर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । कथानकलाई अगाडि बढाउँदै लैजाने काम चरित्रबाट नै भएको हुन्छ । उपन्यासमा विभिन्न आधारमा पात्रहरूको वर्गीकरण गरिएको  हुन्छ । आख्यानात्मक कृतिमा पात्रहरूले गर्ने कार्य वा महत्त्वका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण गरी तीन प्रकारका हुन्छन् । जीवन चेतनाका आधारमा पात्रहरू वर्गगत र व्यक्तिगत गरी दुई थरि हुन्छन् ।

आसन्नताको आधारमा मञ्चीय पात्र र नेपथ्य पात्र हुन्छन् भने आबद्वताका आधारमा आख्यानात्मक पनि बद्ध र मुक्त गरी दुई प्रकारका पात्र हुन्छन् । स्वभावका आधारमा आख्यानात्मक कृतिका पात्रहरू गतिशील र गतिहीन दुई प्रकारका हुन्छन् । **लङ्गडी** उपन्यास आकारका दृष्टिले सानो भएर पनि चरित्रका दृष्टिले पनि थोरै नै पात्रहरूको प्रयोग गरिएको छ । यहाँ आएका लङ्गडी (तारा) र शर्मा गुरु प्रमुख पात्र, राधा, केटो, ताराका बुवा, आमा, फूपु दिदी शर्मा गुरुको नोकर छरछिमेकी कलेजका साथी र मानवेतर पात्र लुरे कुकुर आदि गौण तथा मञ्चीय पात्र हुन् ।

## (क) लङ्गडी (तारा)

लङ्गडी (तारा) यस उपन्यासकी प्रमुख नायिका हो । ऊ मध्यम वर्गीय परिवारमा जन्मिएकी एक शिक्षित नारी पात्र हो । उसले आठ वर्षकै उमेर बसेको ठक्करबाट गोडा गुमाउन पुगेकी समाजकी एउटी अपाङ्ग पात्र हो । त्यस्तै गरी तारा उपन्यासमा प्रत्यक्ष रूपमा देखा परेकी मञ्चीय मात्र हो । उसकै केन्द्रीयतामा उपन्यास अगाडि बढेकाले ऊ बद्ध पात्र हो । जीवन चेतनाका आधारमा हेर्दा तारा यस उपन्यासकी एक वर्गको प्रतिनिधि पात्र पनि हो । लङ्गडी समाजकी एउटी पात्र हो । उसभित्र पनि रूप छ, यौवन छ, सौन्दर्य छ तर पनि ऊ अपाङ्ग छे । आफू लङ्गडी बनेकोमा ठूलो पश्चाप गर्दै "बरु लङ्गडी बन्नुभन्दा शरीर नै अष्टवक्र जस्तो भइदिएको भए हुन्थ्यो, मेरो दाँत ओठभन्दा माथि उम्रने ? किन मेरो मुखमा छ्याकै छ्याका पर्ने" भनेर जीवनप्रति नै वितृष्णा देखाएकी छ (पृष्ठ-५५)। प्रकृतिले किन यस्तो संसारको सृष्टि गर्छ जुन संसारमा निसहाय व्यक्तिले निस्सासिनु पर्छ, म प्रकृतिकी एक श्रापित परिवारकी आँशु र समाजकी एक हास्य पात्र बन्नुभन्दा त यस अन्धकार संसारमा मेरो के नै अस्तित्व छ र बाँच्नुभन्दा त संसारबाटै विदा हुन पाए हुन्थ्यो भन्ने भाव पोखेकी छ । पी. के क्याम्पस पढ्न जाँदा शर्मा गुरुसँग उसको भेट हुन्छ । शर्मा गुरुले लङ्गडी (

तारा)लाई स्नेहपूर्वक हेरेको र दुवैबिच प्रेम सम्बन्ध स्थापित हुन्छ जसले लङ्गडीका जीवनमा उमङ्गका तरेलीहरू जुरुमुराउँन थाल्छन् । जीवनमा नयाँ वसन्त ऋतुको आमन्त्रण हुन्छ तर अन्त्यमा शर्मा गुरुले सुहागरात मनाउने क्रममा "तिमी आमा बन्न कहिल्यै सक्तिनौ किनकी म नपुङ्सक हुँ" भनेपछि मुर्छित भएर अस्पतालको शैयामा पुग्छे । यसरी हेर्दा तारा यस उपन्यासमा जीवनमा सफलता ल्याएरै छोड्ने आशमा बाँचेकी तर सफलता हात पार्न नसकेकी असफल नारी पात्र हो ।

**(ख) शर्मा गुरु**

शर्मागुरु यस उपन्यासको नायक हो । ऊ कलेजमा पढाउने शिक्षित पुरुष मात्र हो । आफू नपुङ्सक भएको थाहा हुदाँ हुँदै पनि ताराको जीवन बर्बाद गरिदिने प्रतिकूल पात्र हो । शर्मा गुरुले कक्षामा पढाउँदा तारालाई स्नेहपूर्वक दृष्टिले हेर्छ । उसमाथि सहानुभूति प्रकट गर्दछ । कलेज विदा भएर घर फर्कने क्रममा बाटोमा दुवै जनाको भेट हुन्छ । मिनीबस चढेर दुवै जना सँगै जान्छन् । गुरुले तारालाई उनका बारेमा सबै सोधेको, बसका टिकट काटिदिएको, गुरुले उसलाई आफ्नो डेरामा लगेको, गुरुले तारामाथि निगरानी राखेको कुरा प्रष्ट देखिन्छ । एक दिन शनिबार तारा शर्मा गुरुको कोठामा जान्छे तब गुरुले विवाहको प्रस्ताव राख्छ र भन्छ "तारा तिम्रो जीन्दगी जस्तो मेरो जीन्दगी निष्क्रिय छ । शान्ति र आनन्द भन्ने चिज पाउँन गाह्रो छ तर जिन्दगी त सुखमय हुन पनि सक्ला ? तिमीले धेरै सोच र अन्तिम निर्णय गर्नेछौ; त्यो के भने तारा तिमीले मसँग विवाह गर्‍यौ भने तिमी त्यति सुखी हुन सक्तिनौ जति अरु हुन सक्छ । त्यो कटु सत्य हुनेछ " (पृष्ठ-५५) भन्ने जस्ता शङ्कास्पद वाक्यले तारालाई झस्काइदिएको छ । जसले प्रेम-सम्बन्ध सफल हुँदैन भन्ने सङ्केत देखाएको छ । तारासँग विवाह गर्ने गुरुले इच्छा दर्शाएपछि उनका पिता पनि अत्यन्तै खुसी साथ आफ्नो छोरी दिने निर्णयमा पुग्छन् । विधिविधानले दक्षिणकालीमा सामान्य विवाह सम्पन्न भई गुरुले तारालाई आफ्नो डेरामा ल्याउँछन् । सुहागरातमा जब दुवैजना

एक अर्काको अङ्गालोमा बाँधिन्छन् तब गुरुले म नपुङ्कसक हुँ, मबाट योभन्दा बढ्ता यौन सन्तुष्टि प्राप्त गर्न सक्तिनौ भन्ने वाक्यले तारा मुर्छित बनि अस्पतालको शैयामा रहेको र ताराको जीवन समाप्त भएको छ ।

यसरी हेर्दा सायद गुरुले म नपुङ्सक हुँ भनी पहिले नै भनिदिएको भए ताराको जीवन त्यसरी बर्बाद हुने थिएन त्यसैले ताराको जीवनमाथि बज्र प्रहार गर्ने प्रतिकूल चरित्र हो । त्यसै गरी उपन्यासलाई गति प्रदान दिने गतिशील प्रमुख पुरुष हो ।

## (क) राधा

राधा यस उपन्यासकी सहायक पात्र हो । ताराकी सहपाठी घनिष्ट भित्र र सुख दुःखका अनुभूति बाँड्ने एउटी असल साथी हो । फिल्म हेर्न जाने, घुमफिर गर्न जाने गर्छन् । राधा फिल्म हेर्न जाँदा सँगै बस्ने केटासँग विवाह गर्ने कार्ड लिएर ताराको कोठामा गएकी, ताराले उसको विवाहको कार्डसँग आफ्नो जीन्दगी दाँजेर हेरेकी र आफ्नो जीन्दगी उसको भन्दा फरक देखेकी छ । राधाको विवाहले तारालाई झनै जीवनप्रति नैरास्यता थपिदिएको छ । धेरै दिन पश्चात राधा तारालाई घरमा भेट्न गएको, दुवैजना लामो समयको भेटघाट पश्चात भाव विभोर भएर आलिङ्गन गर्छन्, एक अर्काका आँशु रसाउँछन् । राधाले तारालाई सम्झाई बुझाई गरेकी छ । ऊ भन्छे “विवाह पश्चात् म ज्यादै सुखी होउँली । त्यो नसम्झ । सबैका आ-आफ्ना बाध्यताहरू हुन्छन्, विवशताहरू हुन्छन्; के गर्छयौ ? मेरो श्रीमान् जागिरे छन्; सुख दिन्छन् । वेलुका भएपछि टिल्ल परेर आउँछन्, भन त तारा त्यतिखेर मेरो मन कस्तो होला ? मरेको मुर्दा वा तस्वीर समातेर प्रेम गर्नु के फरक ? (पृष्ठ-४८) यस्ता-यस्ता वाक्यले तारालाई भने पछि, ऊ पनि सोच्न पुग्छे स्वास्नी मानिसहरू विवाह पश्चात लोग्नेको छातीमा टाँसिदैमा आनन्द पाउने होइन रहेछ । मैलै मात्र त्यस्तो अवसर नपाएर लोभिएकी हुँला भनेर राधाको जीवन कहानीबाट जीवन बाँच्ने प्रेरणा पाएकी छे । रक्सी

खाएर राती-राती आउँदा गाली गर्दा पनि सहेर बस्ने यस उपन्यासकी सत् पात्र हो । उपन्यासमा प्रत्यक्ष रूपमा देखिएकी मञ्चीय पात्र हो भने उपन्यासलाई गति प्रदान गर्ने गतिशील पात्र पनि हो ।

## (ख) ताराको - बाबु

ताराका बाबु यस उपन्यासको सहायक पुरुष पात्र हुन् । उनी भूमि प्रशासनका नायव सुब्बा हुन् । उनी शिक्षित, स्वाभिमानी पुरुष मात्र हुन् । आफ्नी प्यारी छोरी लङ्गडी भएर बाँच्नु पर्दाको जीवन देखेर अत्यन्तै दुःखी छन् तापनि उनले आफ्नी छोरीलाई पढाउँने , शिक्षित बनाउने ठूलो अठोट लिएका छन् । उनले छोरीलाई सान्त्वना दिँदै भन्छन् "छोरी तिमी कलेज जाऊ, भक्तिनी बनाएर सरस्वती आमाकहाँ भिक्षा माग्ने,पढाउने मेरो कति इच्छा छ, तिम्रो मुहारमात्र हाँसिलो रसिलो देख्न पाए म आफूलाई धन्य सम्झन्छु बुझ्यौ, भनेर सम्झाएका छन् । उनी भन्छन् जीन्दगी सँधैभरि रोएर आफ्नो अस्तित्वलाई जहिले पनि लधुताभासले पीडित बनाउने मानिसले कहिल्लै शान्ति पाउँन सक्तैनौ, दुःख पीडा भनेको कसलाई पर्दैन ? त्यसलाई डटेर सामना गर्नु नै सबैको कर्तव्य हो त्यसैले तिमी चिन्ता गर्न छोड त्याग र बलिदानको भावनाले आफूलाई तयार पार । एकदिन तिम्रो त्याग र बलिदानको अगाडि भगवानले पनि टाउको निहुराउ नै पर्छ । तिमी लङ्गडी हुँदैमा तिम्रो जिन्दगी नाश भएको छैन" (पृष्ठ-२१-२२) भनेर ज्यादै मार्मिक शब्दद्वारा छोरीलाई सम्झाएको प्रसङ्गले बाबुको कर्तव्य, आर्दशता र सन्तानप्रतिको माया प्रगाढ रहेको बुझिन्छ ।

शर्मा गुरु र ताराका बावुको पनि जग्गाको कारोबारमा भेट भएको, ताराका बाबुलाई शर्मा गुरुको स्वभाव सबै मन परेको कुरा पनि यहाँ प्रसङ्ग आएकाले शर्मा गुरु र ताराका बाबु बीचको सम्बन्ध कसिलो बन्न सक्ने अनुभव गर्न

सकिन्छ । तसर्थ शर्मागुरुले उसको छोरी लङ्गडीसँग  विवाह गर्ने इच्छालाई हृदयबाट सहस स्वीकार गरेको छ ।

यसरी हेर्दा ताराका बाबु उपन्यासमा प्रत्यक्ष रूपमा देखापर्ने मञ्चीय पात्र हो । उपन्यासमा उसको भूमिका गौण रूपमा आएको छ साथै सन्तानप्रति प्रगाढ माया गर्ने, उत्तर दायित्व बहन गर्ने शिक्षित, स्वाभिमान आर्दशवान सत् पात्र हो ।

## (ग) ताराकी आमा

ताराकी आमा यस उपन्यासकी सहायक नारी पात्र हो । ऊ उपन्यासको मध्य भागतिर देखा परेको हुँदा ऊ मुक्त पात्र हो । ऊ पनि आफ्नी छोरीको यस्तो अवस्थामा अत्यन्तै दुःखित बनेकी छ तापनि छोरीको पढाइप्रतिको इच्छा देखेर सुखी बनेकी छ । छोरीलाई कलेज पढाउँने, कलेजबाट आउँदा खाजा चिया दिने छोरीका आवश्यक कुराहरूलाई पूरा गर्ने एउटा कुशल गृहिणीको रूपमा भूमिका निर्वाह गरेको देखिन्छ । छोरीलाई लङ्गडी भएर कलेजजाँदा पनि; आउदा पनि गहभरि आँसु पारेकी छ, पूजा पाठ गर्ने, भजनकीर्तन, गर्ने धार्मिक नारी पात्र हो । ऊ उपन्यासमा प्रत्यक्ष रूपमा देखा पर्ने मञ्चीय पात्र हो । उसको यस उपन्यासमा ज्यादै थोरै ठाउँ मात्र भूमिका रहेकोले गौण पात्र हो । छोरीको अवस्थाप्रति सदैव पीडित बनेकी कुशल गृहिणी र आदर्शवान् सत् नारी पात्र हो ।

यसरी उपन्यासमा मुख्य सहायक र गौणगरी थुप्रै पात्रहरूको उपस्थिति देखिन्छ । यी बाहेक उपन्यासमा नेपथ्य र मञ्चीय गरी थुप्रै पात्रहरू आएका छन् । फिल्म हेर्न जाँदा टिकट काँटिदिने केटो (जो राधाको लोग्ने) र लङ्गडी (तारा)माथि हात पात गर्ने कुदृष्टि राख्ने र असत् पुरुष पात्र हो संधै रक्सी खाएर राधाको जीवन बर्बाद गरिदिने गतिहीन पुरुष पात्र हो । त्यस्तै गरी शर्मा गुरुको नोकर पनि यस उपन्यासको मञ्चीय पात्र हो । ऊ गुरुको डेरामा बस्छ, स्कूल पढ्ने गर्छ बिहान वेलुका गुरुको घरमा काम सघाउँने असल नोकरको रूपमा उपन्यासमा

चर्चा गरिएको छ । त्यस्यै गरी ताराकी फूपु दिदी जो विधवा छे, उसको पनि यस उपन्यासमा चित्रण गरिएको छ । उसले  तारालाई जीवन बाँच्ने प्रेरणा दिएकी छ । ऊ पनि यस उपन्यासकी मञ्चीय पात्र हो । त्यस्तै गरी ताराका छरछिमेकी, उसका कलेजका साथी साथै मानवेत्तर प्राणी कुकुरको पनि उपस्थिति यस उपन्यासमा चित्रण गरिएको छ ।

## ४.५.१.३. परिवेश /पर्यावरण

उपन्यासमा पात्रहरूको कार्यकलाप हुने वा घटनाहरू घट्ने स्थान समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । पर्यावरण एउटा परिस्थिति पनि हो जसले पाठकलाई बाँध्ने काम गर्दछ ।

त्यसैले वातावरण कुनै सीमा हो । त्यसले देशको सामाजिक, धार्मिक र राजनीतिक परिस्थितिलाई सम्भ्फाउँछ, आचार, विचार, रीतिथिति, चालचलनलाई बुभ्फाउँछ ।समाजका असल खराब, व्यावहारिक र वैचारिक पक्षलाई इङ्गित गर्छ ।

चालिसेको प्रस्तुत उपन्यासमा मुख्य गरी काठमाडौँको चावहिल, गौशाला, मित्रनगर बागबजार, रत्नपार्क, बानेश्वर, पी.के क्याम्पस, फिल्महल, पशुपति मन्दिर, दक्षिणकाली मन्दिर आदि ठाउँहरूको परिवेश यस उपन्यासमा उल्लेख गरिएको छ । चावहिलतिरबाट आएको बसको ठक्करबाट अपाङ्ग हुन पुगेकी ताराको विसङ्गत जीवनका घटनाक्रमलाई चर्चा गरिएको छ । आफ्ना घरवरपर मित्रपार्क, गौशाला, पशुपति आदि ठाउँहरूमा आफ्नो दिन चर्या बिताएको प्रसङ्ग पनि आएको छ । कलेज जाँदा आउँदा हिड्ने बाटो, पी.के क्याम्पस पढ्दाखेरीको परिवेश र त्यस वरवरको सेरोफेरो आदि ठाउँको प्रसङ्ग पनि आएको छ । त्यस्तै गरी आइ.ए., बी.ए. पढ्ढाखेरीको २२-२३ वर्षदेखि २७-२८ वर्षसम्मका जीवनमा घटेका घटनाहरूको चर्चा पनि उपन्यासमा वर्णित छ । राती एक्लै बसेर ताराहरू गन्दै टोलाएर ऊ भन्छे "प्रकृतिले किन यस्ता निसहाय प्राणीको जन्म दिइन,

उसले प्रकृतिको श्राप र हाँसोको पात्र बनेर दुःखद् मनिस्थितिको पोल खोलेकी छे । पी.के क्याम्पस जाँदा शर्मा गुरु र उसको देखादेख भएको, गुरुले उसलाई स्नेहका दृष्टिले हेरेको र उनीहरूबीच प्रेम बसेको स्थिति पनि सिर्जना भएको छ । त्यस्तै गरी गुरुले डेरामा लगेको, गुरुले मिठा-मिठा गफ गरेको ताराको बारेमा सबैकुरा सोधेको, दुवै प्रेम बन्धनमा बाँधिएको र विवाह गर्ने स्थितिसम्मको घटना पनि यहाँ उल्लेख गरिएको छ ।

यसरी हेर्दा लगभग पन्ध्र वर्ष सम्मको निकै लामो समय अवधिको ताराका जीवनमा घटेका घटनाहरू नै उपन्यासमा प्रसङ्ग आएको छ । अन्त्यमा सुहारात मनाउने क्रममा गुरुले म नपुङ्सक हुँ, तिमी कहिल्लै आमा बन्न सक्निनतौ भन्ने उद्गारबाट भाव विभोर हुँदै मुर्छित अवस्थामा अस्पतालको शैयामा पुगेको र जीवनको अन्त्य भएको वर्णन यस उपन्यासमा गरिएको छ । विशेष रूपमा ( ताराको) 'म' पात्रको मानसिक अवस्थाको विसङ्गति र केही असामान्य विकृत मनोदशाको आन्तरिक परिवेशलाई देखाएको छ । म पात्रको मानसिक अवस्थाको समस्या अपाङ्ग अनि अशक्तहरू माथि समाजले हेर्ने गरेको हेय दृष्टि, शिक्षित भनाउँदो पुरुष पात्रले लङ्गडीमाथि गरेको बज्र प्रहार या भनौ जीवन बर्बाद गरिदिएसम्मको अवस्थामा कारुणिक वातावरणको समेत सिर्जना गरिएको पाइन्छ ।

### ४.५.१.४. दृष्टिबिन्दु

उपन्यासमा कथायिताले कथा वाचनका लागि उभिने वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । यसैबाट कथायिताले कसरी चरित्रहरूको वर्णन उपस्थापन गर्छ भन्ने कुराको निर्धारण हुन्छ । यसले कसले कथा भनेको छ र भनिएको छ भन्ने कुरालाई बुझाउँछ । दृष्टिबिन्दु बाह्य वा तृतीय, अन्तरिक वा प्रथम र सम्बोधित वा द्वितीय पुरुष गरी तीन प्रकारका हुन्छन् ।

**लङ्गडी** उपन्यासमा प्रायः सम्पूर्ण कथायिता बनेर उपन्यासकी प्रमुख नारी पात्र तारा नै आएकी छ । उसले उपन्यासभित्र बसेर प्रमुख पात्रको भूमिका पनि निर्वाह गरेकाले यसमा म पात्रको रूपमा आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । त्यस्तै गरी शर्मा गुरु र ताराबीचको संवादमा राधा र ताराबीचको कुरा गराइमा तृतीय पुरुष दृष्टिबिन्दु पनि प्रयोग पनि गरिएको पाइन्छ भने कतै-कतै द्वितीय दृष्टिविन्दु पनि प्रयोग गरेको पाइन्छ । जस्तै ताराले 'म' पात्रको रूपमा उपन्यासको प्रारम्भ यसरी गरेकी छे "म आफ्नो अन्तस्करणसँग गफ गरिरहेछु । म वरिपरिका बाध्यताहरूले म भित्रका सुस्केराहरूले मलाई कहिले छुट्कारा देलान् ?आखिर म पनि त एक नारी हुँ, मेरो पनि त यहाँ एउटा व्यक्तित्व हुनु पर्छ । यस अभिशप्त समाजमा मलाई मात्र यस संसारमा यस्तो अन्योलमा हुर्काएको होला । हाय! म के गरुँ; म यहाँ किन बाँचे म बाँचेर के फाइदा" (पृष्ठ-१) ? त्यस्तै गरी उपन्यासको केही ठाउँमा द्वितीय परुष दृष्टिविन्दुको पनि प्रयोग पाइन्छ । जस्तै "तारा, तिमी कहिल्यै आमा बन्न सक्तिनौ करण म नपुङ्सक छु । मैलै तिम्रो यौन तृष्णलाई मेटाउन सक्तिँन, मबाट पाउँने आनन्द यही हो "(पृष्ठ-६७) । यस्तै गरेर हामी पति पत्नी रहनेछौ । यहाँबाट बढी तिमीले मबाट आशा नगर । के तिमी यस्तो जीवन बिताउन सकौली खुसीसँग" (पृष्ठ-६७) । यसरी हेर्दा यो उपन्यासमा द्वितीय र तृतीय पुरुष दृष्टिविन्दुको सम्मिश्रण पाउन सकिन्छ । तथापि यो उपन्यास प्रथम पुरुष आन्तरिक दृष्टिविन्दुको सेरोफेरोमा उनिएको छ ।

### ४.५.१.५. उद्देश्य

उपन्यास रचनाको मुख्य प्रयोजन नै उद्देश्य हो । विना प्रयोजन वा विना उद्देश्य कुनै पनि काम गरिंदैन । उपन्यास खास गरी सामाजिक समस्या र वैयक्तिक जीवनका विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्णनमात्र नभएर तिनीहरूले जीवनप्रति उपन्यासकारको

कुनै विशिष्ट दृष्टिकोणलाई प्रस्तुत गरिरहेका हुन्छन् । यस **लङ्गडी** उपन्यासको समग्र उद्देश्य भन्नु नै लङ्गडीका मनमा उठेको आन्तरिक मनस्थितिको विसङ्गतपूर्ण जीवनको चित्रण हो (प्रधान २०५२: ९) । नारी चरित्र प्रधान प्रस्तुत उपन्यासमा लङ्गडीका इच्छा आकाङ्क्षा यौन चाहना र मानसिक कुण्ठालाई राम्ररी प्रस्तुत गरिएको छ ।

प्रस्तुत **लङ्गडी** उपन्यासलाई समग्र रूपमा अध्ययन गर्दा यसको निश्चित उद्देश्य रहेको देखिन्छ र **लङ्गडी** मनोवैज्ञानिक उपन्यास हो । यो सामाजिक यथार्थवादी उपन्यास पनि हो । उपन्यासमा जीवनलाई विभिन्न कोणबाट हेर्ने प्रयास गरिएको छ । फ्रायडवादी मनोविश्लेषणात्मकता पनि यसको प्रमुख उद्देश्य वा जीवन दर्शन पनि हो । सामाजिक यथार्थवादी र अस्तित्ववादी जीवनदर्शन पनि उपन्यासको उद्देश्यका रूपमा रहेको देखिन्छ । यस उपन्यासमा उपन्यास **लङ्गडी** (ताराका) जीवनमा घटेका घटनाहरूलाई मनोवैज्ञानिक ढङ्गबाट देखाएको छ ।

**लङ्गडी** पनि त समाजकी एउटी नारी हो । यसभित्र पनि अनेकौं इच्छा, आकांक्षा, विवशता र छटपटि छ भने अर्कातिर उसप्रति समाजले हेर्ने गरेको कुदृष्टि र असमझदारीको पनि अभाव छैन् । हो ऊ अपाङ्ग छे, अशक्त छे, तर पनि ऊ एक नारी हो उसमा पनि फकिदो यौवन छ, रूप छ, विचार छ तर्कना छ तर खै कसले बुझिदिने उसको मनस्थितिलाई ?उसको पीर व्याथा बुझेर कसले तदनुरूपको व्यवहार गरिदिने ? हाम्रो समाजमा यस्ता कैयौं अपाङ्गहरू यस्तै अनेकौं पीडाले रुमल्लिएर जीवन शून्य निरर्थक बनी अन्त्यमा मृत्युको ढोकामा पुग्नु परेको कारुणीक अवस्थाको चित्रण उपन्यासमा देखाएको छ । शर्मा गुरु जस्तो शिक्षित पुरुषको पनि आफ्नो शरीरिक कमजोरी लुकाएर तारालाई विवाह गरे पश्चात तिमी आमा बन्न सक्तिनौ कारण म नपुङ्सक हुँ भने पछि मुर्छित बनेर अस्पतालको शैयामा मृत्यु वरण गर्नु परेको दर्दनाकपूर्ण अवस्थाको चित्रण गरिएको छ । यस्ता शिक्षित भनाउँदा शर्मा गुरु जस्ता कुपात्रको चरित्रलाई

देखाउनु पनि यस उपन्यासकारको उद्देश्य देखिन्छ । यस उपन्यासमा लङ्गडी जस्ता नारीहरूको पीडाजन्य जीवन बिताउँन बाध्य भएका छन् । यस धर्तीमा जन्म नै मानवको प्रथम पराजय हो तर अन्तिम पराजय चाहिँ मात्र मृत्यु रहेछ भन्ने कुरालाई स्वीकार गरेका छन् । उपसंहारमा भन्नु पर्दा प्रस्तुत उपन्यासको कथावस्तु स्रोतका दृष्टिले पुराण, इतिहाास नभई उपन्यासकारको कल्पनामा आधारित उत्पाद्य देखिन्छ । यसको मूल आधार फ्रायडवादी दर्शन नै हो । त्यसमा कार्यकारण श्रृङ्खलाको निर्माण गर्दा सामाजिक पक्ष र नारीवादी विसङ्गतिवादी अस्तित्ववादी पक्षहरू स्वतः नै आएका छन् । उपन्यासमा प्रायः सम्पूर्ण कथायिता बनेर लङ्गडी नै आएकाले प्रथम पुरुष अन्तरिक दृष्टिविन्दुको प्रयोग गरिएको छ कथा वस्तुमा आदि, मध्य र अन्त्यको पूर्णता क्रमिक विकासात्मक अवस्थाहरू पाउन सकिन्छ । कैतुहलता र द्वन्द्वका दृष्टिले पनि उपन्यास उत्कृष्ट देखिन्छ ।

## ४.५.१.६. भाषाशैली

उपन्यासमा भाषाद्वारा मूर्त रूपमा प्रकट गर्ने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली  बन्दछ । व्यक्तिको आफ्नो भाव वा विचार व्यक्त गर्ने माध्यम नै भाषा हो । भाषा यावत साहित्यको उपकरण हो । यसको माध्यमबाट नै साहित्यका विविध विधाले अभिव्यक्ति पाएका हुन्छन् ।उपन्यासका कथ्य (कथानक, चरित्र, वातावरण, उद्देश्य, संवाद कार्यव्यपार आदि)सँग भाषा सम्बन्धित भएकाले भाषा प्रभावशाली र आर्कषक हुनु पर्छ । भाषिक अभिव्यक्ति वा कथ्य आदिलाई अभिव्यक्ति गर्ने विशिष्ट पद्धति नै शैली हो । शैली उपन्यासको सूक्ष्म तत्व हो । प्रत्येक लेखकले आफ्नो सीप र कलाले भाषालाई सिङ्गार्छ । भाषाको त्यो सिङगार पटार नै शैली हो (प्रधान; २०५०पृष्ठ-२४) । **लङ्गडी** उपन्यासमा सरल, सहज, स्वभाविक र आर्कषक भाषाको प्रयोग गरिएको छ । जीवनका विभिन्न पक्षलाई प्रस्तुत गरिएकाले भाषा पनि यथार्थबाटै टिपिएको हुनुपर्छ भन्ने मान्यता राखी सामाजिक धरातलमा टेकेको विश्वासिलो भाषाको प्रयोग चालिसेले गरेका छन् ।

भाषालाई कलात्मक र यथार्थको छाप पार्ने बनाउँन नेपालीपनकै जनबोलीकै माध्यमबाट उपन्यासलाई लयात्मक मिठासपूर्ण वाक्यले सजाएको छ । ताराका अन्तस्करणमा उढेका भावनालाई यसरी देखाएको छ । "यस्ता विगतका तीतामीठा दिनहरू सम्झेर जुनेली रातमा ताराहरू गन्दै मैले टोलाइ रहनु पर्छ प्रकृतिले किन यस्तो सृष्टि गर्दै, जुन संसारमा निस्हाय व्यक्तिले निस्सासिनु पर्छ, संधै सुस्केरामा डुब्नु पर्छ मेरो संसार अन्धकार छ, मैले अन्धकारमा शक्ति पाउँछु; अन्धकारमा मलाई हाँस्य अभिनेत्री बन्नु पर्ने; अन्धकारमा मेरो यौवनसँग लोभ गर्ने कोही छैन् हो मलाई उज्यालो होइन अन्धकार चाहिन्छ । मलाई सूर्यको प्रकाश होइन चाँदनीको गुम्साई चाहिन्छ । यो निस्पट अध्यारो रात र मेरो जीन्दगी के भर ? (पृष्ठ-७)

यसरी हेर्दा **लङ्गडी** उपन्यास लङ्गडी ताराकै जीवनप्रतिको विसङ्गतिपूर्ण अवस्थामा तिता मिठा अनुभवहरूलाई समेटने शब्दहरूको प्रयोग गरिएको छ । वर्णनात्मक शैलीका प्रधानता पाइन्छ भने कतै संवादात्मक शैलीको प्रयोग गरिएको पाइन्छ । उपन्यासका पात्रहरू शिक्षित भएकै कारण वाक्यहरू उच्च स्तरीय रसिला र साहित्यिक रहेका छन् ।

## ४.५.१.७. सारवस्तु

उपन्यासमा समाविष्ट केन्द्रीय वा आधारभूत विचारलाई सारवस्तु भनिन्छ । यसलाई नियन्त्रित  विचाार वा केन्द्रीय अन्तदृष्टि पनि भनिन्छ  । कुनै पनि उपन्यासकारले मूल  विचारलाई नाटकीकरण गरेर साधारणीकृत अवस्थामा पुऱ्याएको हुन्छ र त्यसैको बोध पाठकले गर्दछ । उपन्यासको उद भावको बीज र उद्देश्य वा परिणति पनि सारवस्तु नै हो ।

उपन्यासकार ठाकुर चालिसे (२००८)द्वारा लिखित **लङ्गडी** उपन्यासमा लङ्गडीका मनभित्र गुम्सिएका भावना इच्छा र उसप्रति समाजले हेरेको अविवेकपूर्ण

धारणा असमझदारीको चित्रण यस उपन्यासमा गरिएको छ । ऊ पनि त एक नारी हो, उसमा पनि त फक्रिन लागेको यौवन छ, रूप छ तृष्ण तर आखिर लङ्गडी यस्तो अवस्थामा उसका हृदयमा कति विचार तर्कना, कल्पना उठ्छन् दब्छन् उसको मनस्थितिलाई कसले बुझिदिने ? उसका पीडालाई कसले बुझेर तदनुरूपको व्यवहार गरिदिने? यी हाम्रै समाजमा यस्तै-यस्तै दुर्घटनामा परेर लङ्गडी बन्ने थोरै होलान् । यी पीडा नभोगेको व्यक्तिलाई के थाहा यस्तै अपाङ्गका मनमा उठेका छटपटी बेचैनी र दर्दनाकपूर्ण स्थिति कस्तो हुन्छ? भनेर ताराले बाँच्नको लागि धेरै सङ्घर्ष गरेकी छ तर सफल हुन सकिन तर किन यस्तो ? प्रकृतिले पनि किन असक्तमाथि नै दृष्टि नपुऱ्याएको ? प्रकृतिमाथि नै  यो प्रश्न राखेकी छ ।

चालिसेका प्रत्येक उपन्यासमा हाम्रै समाजमा घटेका यथार्थ घटनाहरूलाई टिप्दै आदर्श समाजको परिकल्पना गरेको छन् । अत्यन्तै सरल भाषाशैलीको प्रयोग गरेर लेखिएको **लङ्गडी** उपन्यास सबैले बुझ्ने वर्णनात्मक भाषाशैलीको प्रयोग भएको पाइन्छ । यसरी चालिसेको **लङ्गडी** उपन्यासको मुख्य सारबस्तु भन्नु नै लङ्गडीका मनमा उठेका आन्तरिक मनस्थितिको विसङ्गतिपूर्ण जीवनको चित्रण हो । समाजमा आफू पनि अरु नारी सरह बनेर हिँड्नको लागि कति सङ्घर्ष  गरेकी छ । अशक्त भएर पनि शिक्षित बनी दुनियाँका अगाडि ठाउँको उच्च बनाएर हिडेकी छ ।  शर्मा गुरु जस्ता लेक्चररसँग विवाह गरेर आफ्नो जीवनमा सुखी दाम्पत्य जीवनको कल्पना गरेकी छ । तर अन्त्यमा तिमी आमा बन्न सक्दिनौ कारण म नपुङ्सक हुँ भनेपछि  मुर्छित बनेर अस्पतारको शैयामा पुगेर मृत्युको मुखमा पुगेकी कारुणिक अवस्थाको चित्रण यस उपन्यासमा वर्णित छ ।

## ४.५.२. मेरो मित्र उपन्यासको विश्लेषण

### ४.५.२.१. कथावस्तु/कथानक

ठाकुर चालिसेको **मेरो मित्र** उपन्यासको कथावस्तु मूल रूपमा पञ्चायती व्यवस्थामा भएका र हुने गरेका विकृति विसङ्गति र भ्रष्टचारलाई देखाउँन लेखिएको देखिन्छ । यस उपन्यासको कथानकले व्यङ्ग्यात्मक शैलीमा नेपाली समाजका कथित ठूलावडा र सामन्तहरूले गरिब, निमुखा  र पहुँच नहुने वर्गमाथि गरिएको शोषण दमन र अत्याचारको पोल खोली नेपाली पाठकवर्गलाई इतिहासको समसामयिक परिस्थिति बुझ्न महत्त्वपूर्ण सघाउ पुऱ्याएको छ । खासगरी सहरमा हुने सामाजिक विसंङगति विकृति, रोग, भोक, अशिक्षा, बलात्कार विवशता र कठोरतालाई यथार्थ रूपमा उतार्ने प्रयास चालिसेले गरेका छन् । उनले समाजमा उपेक्षित र पीडितवर्गप्रति मानिसहरूको जीवनका सम्पूर्ण संवेदनशील मानवीय पक्षहरूको विश्लेषण गरी नेपाली समाजमा देखिएका गतिहीनतालाई आलोचनात्मक ढङ्गले औल्याएका छन् । सम्पूर्ण सामाजिक र राष्ट्रिय परिवेश भित्रका दुश्चेष्टा र खराबीहरूलाई उदाङ्गो पार्ने उद्देश्यले नै उनले आफ्नो उपन्यासमा कसिलो व्यङ्ग्यद्वारा यथार्थ प्रस्तुत गर्न सक्षम रहेका छन् । यो उपन्यास परिच्छेदमा विभाजित छैन् **मेरो मित्र** (नायक) र 'म' को कथानकसँगै अगाडि बढेको यस उपन्यासको कथानकलाई आदि, मध्य र अन्त्यको श्रृङ्खलामा विभाजन गरी अध्ययन गर्न सकिन्छ । यस उपन्यासमा उपन्यासकारले उसको मित्रको सम्पूर्ण क्रिया सोचाई र अवस्थालाई उसकै मित्र भएर इतिवृत्तात्मक ढङ्गमा प्रस्तुत गरेको छन् ।

यस उपन्यासको आदि भागको उठान पहिलो भागबाटै शुरु भएको छ । आदि भागमा उसको मित्र  र उसको भेट भएको छ । दुवै एक अर्काका घनिष्ट मित्र हुन् तर उसको मित्र र उसको व्यवहार जीवन शैलीमा निकै फरक छ । यसको सम्पूर्ण क्रिया सोचाइ  र अवस्थालाई प्रथम पुरुष शैलीमा इतिवृत्तात्मक

पारामा प्रस्तुत गरेको छ । नायक लेखकको सच्चा साथी हो । ऊ असल भएर पनि रक्सी  बहुत खान्छ । त्यही दुखाइले घोचेर पत्रकार भएको नाताले ऊ(मित्र) र म बीच भएका संवादलाई लेख्न लागिरहेको छ  । रक्सीको नसामा फसे पनि उसले कसैमाथि अन्याय गरेको छैन् । कसैमाथि शोषण दमन र अत्याचार गरेको छैन । नायक ऊ एक जागिरे व्यक्ति हो । प्रत्येक साँझ रक्सीमा डुब्दै गएको देखेर उसलाई दुःखी रहन्छ । त्यही दुखाइले घोचेर ऊ लेखक भएको नाताले ऊ र 'म' बीच भएका संवादलाई लेख्न लागि रहेको छ । हो ऊ एक जड्याहा व्यक्ति भए तापनि उसले कसैमाथि शत्रुता कमाएको छैन । घुस खाने काममा संलग्न छैन् । ऊ त राष्ट्रप्रति वफादार, इमान्दार सत् चरित्र भएको जागिरे  हो । पञ्चहरू एवम् सामन्ती वर्गहरूले समाज र देशमाथि गरेको अन्याय अत्याचार, आर्थिक शोषणको पर्दाफास उसले गरेको छ । उसको परिवारमा दुःख छ तर सुखको लागि आत्मा बेच्न चाहँदैन । ऊ लेखकलाई बारम्बार भन्छ, 'इमान्दार हुनुपर्छ । राष्ट्रभक्तिको निम्ति सच्चा पसिना चुहाउनु पर्छ । देशको धर्ती सिञ्चित हुनु पर्छ । नेपाल आमाको आँसु चुहिएको हुनुपर्छ । देशप्रेम त हृदयमा सजिएको हुनुपर्छ ।' ( पृष्ठ-५) भनी आफ्नो मित्रसँग गुनासो पोखेको छ ।

उपन्यासको मध्य भागतिर 'म' पात्र र उसको मित्र बीच चोटिला संवादहरू भएका छन् । उसले मित्रलाई सम्झाउने प्रयास गरिरहेको छ र ऊ भन्छ यहाँ जनताका लागि बोल्ने नेताहरू जेलमा कोचिएका छन् । धर्म गर्नेहरू पाप कुण्डमा डुबेका छन् । त्यसैले समय अनुरूप हामी पनि ठूलावडाको पाउ नमोली सुख छैन् । भव्य महल बनिने छैन, प्रगति हुने छैन भनेर सम्झाउँने बुझाउँने प्रयास गरेको छ तर यी सबै कुराहरूको उसको मित्रले ठाडै विरोध गरेको छ । ऊ भन्छ सुखको लागि आत्म बेच्न चाहन्न जीवन नहुनेलाई जीवन दिनु पर्छ । साहस नहुनेहरूले साहस दिनु पर्छ भन्ने मर्मष्पर्शी भाव पोखेको छ । ऊ भन्छ नियम कानुन अनुशासन चकडीसँगै पोइल गएको देख्दा भित्र भित्रै रुन्छ । जधन्य अपराध गर्नेहरूले देश खाइसकेका छन् । विदेशी सङ्गीतको धुनमा

स्वदेशी सुन्दरीलाई नचाएर महङ्गा रक्सी खाएर रमाएका  छन् । निमुखा जनताहरूको आँसु खसाएर चिल्ला गाडीमा चढेर पाँचतारे होटलमा सेमिनार  र गोष्ठी भनेर कुदेका छन् । देश  र जनताका लागि भन्ने वाक्यलाई आफ्नो मन्त्र बनाएर सोझा जनताहरूको उठिवास गरेका छन् ।

यसरी ती दुवै बीच कुराकानी भएको छ । उसले मित्रलाई शुभकामना दिएको  छ । उसको महान् देशभक्तिपूर्ण भावलाई, उसको महान विचारलाई, देश र जनताप्रतिको समर्पित त्यागलाइ छिपाइएको छ । दुवै निदाउँछन् विहानी हुन्छ । म पात्र उठेर हिँडेको छ ।

उपन्यासको अन्त्य भागमा गएर 'म' पात्र उसको कोठाबाट हिँडेको छ । म पात्रले उसको मित्रप्रति परिवर्तन चाहेको छ । ऊ भन्छ मानिस चट्टान होइन संधै जमेर बसिरहँदैन, मानिसमा परिवर्तन आउँछ । प्रत्येक मानिसमा आउँने परिवर्तनले समाज परिवर्तन हुन्छ । उसको मित्रले रक्सी सेवन गर्न छोडेको खबर थाहा पाउँछ । मित्र खुशी भएको   छ । म पात्र रक्सीको संसारबाट छुटेपनि नायकले दुनियाँ उही रूप देख्छ, झन् गम्भीर हुन्छ । अभिजात्य वर्गको प्रभुत्व बढेकाले मानिसले आफ्नो स्वतन्त्रता भुलिसेकेको छ । असङ्ख्य विक्षिप्त जमातबाट भएको राजनीतिले यो सधैँ कुडिरहन्छ । यहाँको राजनीतिक स्थितिले गर्दा उसलाई भित्रदेखि मन खिन्न भएको छ । तापनि ऊ आशावादी छ । यो राष्ट्रका लागि धेरै देशभक्त राष्ट्रभक्त विद्वान् बुद्धिजीवी नागरिकहरूले आफ्नो ज्यान सर्मपण गरी सकेका छन् । केही छैन यहाँ पत्थरहरू बोकिदैछ छ । सङ्घर्षसका मुहानहरू खोलिँदै छ । जनशक्तिको अगाडि कुनै तागत टिक्न सक्ने छैन् । आजसम्मका यी अवस्थाले उब्जाएको सुशुप्त ज्वालामुखी जाग्रित हुनेछ । यसरी दुवै बीच एक अर्काका देशभक्तिपूर्ण भावनात्मक कुराकानी पश्चात एक अर्काबाट छुटिएका छन् । 'म' पात्र उसको मित्रको घरमा गएको छ । उसकी श्रीमतीले आतिदै गहभरी आँसु झारेर आफ्नो लोग्ने अचानक गायव भएको कुरा भनेकी छ । घरमा नआएको

एकहप्ता भैसक्यो भनेर कोलाहाल गर्दै 'म' पात्रलाई सुनाएकी छ । हजुर आमा, छोरी पनि मुर्छित अवस्थामा छन् । यो अवस्था देखेर हुन्छ, भाउजू ,आमा म अवस्य उसलाई पत्ता लगाएरै छाड्छु भनेर मित्रको घरबाट हिडेको छ । नभन्दै ऊ अफिसबाटै समातिएर जेलमा थुनिएको छ ।

यसरी उपन्यासको कथावस्तु आदि, मध्य र अन्त्यको श्रृङ्खलमा नै रहेको देखिन्छ । 'म' पात्र उसको र मित्रकै (नायककै) संवादमा यो उपन्यास सकिएको देखिन्छ । उपन्यास पढ्दा लाग्छ यो प्रगतिशील फाँटको उपन्यास हो । लेखकले पञ्चायती व्यवस्थामा हुने गरेका यथार्थ घटनाहरूलाई जस्ताको त्यस्तै उतार्न प्रयास गरेको देखिन्छ ।

## ४.५.२.२. पात्र/ चरित्रचित्रण

उपन्यासभित्र कुनै विशेषता बुझाउँन व्यवस्थित रूपले प्रयोग गरिने मानव र मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । **मेरो मित्र** उपन्यासमा ज्यादै थोरै पात्रहरूको प्रयोग गरिएको छ । उपन्यासको मुख्य पात्र नायक (उसको मित्र) र 'म' पात्र रहेका छन् भने सहायक पात्रको रूपमा भट्टी पसल्नी, मित्रकी श्रीमती - भाउजू) हजुर आमा छोरी आदि रहेका छन् ।

### क) नायक (मेरो मित्र)

**मेरो मित्र** यस उपन्यासको मुख्य पुरुष पात्र हो । ऊ शिक्षित इमान्दार छ । उपन्यासमा प्रारम्भदेखि अन्त्यसम्म प्रत्यक्ष रूपमा देखा परेको बद्ध पात्र हो । ऊ रक्सी बहुत खान्छ । रक्सी खाएर पनि राष्ट्रप्रति वफादार छ, राष्ट्रप्रति सचेत छ । रक्सीको नसामा फसे पनि उसले कसैको शोषण गरेको छैन्, अत्याचार गरेको छैन् । कसैको स्वार्थमा लागेर रातारात ठूला-ठूला विल्डिङ बनाएको छैन । जागिरे खाएर पनि कसैसँग घुस खाने काममा संलग्न छैन । उसैको केन्द्रीयतामा

उपन्यास अगाडि बढेकाले ऊ बद्ध पात्र हो । जीवन चेतनाका आधारमा हेर्दा ऊ एक इमान्दार वर्गको प्रतिनिधि पात्र हो ।

मित्र बाटोमा मागी खाने मगन्तेहरू देख्दा घोत्लिन पुग्छ । महिला ग्राहक खोजेर मोलतोल मिलाउँदै गरेकी तरुनी देख्दा ऊभित्र इतिहास खोज्न पुग्छ । सोझा सिधा गाउँलेलाई र मजदुरको अधिकारलाई लाठी र बुटले कुल्चिएर गर्जने दन्तहीन देख्दा भित्र-भित्रै रोएको छ । उसले म पात्रलाई भन्ने गर्छ "रगतका छिटाले यो देशलाई सिञ्चित गर्नुपर्छ । देशको लागि लड्नु पर्छ । देशकै लागि ज्यान दिनु पर्छ । देशको अगाडि घर परिवार केही होइनन् ती आततायीहरू जो रातारात देशलाई कङ्गाल बनाउँदै छन् । ती स्वजनका रगत पिएर मातिएकाहरू, ती पैसाको लागि देशको गौरव बेच्नेहरू, ती आफ्ना स्वाभिमानलाई बन्धकी राखी रहेकाहरूलाई देशबाटै उन्मूलन गर्नु पर्छ । ऊ देशको आर्थिक सामाजिक, राजनैतिक अकर्मण्यता, आर्थिक शोषण दमन देखेर रक्सीरूपी नसामा डुबेर मत्याहा पारामा यथार्थ घटनाहरूलाई उठान गरेको छ । यो देशको अवस्था देखेर चिन्तित बनेको छ । ऊ अन्त्यमा रक्सीको नसाबाट टाढिएको छ । देश र जनताको पक्षमा वकालत गरेको छ तर उसको सच्चा इमान्दारीले ठाउँ नपाएर जेलको चिसो कोठामा थुनिन पुगेको छ । यसरी हेर्दा रक्सीको नसामा लट्ठिएर हिँडदा प्रतिकूल जस्तो देखिए पनि उसको रक्स्याहापनमा सत्यता छ । समाजप्रति राष्ट्रप्रति त्यतिकै सचेत छ । त्यसैले ऊ उपन्यासको अनुकूल पात्र नै हो भन्न सकिन्छ । इमानलाई मान्ने नायक हो भनेर किटान गर्न सकिन्छ ।

## ख) म पात्र

यस उपन्यासमा 'म' पात्र नायकको साथी हो । सम्पूर्ण उपन्यास मित्र र 'म' पात्रको सेरोफेरो अगाडि बढेको हुँदा म पात्र पनि उपन्यासको प्रमुख पात्र हो । ऊ एक लेखक हो । ऊ शिक्षित र स्वाभिमानी छ । 'म' पात्र उपन्यासको शुरुदेखि

अन्त्यसम्म प्रत्यक्ष रूपमा देखिने मञ्चीय पात्र हो । उसको मित्र (नायक) र 'म' पात्र एक अर्काका घनिष्ट मित्र भए पनि ऊ रक्सी खाँदैन् तर उसको मित्र भन्दा छुट्टै विचार लिएर हिड्ने व्यक्ति हो । उसले मित्रलाई सम्झाउने क्रममा भनेको छ "हेर मित्र पाप नगरी धन कमाइने छैन् । यहाँ धन कमाउन उद्योग होइन पाप गर्नु पर्छ । कसैलाई मान्नु पर्छ, सरकारी कामको आडमा जनता चुसेका पैसाले यहाँ रक्सीको खोलो बगाउनु पर्छ, तब मात्र हाम्रो उन्नति प्रगति हुनेछ भनेर परिस्थिति अनुरूप चल्न जान्नु पर्छ" (पृष्ठ-६) उसको विचारमा इमान्दारीताको ठाउँ नै छैन् । यहाँ अधर्महरूको मानसिकताले छोपेको छ । भ्रष्टचारको जालोमा संसार मुछिएको छ । इमान्दार हुनु भनेको मुर्ख हुनु हो । मुर्ख हुनु भनेको शोषित हुनु हो । शोषित हुनुको अर्थ लाटो बन्नु हो । त्यसैले यो वायुमण्डलमा नैतिकता अनैतिकता पाप धर्म अन्याय अत्याचारको सोच विचार खाडलमा पुरिएका छन् । यहाँ सिद्धान्त केही होइन अचार हो अचार, जो रोजी-रोजी खाइन्छ र जिब्राको श्वास रोजी-रोजी खोजिन्छ । त्यसैले धर्म गर्नुको कुनै अर्थ नरहेको भाव पोखेको छ । तसर्थ उसको मित्रले उसका यी तर्कनाहरूलाई ठाडै अस्वीकार गरेको छ । **म** पात्रलाई हेर्दा लाग्छ यथार्थमा नभएर भावनामा मानिस, यथार्थदेखि तर्सने मानिस र देशलाई सम्झेर रुने मानिस तर उसको मित्र त्यसो नभएर सत् कर्म गर्ने योद्धा, देशको रुवाइलाई बोकेर हिँड्ने व्यक्ति यथार्थमा बर्सने मानिस, उसको मानसिकता भित्र परिवर्तनको ज्वाला लिएर हिँड्ने आत्मगत जुझारु पात्र उसको आदर्शता राष्ट्रप्रतिको सचेतता देखेर तर्सिएको छ । उसका हरेक कदम-कदममा साथ दिएको छ, सहयोग गरेको छ । अन्त्यमा म पात्र ऊबाट छुट्टिएर हिँडेको छ । मित्रको घरमा पुगेको छ । मित्रको घरमा उसको अनुस्पस्थितिमा रुवावासी छ । सम्झाइ बुझाइ गरेर जसरी पनि मित्रलाई पत्ता लगाएर खबर दिने बाचाका साथ हिँडेको छ । खोजी गर्ने क्रममा उसले मित्र जेलमा रहेको जानकारी पाएको छ । उसको असल, एक सच्चा देशभक्त व्यक्ति यसरी जेलको चिसो छिँडीमा देख्दा 'म'

पात्रमा पनि यस्तो अन्यायप्रति सङ्घर्स गर्ने अठोट लिएको छ तर यथार्थ हुन सक्तैन रन्थनिँदै त्यहाँबाट हिँडेको छ ।

## ग) भट्टी पसल्नी

भट्टी पसल्नी (थकाल्नी) उपन्यासकी सहायक स्त्री पात्र हो । ऊ उपन्यासको मध्य भागतिर देखा परेकी मञ्चीय पात्र हो । यौवनको रस चुसेर कही पुरुषद्वारा फाँकिएकी विवश नारी, मायाको लोभमा फसेर दुई वटा अबोध बालिकाको जन्म दिएकी छ । ऊ आफैँ त बेसहारा त्यसमाथि दुई छोरीहरूको भविष्य गाँसिएको छ । ऊ त्यसको लागि परिश्रम गर्छे । आफू र आफ्नो बच्चाको लागि सङ्घर्ष गर्छे । जीवनका लागि व्यावसायिक मार्ग भट्टी पसल खोलेकी छ जहाँ हजारौँ पुरुषहरूले खाने हाँसो ठट्टा गर्ने ठाउँ बनेको छ । उपन्यासको नायक (मित्र)को त विहान बेलुका दैनिक रूपमा खाना खाने ठाउँ नै बनेकी छ । उनीहरू दुःख सुखका गफ गर्ने गर्छन् । दुवै बीचको नातामा केही खरावीहरू देखिए पनि मित्रले दुवैको नाता पवित्र गङ्गाजल जतिकै स्वच्छ रहेको कुरा व्यक्त गरेको छ ।

## घ) भाउजू (मित्रकी श्रीमती)

भउजू यस उपन्यासकी सहायक स्त्री पात्र हो । ऊ एक असल सुशील शान्त स्वभाव भएकी श्रीमती हो । ऊ  यस उपन्यासको अन्त्य भागतिर देखा परेकी छ । महिनौ दिनसम्म आफ्नो श्रीमानको उपस्थिति नभएपछि ऊ भावविभोर भएर सबैतिर खोजी गरेकी छे । उसले उपन्यासमा ‘म’ पात्रलाई उसको श्रीमानको घनिष्ट मित्र भएकाले खोजी गरिदिने आग्रह गरेकी छ । ‘म’ पात्र घरमा पुगेको छ हत्तपत रुँदै कराउदै मित्रकी श्रीमतीले आफ्नो श्रीमान् महिनौ दिन घर नआएको, कता बेपता हुनुभयो, जे परे पनि सहन्छु । जसरी भए पनि पत्ता लगाइ दिनु पर्यो भनेर मित्रसामु विलाप गरेकी छ । उसले ‘म’ जिउँदै मरे समान भएकी छु । यी लाला बालालाई वरपर छरछिमेकी नातागोतालाई के भनेर चित्त बुझाउँ

भनेर 'म' पात्र सामु विन्ति भाउ गरेकी छ । भाउजूले आफ्नो श्रीमान् न आएपछि उनको अफिसमा गएर सोधखोज गरेकी छे । नायक घरमा नआएको दिन तीन बजेतिर बाहिरका मानिस भेट्न आएको त्यही दिनदेखि ऊ अफिसमा नआएको जानकारी 'म' पात्रलाई जानकारी दिएकी छ । उसको बारेमा केही खबर नपाएको कुरा 'म' पात्रले भाउजूसामु व्यक्त गरेकी छ (पृष्ठ-४५/४६ । मित्रकी श्रीमतीले 'म' पात्रलाई नायकलाई खोजी गरी दिने आग्रह गरेकी छे । नभन्दै 'म' पात्र पनि घनिष्ट मित्र भएको नाताले खोजी दिने वाचाका साथ भाउजूको घरबाट विदा भएको छ । यसरी उपन्यासमा भाउजूको साह्रै छोटो प्रसङ्ग उपन्यासमा देखाइएको छ । उपन्यासमा थोरै भए पनि ज्यादै मार्मिक रूपमा देखा परे बद्ध मञ्चीय पात्र हो । श्रीमान्को माया ममताबाट बञ्चित हुन पुगेकी मुक्त साथै सत् पात्र हो ।

यसरी उपन्यासमा मुख्य सहायक र गौण गरी ज्यादै थोरै पात्रको उपस्थिति देखिन्छ । त्यस्तै गरी अन्य पात्रहरूमा मित्रकी आमा छोरीको भूमिका पनि आएको छ । आमाले पनि 'म' मात्र सामु आफ्नो प्राणप्यारो छोरो नआउँदा आतिँदै गहभरी आँसु पारेर उनका छोरो खोजी गरी दिने अग्रह गरेकी छ । छोरीले पनि उनका बाबा कहिले आउने अङ्कल भनी सोधेकी छ । अन्यथा अन्य पात्रको उपस्थिति यस उपन्यासमा देखिँदैन ज्यादै थोरै पात्रको उपस्थिति गराएर पनि उपन्यास मिठासपूर्ण रूपमा टुङ्ग्याएको छ ।

### ४.५.२.३. परिवेश/ पर्यावरण

उपन्यासमा पात्रहरूको कार्यकलाप हुने वा घटनाहरू घटने स्थान समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण वा परिवेश भनिन्छ । प्रस्तुत उपन्यासको परिवेश एउटा सहरको सेरोफेरोमा केन्द्रित रहेको पाइन्छ । सहरको नाम स्पष्ट नभए पनि राजधानी सहर हुने अनुमान गर्ने सकिन्छ । उपन्यासमा एउटा कोठा कोठामा एउटा खाट् दुई चारवटा पुस्तक दराज भनिएको छ । त्यस्तै गरी भट्टी

पसल घर भेटीकी छोरी, पसल जेल आदि ठाउँहरूको सहर केन्द्रित परिवेश अनुमान गर्न सकिन्छ । समयगत परिवेशका दृष्टिले २०४६ सालको प्रजातन्त्र पूर्वको निरङ्कुश पञ्चायती शासन र त्यसले निम्त्याएको शोषण चक्र चलाई जीवनवृत्ति चलाउँने स्वार्थी वर्ग अर्थात् शोषणमा आधारित समाज व्यवस्थाको घोर विरोध गर्दै शोषित वर्ग प्रति आफ्नो हार्दिक सहानुभूति व्यक्त गरेको देखिन्छ । सामन्त वर्गप्रति व्यङ्ग्य गर्नुका साथै समाजका गरिब वर्गको दुर्भाग्यका निम्ति तिनीहरूलाई नै उत्तरदायी ठान्दै सङ्कटपूर्ण क्षणको खुबै राम्रो चित्रण गरेको पाइन्छ । विशेष गरी उपन्यासको नायक (**मेरो मित्र**) को मानसिक अवस्थाको विसङगति र असमान्य विकृति मनोदशाको चित्रण गरेको पाइन्छ । पञ्चयतीकालमा ठूला बडा र पहुँच नहुनेहरूले गरिब र निमुखा जनताहरूप्रति गर्ने शोषण चक्र देखेर त्यसप्रति विरोध गर्न नसकेर रक्सीरूपी नसाका माध्यमबाट समाजका यथार्थ घटनाहरूलाई उठाएको पाइन्छ । रक्सी र जुवा तासले भ्रष्ट पारेको समाज व्यवस्थाको पनि राम्रोसँग चित्रण गरेको देखिन्छ । स्वार्थी पुरुषद्वारा बलात्कृत भएका महिलाहरूको प्रसङ्ग पनि आएको छ । उपन्यासमा थकाल्नी र मित्र बीच भएका माया प्रेमका हाँसो ठट्टाका वाचचितको पनि प्रसङ्ग आएको छ । पारिवारिक विघठन भएर बस्नु पर्दाको दयनीय अवस्थाको चित्रण पनि पाइन्छ । उपन्यासमा मित्रकी श्रीमति आफ्नो श्रीमान घर आउलान लालावालालाई खुशी पार्लान् । आमाको मुख हँसाउलान् भन्ने आशमा बस्ता बस्तै पनि घरमा महिनौ दिनसम्म रुँदै श्रीमान्को खोजी गरेको कारुणिक अवस्थाको चित्रण पाइन्छ । अन्त्यमा एक देशभक्त, राष्ट्रभक्त योद्धा अन्याय विरुद्व सर्घस गर्दा गर्दै जेलमा बस्नु पर्ने बाध्यत्मक अवस्थाको प्रसङ्ग आएर उपन्यासलाई दयनीय वातावरणमा टुङ्गिएको छ ।

### ४.५.२.४ दृष्टिबिन्दु

उपन्यासमा कथायिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो । उपन्यासमा सम्पूर्ण कुराहरूको वर्णन गर्ने व्यक्ति 'म' पात्र कथायिताको रूपमा आएकाले ऊ नै उपन्यासको प्रमुख पात्र रहेको छ । उसकै अनुभवका आधारमा सबै घटना र पक्षहरू स्पष्ट गरिएका छन् । उसले आफ्ना कुराहरू विशेष महत्त्वका साथ प्रकट गरेको छन् । म यहाँ जे लेख्दैछु जसको बारेमा लेख्दै छु जे लेख्दैछु त्यो सबै रक्सीसँग सम्बन्धित छ । मेरो साथी जड्याहा भएको छ । त्यसैले म उसलाई लेख्दैछु र यो लेखनलाई मैले उसको एउटा कलम चोरेको छु । (पृष्ठ-१) **मेरो मित्र** उपन्यासमा 'म' पात्रले उसको घनिष्ट मित्रको बाहिर बसेर चरित्र, दृश्य, घटना र उसका टिप्पणीहरू प्रकट गरिरहेका छन् । यसरी वर्णन गर्दा सकेसम्म बढी चरित्रको संवाद उपस्थित गर्ने कोसिस गरेकाले उपन्यास तृतीय पुरुष (बाह्रय) अर्न्तगत पर्ने सर्वज्ञ लेखिएको दृष्टिबिन्दुमा छ । कतै-कतै 'म' हामी भनेर उपन्यासमा प्रयोग गरिएको हुदाँ यसमा केन्द्रीय आन्तरिक दृष्टिबिन्दु प्रथम पुरुषको प्रयोग भएको पाइन्छ । म पात्र र मित्र बीचको संवादका क्रममा द्वितीय पुरुष दृष्टिबिन्दु प्रयोग पनि पाइन्छ ।

यसरी उपन्यासमा दृष्टिबिन्दु हिसाबले **मेरो मित्र** उपन्यास मिश्रित उपन्यास हो । किनकि यसमा प्रथम, द्वितीय र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उपन्यासका प्रसङ्गहरू लेखक 'म' पात्रको रूपमा रहेर घटनाहरू उसको मित्रको बारेमा भनिएको हुदाँ अधिकांश ठाउँमा प्रथम पुरुष दृष्टिबिन्दु प्रयोग पाइन्छ । 'म' पात्र र मित्र बीचको संवादमा द्वितीय पुरुष दृष्टिबिन्दु प्रयोग पनि व्यतिकै मात्रमा पाइन्छ । म पात्रले उसको मित्रको चरित्र, व्यक्तित्व र घटना वर्णन गराइमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग पनि पाइन्छ ।

## ४.५.२.५. उद्देश्य

उपन्यास रचनाको मुख्य प्रयोजन नै उद्देश्य हो । विना प्रयोजन वा विना उद्देश्य कुनै काम गरिदैन । उपन्यास खास गरी सामाजिक समस्या र वैयक्तिक जीवन विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्णन मात्रै नभएर तिनीहरूले जीवनप्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोणलाई प्रस्तुत गरिएका हुन्छन् । यस **मेरो मित्र** उपन्यासलाई पनि समग्र रूपमा अध्ययन गर्दा यसको उद्देश्य पञ्चायती व्यवस्थामा हुने गरेका र भएका विकृति र विसङ्गतिलाई चिरफार गर्नु रहेको देखिन्छ । उपन्यासमा अवसरवादी र निष्ठावान विचारकको अवस्था देखाएको छ । सामन्ती संस्कारमा जकडिएको समाजमा सामान्य नागरिकको कुनै मूल्य नभएको र सङ्घर्ष गर्दागर्दै पनि असफलको भारी बोक्नुपर्ने स्थितिको चित्रण गरिएको छ । सामन्ती निरङ्कुशताले निम्त्याएको विसङ्गतिपूर्ण जीवन, शिक्षित वेरोजगारीका कारण आर्थिक अभावले निम्त्याउने दुष्परिणाम, पारिवारिक विघटन र मूल्यहीनताको चित्रण यस उपन्यासले गरेको छ । यस उपन्यासले व्यङ्ग्यात्मक शैलीमा नेपाली समाजमा कथित ठूलावडा र सामन्तहरूले गरिब निमुखा र पहुँच नहुने वर्गमाथि गरिने शोषण दमन र अत्यचारको पोल खोली नेपाली पाठक वर्गलाई इतिहासको समसामयिक परिस्थिति बुझ्न महत्त्वपूर्ण सघाउ पुऱ्याएको छ । यस उपन्यासको खास गरी सहरमा हुने सामाजिक दुरावस्था तथा सामाजिक विसङ्गति रोग, भोग, अशिक्षा,बलात्कार, विवशता र कठोरतालाई यथार्थ रूपमा उतार्ने उद्देश्य देखिन्छ । उनले समाजमा उपेक्षित र पीडित वर्गप्रति मानिसहरूको जीवनका सम्पूर्ण संवदेनशील मानवीय पक्षहरूको विश्लेषण गरी नेपाली समाजमा देखिएका गतिहीनतालाई आलोचनात्मक ढङ्गले औंल्याउने उद्देश्य रहेको छ । सम्पूर्ण सामाजिक र राष्ट्रिय परिवेशभित्रका दुष्चेष्टा र खराबीहरूलाई उदाङ्गो पार्ने

उद्देश्यले नै उनले उपन्यासमा कसिलो व्यङ्ग्यद्वारा यथार्थ प्रस्तुत गर्न सक्षम रहेको छ ।

समाजको एक विचारकले आफ्नो चिनारी नपाएर रक्सीको सहारामा पलायन हुदै जीवन भूल्ने प्रवृत्तिहरूको एक झल्को प्रस्तुत गर्ने खोजको छ । उपन्यासको नायक लेखकको साथी हो । उसको असल मित्र भएर पनि रक्सी खान्छ तर रक्सी खाएपनि कसैमाथि शोषण दमन अत्याचार घुस खोरी गरेको छैन् । रक्सी खाएर पनि देश समाज र राष्ट्रप्रति वफादार हुदाँ-हुदै पनि ऊ जस्तो राष्ट्र सेवकले जेलको चिसो कोठामा वस्नुपर्ने बाध्यात्मक अवस्था प्रतिको व्याङ्ग्य देखाउनु यस उपन्यासको उद्देश्य रहेको देखिन्छ । राष्ट्रभक्तिको निम्ति सच्चा पसिना चुहाउने, देश र जनताप्रति मरिमेटने, एक सच्चा व्यक्ति पनि पहुँच नपुग्दा जीवन देखि पलायन हुनुपर्ने अवस्थाको चित्रण गरिएको छ ।

## ४.५.२.६ भाषाशैली

व्यक्तिको आफ्नो भाव या विचार व्यक्त गर्ने माध्यम नै भाषा हो । यसैको माध्यमबाट नै साहित्यमा विविध अभिव्यक्ति आएका हुन्छन् । भाषा शैलीका दृष्टिले **मेरो मित्र** उपन्यासले सरल र स्तरीय भाषा प्रयोग भएकाले भावको गम्भीरता बोक्न सकेको पाइन्छ । पात्रको शिक्षा कार्यक्षेत्र र परिवेशसँग अनुकूल हुने भाषिक मिश्रण पनि यसमा पाइन्छ । यस उपन्यासमा प्रचलित पूर्वेली भाषिकाकै प्रभाव पाइन्छ । जस्तै खान्न-खान्न हिँड् । खाने म पीर गर्ने त; के छ दिदी खाना सकियो के छ आज हामी दुबै भाई भोकै छौ होइ । अरु मिठो खाना खुवाउनुहोस । किन ढिलो नि ? आज अन्तै गएर आए जस्तो छ दाइहरू (पृष्ठ-४५) उपन्यास भरि आलङ्कारिक भाषाको प्रयोग अत्यधिक मात्रामा पाइन्छ । जस्तैः हेर भाइ तँ आज प्रत्येक कोणमा कमजोर हुदै गएको छस् । यो अध्यारो मात्र चाहि रहने लाटोकोसेरोको युग होइन् । न यहाँ हामी मरेर बाँची रहेका छौ

न त मारेर । हामी बाँचीरहेका छौ एउटा ढुकढुकी बोकेर एउटा नयाँ आशा बोकेर । एउटा उज्ज्यालो भविस्यको प्रतिक्षामा हामी चहकीला जुनहरू बोकी जिउदै छौं) (पृष्ठ-३१)

यस उपन्यासमा उपन्यासकारले बोधगम्य किसिमका वाक्यहरू एवम् जनजीवनमा प्रचलित भाषाको प्रयोग गरेर उपन्यासलाई मिठास सरल र रसुबोध्य बनाएका छन् । उपन्यासको धेरै ठाउँमा प्रतिकात्मक बिम्बात्मक भाषाको पनि प्रयोग पाइन्छ ।

जस्तैः भोको मृत्युले क्रान्तिको विगुल फुक्छ (पृष्ठ.... ३३) धर्म मान्छेको विश्वास मात्र हो (पृष्ठ ... ५५) । यहाँ धार्मिक प्रसङ्गका कुराहरू पनि उपन्यासमा आएको देखिन्छ । जस्तैः गीतामा अर्जुनलाई भनेका छन् “कर्ममा विश्वास गर, फलको आशा नगर भनेर सिकाउने धर्मलाई ‘म’ शोषणको अर्को रूप हो भन्छु । ” ( पृष्ठ...४५)

विशेष गरी उपन्यास ‘म’ पात्र र मित्रबीच भएका संवादात्मक शैलीको भाषा प्रयोग गरिएको छ ।

## ४.५.२.७ सारवस्तु

ठाकुर चालिसेद्वारा लेखिएको **मेरो मित्र** उपन्यास पञ्चायती व्यवस्थामा हुने गरेका र भएका विकृति विसङ्गतिलाई चिरफार गरी देखाउन लेखिएको हो । यो उपन्यासमा देशलाई लुट्नसम्म लुटेर दुलामा लुकेर बसेका तिनै छुचुन्द्रा अवसरवादीहरू छेपाराझै रङ्ग बदलेर प्रजातन्त्रमा चैते बनी पाटीहरूमा हालीमुहाली गर्न थालेका छन् भने राष्ट्रभक्त, देशभक्त प्रजातन्त्रका लागि लड्ने सच्चा योद्धाहरू यसबाट घाइते बनी जेलको चिसो छिँढीमा थुनिन पुगेका छन् । षडयन्त्रकारीहरू रूप बदलेर देशको सत्तामा छिरेका छन् भने परिवर्तनको कुन

अर्थ रहयो त ? उपन्यासमा समाजको एक विचारकले आफ्नो चिनारी नपाएर रक्सीको सहारामा पलायन हुदै जीवन भूल्ने प्रवृत्तिको एक झल्को पनि प्रस्तुत गर्न खोजेको छ ।

उपन्यासमा नायक लेखकको साथी हो । उसको घनिष्ट मित्र भएर पनि रक्सी खान्छ तर पनि उसले कसेको शोषण गरेको छैन्, अत्याचार गरेको छैन्, घुस खाएर रातारात षडयन्त्रकारीहरूसँग मिलेर महल बनाएको छैन् । ऊ त रक्सी खान्छ तर समय र समाजप्रति सचेत छ, विवेकशील छ, सजग छ । मित्रको घरमा अत्यन्त दुःख छ, खान लगाउनको लागि अभाव छ तर सुखको चाहना राखेको छैन् । ऊ भन्छ इमान्दार हुनुपर्छ । देश र जनताको लागि ज्यानदिन सक्नु पर्छे तर त्यसो नभएर उपन्यासमा भनिएको छ । जस्तै "आज जनताका लागि लडने योद्वाहरू जेलमा थुनिएका छन् । जनताका लागि लेख्ने हातमा हतकडी लगाइएका छन् । तर आखिर किन यस्तो ? भन्ने प्रश्नको उत्तर खोजेका छन्" । (पृष्ठ-५८)

यसरी सधैँभरि शोषकहरूबाट चुसिने र र ठगिने विसङ्गत स्थितिमा बाँचिरहेका गरिववर्ग पीडा र दुःखलाई सिरानी हालेर निस्तो आशसँग गाँस थपिदिएको छ । परिश्रमी र पसिनाको विशाल धरोहर सिर्जना गरेर विश्व इतिहासै बदल्ने यो वर्ग भोकै चिच्याइरहेको छ भने उच्च वर्गहरू अर्कालाई चुस्ने र उठिवास लगाउँने आकाशवेली कारझै बनेको परजीवी यो धनीवर्ग गरिबहरूको प्रगतिमा तगारो बनेर अगाडि तेर्सिएको छ ।

यसरी चालिसेले प्रत्येक उपन्यासमा हाम्रै समाजमा घटेका यथार्थ घटनाहरूलाई टिप्दै आदर्श समाजको परिकल्पना गरेका छन् । अत्यन्तै सरल, सहज भाषा शैलीको प्रयोग गरेर लेखिएको **मेरो मित्र** उपन्यास सबैले बुझ्न सक्ने वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

## ४.६ चालिसेका कथाहरूको विश्लेषण

ठाकुर चालिसे सर्वप्रथम 'नौलो किरण' पत्रिकामा प्रकाशित'सम्पन्नता भित्रको एउटा यथार्थ' (२०३५), शीर्षकको कथा लिएर कथाकारको रुपमा देखापरेका हुन् । त्यसैगरी 'मुटुभित्रको घाउ' (२०३७), 'आकाङ्क्षा' (२०३८), 'अन्धकार बस्तीको प्रज्वलित दियो' (२०३९), 'माष्टर साहेब' (२०४१), 'हजुर बा' (२०४२), 'सृष्टि' (२०४६) र 'यो मेरो अठोट हो' शीर्षकका कथा लिएर कथा विधामा आएका देखिन्छन् ।

चालिसेका कथाहरू विशेष गरी सम्पूर्ण राष्ट्रिय परिवेशभित्रका विकृति र खराबी, दुर्नियति वा कठोर यातनाको स्वरुपलाई विश्लेषण गर्ने उद्देश्य लिएका छन् । साहित्यमा प्रगतिशील विचारधाराप्रति कथाकार आबद्ध देखिन्छन् । उनले आफूले देखेका भोगेका र अनुभव गरेका सामाजिक यथार्थलाई टपक्क टिपेर आफ्ना कथाका विषयवस्तु बनाएका छन् । उनका फूटकर कथाहरू बिभिन्न पत्रपत्रिकाहरू नौलो किरण, नौलो कोसेली, विचारप्रवाह साँग्रिला र उत्साह आदिमा प्रकाशित छन् ।

### ४.६.१ सम्पन्नता भित्रको एउटा यथार्थ

ठाकुर चालिसेको २०३५ मा प्रकाशित 'नौलो किरण' पत्रिकामा प्रकाशित 'सम्पन्नता भित्रको एउटा यथार्थ' कथा विशेष सरकारी कार्यालयभित्र भएको घुसखोरीतन्त्र र भ्रष्ट पतित व्यक्तिको खराब प्रवृत्तिको पर्दाफास गरिएको पाइन्छ । रामप्रसाद जस्तो कर अड्डाको अफिसरले तल्ला तहका कर्मचारीमाथि पुऱ्याएको दुर्नियतिको प्रसङ्गपनि देखाइएको छ । यसमा एउटा मागी खाने मगन्तेले पैसा माग्दा एक सुका पनि दिन हिच्किचाउने सामन्ती प्रवृत्तिको झल्को देखाइएको छ । मूल पात्र रामप्रसादकै केन्द्रीयतामा प्रस्तुत कथामा प्रमोदजस्ता इमान्दार व्यक्तिले शिर निहुराउनु परेको छ । रामप्रसाद जस्तो भ्रष्ट व्यक्तिले पोहोर साल ५ लाख

आम्दानीको कर निर्धारण गरेर यो साल ५० हजारको मात्र कर निर्धारण गरेको देखिन्छ । अफिसका तल्ला तहका कर्मचारीमाथि आफ्नो प्रभुत्व जमाएको छ । रामप्रसादले भनेबमोजिम ती निमुखा कर्मचारीले आफ्नो जागिर बचाउनको लागि उसको पाउ मोल्न पछि परेको देखिदैन । आफूमाथि गरेको कुठाराघात र अनैतिक व्यवहार सहन बाध्य भएको पाइन्छ । ठूला साहूसँग मिलि घुस खाएको देखि–देखि पनि भन्न नसकेको स्थिति देखिन्छ । यसरी यस कथामा भ्रष्ट पतित रामप्रसादको देशद्रोही प्रवृत्तिको तस्विर उतारिएको छ ।

यस कथाको भाषाशैली विशिष्ट बोधगम्य तथा सरल छ । पञ्चायती व्यवस्थामा हुने गरेका र भएका दुष्परिणामको चित्र प्रस्तुत गरेको छ । शोषण चक्र चलाइ जीवनवृत चलाउने रामप्रसादजस्तो स्वार्थी वर्ग अर्थात शोषणमा आधारित समाज व्यवस्थाको घोर विरोध गर्दै शोषित वर्गप्रति आफ्नो हार्दिक सहानुभूति प्रकट गर्नु नै यस कथाको उद्देश्य देखिन्छ । सम्पन्न भनाउँदा वर्गभित्रका कथा कहानीलाई पस्कनु पनि यस कथाको उद्देश्य देखिन्छ । सहरीया परिवेशलाई केन्द्रविन्दु बनाएर प्रस्तुत गरिएको उक्त कथामा सरल ढङ्गबाट गहन विषयवस्तुलाई समावेश गरिएको छ ।

## ४.६.२ मुटुभित्रको घाऊ

*'मुटुभित्रको घाऊ'* कथामा कथाकार चालिसेद्वारा गरिब वर्गको कहालीलाग्दो अवस्थाको चित्र प्रस्तुत गरिएको छ । गरिबी अशिक्षा र अन्धविश्वासका कारणले गर्दा सन्तबहादुरले तीनवटा छोरा गुमाउन पुगेको छ । पुर्ख्यौली थलो बालाजुमा बस्दै आएको सन्तबहादुरले जुत्ता सिएर आफ्नो परिवार पालेको देखिन्छ । गरिबीका कारण एउटा छोरो ६ महिनामा र अर्को छोरो २ वर्षमै मरिसकेको देखिन्छ । सन्तबहादुरको तेश्रो छोरो कर्णे ८ वर्षको र एक छोरी उसका साथमा बाँकी छन् । छोरो कर्णे अत्यन्तै रोगी देखिन्छ । त्यही छोरालाई पनि रोगले आक्रमण गरिसकेको देखिन्छ । अन्धविश्वासमा विश्वास गर्ने हुनाले छोरालाई

धामी झाक्री भएकोमा झारफुक गर्न लान्छन् । आखिर निको नभएपछि अस्पतालको शैयामा पुग्दा नपुग्दै कर्णे यो संसारबाट विदा भएको छ । यसरी सन्तबहादुरका तीन छोराले बाबुआमाको अन्धविश्वास, अशिक्षा र गरिबीका कारणले मरिसकेका छन् । सन्तानरुपी एक छोरीमात्र बाँकी छ । यसरी अत्यन्तै कारुणिक रुपमा 'मुटुभित्रको घाउ' कथाको अन्त्य भएको छ । सन्तबहादुर जस्ता गरिब वर्गहरूले गरिबीका कारण भौतिक सुख सुविधाको भोग गर्न नपाउँदै अकालमै मृत्युको मुखमा पुग्नुपर्ने बाध्यात्मक परिस्थितिको प्रसङ्ग देखाएको छ ।

यस कथाको मूल पात्र सन्ते उसकी श्रीमति, छोरो कर्णे, छोरी ठूली आदि गरिब वर्गको प्रतिनिधित्व गर्ने अनुकूल पात्र हुन् । सहरिया परिवेशलाई केन्द्रविन्दु बनाएर प्रस्तुत गरिएको यस कथामा पात्रअनुकूल भाषाशैलीको प्रयोग पाउन सकिन्छ । यस कथाले आजको वर्गीय समाजका विसङ्गति र विकृतिलाई उद्घाटित गरी ती प्रति तीखो व्यङ्ग्य गर्नु नै यस कथाको उद्देश्य देखिन्छ ।

## ४.६.३. आकाङ्क्षा

चालिसेको आकाङ्क्षा कथामा नेपाली नारीहरूले भोग्नुपरेका कटु र पीडादायी सामाजिक अन्यायको भण्डाफोर गर्दै नारी समस्याको चित्रण गरिएको छ । बिनुको लोग्ने विवाहपश्चात हराएको देखिन्छ । धेरै वर्षको प्रतीक्षापछि पनि आफ्नो लोग्ने नआएपछि बिनाले अर्के लोग्ने रोज्न पुगेकी छे । बिनुलाई रोजेको लोग्नेले उसको यौवनसँग मात्र विवाह गरेको बुझिन्छ । आखिर त्यही परपुरुषद्वारा बेश्या धन्दामा बेचिन पुग्छे । बाँच्नका लागि बिनुले यौवनको पसल थापेकी छे । आफ्नो प्यारो लोग्नेको आशमा बाँचिरहेकी छे । ऊ भन्छे– 'मेरो पहिलो लोग्ने आइदिएको भए उसले मेरो पतित अनुहार हेर्नु पर्दैन । बरु म उसलाई नचिनेरै भएपनि सेवा सुसार गर्ने थिएँ । ' ( पृष्ठ ३१ ) भनेर आफ्नो पहिलो लोग्नेको आशमा बाँचीरहेकी देखिन्छे । यसरी यस कथामा निम्न वर्गका नारीहरूका पीडा, अभाव र दुर्व्यवहार आदिलाई मुख्य विषयवस्तुका रुपमा समेटेको पाईन्छ । उनका

कथामा अभिजात्य वर्गीय सामन्ती संस्कार र संस्कृतिले जन्माएका सामाजिक शोषण प्रति विद्रोह गरेको पाईन्छ ।

यसरी आकाङ्क्षा कथामा पात्रगत ध्यान दिँदा बिनु पहिलो लोग्नेद्वारा फ्याँकिएकी परपुरुषसँग सम्बन्ध गाँस्ने प्रतिकूल मञ्चिय नारी पात्र हो । धने बिनुको जीवन बर्बाद गरिदिने खल पुरुष पात्र हो । बिनुको सासुससुरा कोइली आदि निम्न वर्गको प्रतिनिधित्व गर्ने मञ्चिय गौण पात्रहरू हुन् । सहर केन्द्रित परिवेशको चित्रण गरिएको आकाङ्क्षा कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग पाइन्छ । सहज कथ्य शिल्पमा संवाद संयोजन गरिएको कथाकार चालिसेको शिल्पीमा निखार आएको पाइन्छ । पहिलो लोग्नेको पवित्र चोखो मायाबाट वञ्चित बिनुले लोग्नेको अभावमा बाँच्नको लागि गरेको सङ्घर्ष हेर्दा आन्तरिक द्वन्द्वले चरमोत्कर्ष प्राप्त गरेको देखिन्छ । निम्न वर्गका नारीमनका यौनजन्य पीडा अभाव र दुर्व्यवहारको चित्रण गर्नु नै यस कथाको उद्देश्य देखिन्छ । सफल जीवन यापनका लागि पति पत्नी बीचको सम्बन्ध राम्रो हुनुपर्ने सन्देश दिनुपनि यस कथाको सार देखिन्छ । यदि पति पत्नी बीच एउटाको अभावमा सिङ्गै परिवार बिग्रन्छ । नारी मनका यौनजन्य पीडा, आर्थिक अभाव मार्मिक तथा गहन विषयवस्तुले स्थान पाउनु, संवाद, भाषाशैली द्वन्द्वजस्ता नाटकीय तत्वको विशिष्टता झल्कनुले आकाङ्क्षा कथा चालिसेको महत्वपूर्ण कथा मानिन्छ ।

### ४.६.४. माष्टर साहेब

देश र जनताको लागि मरिमेट्ने पञ्चायती पराकाष्ठाबाट छुटकारा पाउनको लागि आफ्नो ज्यानै अर्पण गर्ने शिक्षक आज प्रजातन्त्रको पुनर्प्राप्ति पश्चात दुनोट बेचेर बस्नुपर्ने कारुणिक अवस्थाको चित्रण माष्टर साहेब कथामा प्रस्तुत गरिएको छ । धुलिखेलमा बस्दै आएका माष्टर साहेब त्यसै ठाउँका एक असल शिक्षक हुन् । उनैद्वारा त्यस ठाउँमा शिक्षाको दैलो पोतिएको थियो । समयले माष्टर साहेबलाई समाउन सकेन । ०९७ सालको समयलाई पचाएर ०७

सालमा अग्निज्वाला ओकल्ने माष्टर साहेब आज दुनोट चिया बेचेर दोबाटोको सानो झुपडीमा एक्लै बस्ने गरेको देखिन्छ । उनको बोलीमा आक्रोस छ, बिद्रोह छ । मेचीदेखि महाकालीसम्मका भोका नाङ्गा समुदायको तस्बिर अटाएको छ । अन्याय र अत्याचार विरुद्ध उर्लिएका आक्रोसपूर्ण वाक्यहरू केवल पसलमा खान आउने ग्राहकसँग मात्रै पुगेको छ । यसरी २००७ सालको राजनैतिक परिवर्तनले निम्त्याएका विकृति र विसङ्गति प्रति तीखो व्यंग्य प्रहार गरिएको पाइन्छ । राष्ट्रसेवक, देशभक्त, प्रजातन्त्रप्रति समर्पित माष्टर साहेबजस्ता व्यक्ति सडकको पेटीमा बस्नुपर्ने बाध्यात्मक परिस्थितिको चित्र प्रस्तुत गरिएको छ । पञ्चायती व्यवस्थादेखि प्रजातन्त्र प्राप्तिसम्मको परिवेशको चित्र प्रस्तुत गरिएको छ । माष्टर साहेब र म पात्र ( कथानक ) नै मुख्य पात्र रहेको यो कथामा उनीहरूकै संवादका यो कथा टुङ्गिएको छ ।

अत्यन्तै सहज कथ्य शिल्पमा संवाद संयोजन गरिएको कथाकार चालिसेको भाषाशैलीमा निखार पाउन सकिन्छ । यथार्थबाट आदर्शतर्फ उन्मुख पात्रहरूका बीच वर्ग सङ्घर्ष र झिनो आन्तरिक द्वन्द्वले यस कथाभित्र स्थान पाएको देखिन्छ । देशमा फैलिएको सामाजिक राजनैतिक आर्थिक विकृति, विसङ्गतिप्रति व्यंग्य गर्नु नै यस कथाको मुख्य उद्देश्य देखिन्छ । यो कथामा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । तसर्थ माष्टर साहेब कथा विषयबस्तु, पात्र, संवाद र द्वन्द्व आदि सबैपक्षबाट चालिसेको यो कथा उत्कृष्ट देखिन्छ ।

### ४.६.५ हजुर बा

हजुर बा कथा चालिसेको पारिवारिक बिग्रदो परिस्थितिको चित्र प्रस्तुत गरिएको पाइन्छ । जीवनप्रतिको उनको विश्वास चट्टान जत्तिकै कडा देखिने हजुर बा कहिल्यै हार्न नचाहने जिउँदो लाग्दो रुपमा रहेको देखिन्छ । हजुर बाको जवानीमा कसैले पनि उनलाई आँखा जुधाएर हेर्न सक्दैनथे । उनका बलिष्ट

पाखुरीले देशको माटोमा पसिना चुहाएको पाइन्छ । तिनै जवान हजुर बा आज समयले कोल्टे फेर्दा दुँनियाका सामु फलामे लठ्ठीको आडमा विगतको लामो इतिहास कोरिरहेका देखिन्छन् । रोलवाला राणाहरूको दरबारमा सुसारे बा का दुई छोरा बल दाइ र मन दाइ बाबुभन्दा पहिले नै अत्यधिक रक्सी सेवनका कारणले मरिसकेका पाइन्छन् । बा अहिले ८६ वर्षको उमेरमा पनि एक्लै बुढ्यौलीतिरका दिनहरू गन्दै आफ्ना कमाइमा हिँडिरहेका देखिन्छन् ।

यसरी हजुर बाको बिग्रदो पारिवारिक परिस्थितिको विषयवस्तुलाई लिएर उनीएको छ । यो कथा आजको दुँनियामा हजुर बाको सेवा गर्ने कोही पनि देखिदैन किनकी उनका बलिष्ट हात पाखुरी गलिसकेका छन् । अर्कासँग भीख मागेर खानुपर्दा जिउँदै मरेको आभाष भइरहेको बुझिन्छ । आफ्नो बल र पाखुरीमा बाँच्न चाहने हजुर बा कथाका प्रमुख तथा अनुकूल पात्र हुन् । मन दाइ र बल दाइ रक्सी सेवन गर्ने, घरमा कलङ्क मच्चाउने प्रतिकूल एवं मञ्चिय पात्रका रुपमा देखिन्छन् ।

यस कथाको भाषाशैली अत्यन्तै विशिष्ट, बोधगम्य तथा सरल रहेको पाइन्छ । परिवेशको रुपमा हजुर बा कै जीवनमा घटेका यथार्थ घटनाहरू नै मुख्य रुपमा आएको देखिन्छ । हजुर बाको व्यक्तिगत जीवनमा घटेका घटनाहरूले यो कथामा हजुर बाको आन्तरिक द्वन्द्वले चरमोत्कर्ष प्राप्त गरेको बुझिन्छ । जीवनमा बाँच्नको लागि आफ्नो कमाइ खाएर मात्र मान्छे बाँच्न सक्छ, नत्र अरुको भरमा बाँच्नलाई धेरै गाह्रो हुन्छ भन्नु नै यस कथाको उद्देश्य देखिन्छ । प्रथम र द्वितीय पुरुष दृष्टिबिन्दुमा यो कथा बुनिएको पाइन्छ । समाज सुधारक चालिसेको हजुर बा कथा सबै कोणबाट हेर्दा उत्कृष्ट नै मान्न सकिन्छ ।

## ४.६.६ सृष्टि

ठाकुर चालिसेको 'नौलो कोसेली' पत्रिकामा प्रकाशित सृष्टि कथामा राजनैतिक परिवर्तनले ल्याएको विकृतिप्रति तीखो व्यंग्य गरिएको पाइन्छ । कुनै

समयमा राष्ट्रले सम्मान गरेको राष्ट्रसेवक एक शिक्षक प्राज्ञ भएर पनि समयले दबाएर हाल अवकास प्राप्त उपेक्षित नागरिक भएर बस्नुपर्ने बाध्यात्मक परिस्थितिको प्रस्तुति सृष्टि कथामा पाइन्छ । यस कथामा म पात्रले गुरुलाई भनेका छन् - 'मानवीय संवेदना लुप्त भएको आजको यस्तो घुमिल बाक्लो बस्ती बढेको यस सहरमा खोजेको सृष्टि के होला ?' त्यसको प्रतिउत्तरमा गुरुले म पात्रलाई भनेका छन् -' यहाँ स्रष्टाका सृष्टिहरू सिक्रीले बाँधिएका छन्, कैद परेका छन् । हाम्रै आँखा अगाडि भएका छन् ।' नयाँ सृष्टिको खोजमा सधैं तड्पिरहने गुरु अझै पनि राष्ट्रको सुनौलो भविष्यको आशमा बसेका छन् । राष्ट्रघाती,देशद्रोहीहरूद्वारा आफू पराजित भएपनि नयाँ सृष्टिको खोजीमा उनका आँखा टलपलाई रहेको देख्न पाइन्छ । देशमा फैलिएको राजनैतिक, सामाजिक, आर्थिक पक्षको पर्दाफास गर्नु नै यस कथाको उद्देश्य देखिन्छ ।

राष्ट्र र राष्ट्रियताको लागि मरिमेट्ने गुरु यस कथाका प्रमुख तथा अनुकूल पुरुष पात्र हुन् । गुरुका चेला 'म' पात्र नयाँ सृष्टिको खोजीमा हिड्ने अनुकूल मञ्चिय तथा निम्न वर्गको प्रतिनिधित्व गर्ने पुरुष पात्र हो । राजनैतिक परिवेशलाई केन्द्रबिन्दु बनाएरु प्रस्तुत गरिएको यस कथामा पात्रानुकूल भाषाशैलीको प्रयोग संवादभित्र पाउँन सकिन्छ । बस्तुतः सङ्क्रमणकालीन नेपाली समाजको यथार्थ परिदृश्यलाई देखाउने चासो कथाकारले देखाएका छन् ।

### ४.६.७ यो मेरो अठोट हो

उत्साह पत्रिकामा प्रकाशित 'यो मेरो अठोट हो' भन्ने कथा चालिसेको अरु कथाभन्दा विशिष्ट मान्न सकिन्छ । उक्त कथामा २०१७ देखि २०५२ सालसम्म विभिन्न शासन प्रणाली आए पनि प्रजातान्त्रिक अधिनायकत्वले हाम्रो विवेकमा बार लगाइदिएको प्रसङ्ग देखाएको छ । समाजमा अनेकन विकृतिप्रति व्यंग्य गर्दै आफ्नो कथ्य सत्य ढङ्गमा प्रस्तुत गरेको पाइन्छ । कथामा हजुर बा, आमा, छोरा र नातिको प्रसङ्ग ल्याएर राजनैतिक विकृतिप्रति तीखो व्यंग्य

गरिएको पाइन्छ । विषयवस्तुका रुपमा हजुर बा ले १९९७ मा रोपेको नास्पातिको बोट, २००८ मा रोपेको अनारको बोट, २०१७ मा रोपेको हाडिबेलको बोट अद्यापि बा को बगैँचामा झाङ्गिएको पाइन्छ । देशमा विशेष किसिमका राजनैतिक घटना भएमा त्यसैको सम्झनामा हजुर बा ले कुनै न कुनै फलफूलको बोट ल्याएर रोपेको देखिन्छ । हजुर बा त्यही बगैँचामा ठिङ्ग उभिएर हल्लिरहेका बोट बिरुवा देख्दा गौरव गर्दै भन्ने गर्थे - 'यो मेरो बगैँचा हो ।' मेरो बगैँचा मेरो देशको हो किनकी बगैँचाको गर्भमा बा को जन्मको इतिहास टाँसिएको पाइन्छ । हजुर बा को बगैँचामा छोराको हत्याको बिभत्स चित्रहरू कोर्दै डुलिरहेका प्रसङ्ग आएको पाइन्छ । अभावको भान्सामा रापिएर पीडाको पोखरीमा पौडेर शिथिल भएकी आमा भने परिवर्तनका छटाहरू देख्दिनन् । जताततै निराशामा नै विद्रोह, कायर मानसिकताले छोपिएका कालरात्री मात्रै देख्छिन् । नाति, नातिनीले हजुर बा आमालाई कुनै फलफूलको बोट रोप्नुहोस्, त्यसको गोडमेल हामी गर्ने छौँ भनेर सम्झाएका प्रसङ्गहरू आएका छन् । नेपाली जनताका २०४६ को जनआन्दोलनमा आँखा रसाएका थिए, त्यो पनि त्यसै सुकेर गयो । २०५२ सालको माओवादी आन्दोलनले त झन् जनमानस भित्र सुगन्धित फूल नै फुलेको थियो, त्यो पनि फूल फुल्न नपाउने हो कि भन्ने आशङ्का आमाले गरेकी छिन् । छोरोले आमालाई सम्झाउदै भनेको छ -' हो आमा म एक्लैले । म भनेको हामी हौँ । म एक्लैले भन्नु म जस्तै असङ्ख्य आमाका छोरा छोरी एक्लै- एक्लै भएर सबैले आमा सत्य एक्लो हुन्छ र पनि ऊ सबै एक्लाहरू कहाँ पुग्छ र त्यही सत्यले समूह जन्माउछ अनि भविष्यमा उही समूह नै एक्लो सत्य हुन्छ ।

छोराको यस्तो वचन सुनेर आमा बाको मुहारमा सूर्यको रक्तिम लाली चढ्न थालेको देखिन्छ । बृद्ध हजुर बा नातिको यस्तो वचन सुनेर तेरो सत्यको जय होस् बाबु, म त्यही देख्न चाहन्छु । अब फेरि बीस वर्ष बाँच्नेछु, यो मेरो अठोट हो भनेर कथा अन्त्य भएको छ ।

पात्रतर्फ ध्यान दिँदा म पात्र, हजुर बा, आमा र नाति नातिनाहरूको प्रसङ्ग ल्याएको पाइन्छ । हजुर बा देशमा अमनचयन ल्याउन चाहने देशभक्त प्रमुख तथा अनुकूल पुरुष पात्र हो । आमा नारीवर्गको प्रतिनिधित्व गर्ने राष्ट्रसेवक अनुकूल तथा मञ्चिय पात्र हो । नाति देशमा राजनैतिक स्थिरता ल्याएरै छाड्ने राष्ट्रभक्त अनुकूल गौण तथा मञ्चिय पात्रका रुपमा आएको छ । परिवेशको रुपमा सहर केन्द्रित राजनैतिक विकृति, विसङ्गति, शोषण, अत्याचार र दमनको पर्दाफास गरिएको पाइन्छ । बगैँचा घर आदिको पनि वर्णन गरिएको छ । राष्ट्र, राष्ट्रियता प्रतिको बोध एवं प्रजातन्त्रको आगमन सँगै मुलुकमा देखा परेका विभिन्न विकृति एवं वर्तमान सत्तासीन सरकारका अदूरदर्शी, अनभिज्ञतापूर्ण हाँस्यास्पद क्रियाकलाप प्रति कडा व्यंग्यात्मक रोष व्यक्त गर्नु नै यस कथाको उद्देश्य एवं सार देखिन्छ । अत्यन्तै सहज बोधगम्य भाषाशैलीमा उत्कृष्ट मान्न सकिन्छ ।

## ४.६.८ निष्कर्ष

साहित्यिक प्रतिभाका धनी चालिसेको व्यक्तित्व तुलनात्मक रुपमा हेर्दा कथाकार व्यक्तित्व पनि सशक्त रहेको पाइन्छ । सर्वप्रथम 'नौलो किरण' पत्रिकामा प्रकासशत 'सम्पन्नता भित्रको एउटा यथार्थ' शीर्षकको कथा लिएर देखापरेका चालिसे २०३५-२०५४ सम्म सक्रिय रुपमा उपन्यासका साथसाथै कथा विधालार्य पनि अघि बढाएको देखिन्छ । विविध सामाजिक, आर्थिक, राजनैतिक आदि विषयबस्तुलाई समेटेर प्रस्तुत गरिएको यस कथामा विशेषतः राजनैतिक परिवेशले निम्त्याएको विकृति विसङ्गतिको पर्दाफास गर्नु नै यी निबन्धहरूको उद्देश्य देखिन्छ । सामाजिक असमानता, नारी समस्या, यौन कुण्ठा, विद्रोही चेतना जस्ता अनेक भाव उनका कथामा पाइन्छ । वस्तुतः सङ्क्रमणकालीन नेपाली समाजको यथार्थ परिदृश्यलाई रेखाङ्कित गर्दै सुधाराकाङ्क्षी आदर्श चेतलाई मुखरित गर्ने चासो कथाकारले देखाएको पाइन्छ । सहज कथ्यलाई उस्तै सहज भाषाशैली

संवाद र नाटकीय बनोटद्वारा यी कथाहरू प्रस्तुत भएका छन् । सामान्य विषयभित्र विशिष्ट चरित्र र तिनका मानसिक अवस्थितिलाई उधिनेर उद्घाटित गर्नु उनका कथाहरूको उपलब्धी देखिन्छ । शाब्दिक जटिलताभन्दा तिनको सरल संयोजनद्वारा कथामा मिठास थप्नमा खप्पिस देखिन्छन् । सामाजिक आधारलाई महत्व दिएर व्यङ्ग्यवादी लेखनमा यिनले जुन नविन धार दिएका छन् , त्यो अभिनव हरित व्यंग्यको रुपमा रहेको देखिन्छ ।

## ४.७ चालिसेका निबन्धको विश्लेषण

### ४.७.१ थप्पड

२०४० को आगमन पत्रिकामा प्रकाशित *'थप्पड'* शीर्षकको निबन्धमा चालिसेका सबै नेपाल आमाका सन्तान त्यो भन्दा नै बढी पूरै विश्वका सन्तान सबै एकै हुन भन्ने भाव पाइन्छ । यस निबन्धमा 'म' पात्रको सरकारी विद्यालयमा पढ्ने छोरीले ए.बि.सि.डि.पनि चिनेकी छैन । उसले अहिलेसम्म क,ख,अ,आ पनि राम्रोसँग आउँदैन । बाबुले छोरीलाई पढाउदै ८९ लेखेर सोध्दा छोरीले प्रतिउत्तरमा उनासी भनि जवाफ दिएकी छे । त्यस्तै ७६ लेखेर सोध्दा छयालिस भनेर उत्तर दिएकी छे । यस्तो छोरीको अवस्था देखेर बाबु मुरमुरिदै रिसले गालामा थप्पड हान्न लागेको देखिन्छ । बोर्डिङ स्कुल कक्षा ४ मा पढ्ने राजारामको छोरो राइजिङ नेपाल पत्रिका मजासँग पढ्न सकेको देखिन्छ । बाबु छोरीको नाजुक अवस्था देखेर दिक्क मानेको देखिन्छ । तापनि ऊ विश्वस्त छ, बगैँचामा रोपिएका उसका सन्तानरुपी विरुवा हुर्कनेछ तर फल भने टर्रो नै हुनेछ भन्ने प्रसङ्ग आएको पाइन्छ । छोरी पनि उसकै बगैँचाको एक विरुवा हो, त्यही विरुवालाई मलजल गरे अवस्य त्यो पारिजातको बोट हुनेछ भन्ने प्रसङ्ग आएको छ । यसरी विविध विषयलाई एकसाथ यथार्थपूर्ण शैलीमा प्रस्तुत गर्दै निबन्धलाई वर्णनात्मक बनाएका छन् । यथार्थपूर्ण ढङ्गबाट प्रस्तुत गर्ने क्रममा यसभित्र तत्सम, तत्भव र आगन्तुक भाषाहरूको प्रयोग पाइन्छ । विविध बिचारधारामा यस निबन्धको

भाषाशैलीले युक्त भएको पाइन्छ । शिक्षाको पहुँच अभिजात भनाउँदा वर्ग र पहुँचवालाहरूमा मात्र पुगेको तर गरिब निमुखा जनताहरू भने धेरै टाढा रहेको कुरा यो विबन्धमा प्रष्ट्याएको पाइन्छ । विकिर्ण चिन्तन प्रस्तुत गर्ने क्रममा विषयवस्तु बाहिर गएर चालिसेले चेतना प्रवाह भित्र्याउने चेष्टा गरेका छन् । यसरी वर्णनात्मक कलात्मक वैचारिकताका दृष्टिले यो विबन्ध महत्वपूर्ण देखिन्छ ।

## ४.७.२ अन्धकार बस्तीको प्रज्ज्वलित दियो

२०३९ को साङ्ग्रिला पत्रिकामा प्रकाशित यस निबन्धमा चालिसेले परिश्रमी एक गुरुको जीवन कहानी र अनुभवलाई विकिर्ण चिन्तनमा समावेश गरेका छन् । गुरु पोखरामा पत्रपत्रिका बाड्दै हिड्ने निम्न स्तरको प्रतिनिधित्व गर्ने व्यक्तिका रुपमा देखिएका छन् । गुरुलाई घाम- पानी, चिसो-तातो केही पनि कुराको प्रवाह देखिदैन । दिन रात पोखराका बासिन्दाहरूको लागि उनी समाचारदाता नै बनेको पाइन्छ । देशमा धेरै राजनैतिक उथलपुथल आएपनि गुरुको आवाजमा कुनै परिवर्तन आएको देखिदैन । कडा रोग लागेर डाक्टरले बढी कराउनु हुँदैन भन्ने सल्लाहलाई समेत उनले ध्यान नदिएको पाइन्छ । उल्टो उनी पोखराका लागि प्रज्ज्वलित दियोको रुपमा देखा परिरहे । उनी आफ्नो पेसाको लागि कहिल्यै हारेनन्, कहिल्यै रोएनन् । उनी साँच्चिकै पोखराका गुरु नै देखिन्छन् । पोखराको मनमोहक सौन्दर्यभन्दा छुट्टै सौन्दर्यका रुपमा चिनिन पुग्छन् । धन्य छ उनको मिहिनेत,परिश्रमी हात पाखुरी कहिल्यै नगलून । उनी भित्रको उर्लदो आक्रोशपूर्ण आवाजहरू कहिल्यै नरोकियोस्, जागरुक चेतना कहिल्यै नमरोस् भन्ने कामना लेखकमा रहेको पाइन्छ । यसरी एउटा मिहिनेती पत्रपत्रिका बेच्दै हिँड्ने व्यक्तिको जीवन कहानी र उसले पोखराबासीहरूमाथि पुऱ्याएको योगदानमा आधारित यस विबन्धको भाषाशैली बोधगम्य व्यंग्यात्मक र वर्णनात्मक रहेको पाइन्छ । धनी सम्पन्न वर्गहरू चिल्ला गाडीमा बहकिदै हिँडेका छन् भने गरिब निमुखा जनताहरू रातदिन परिश्रम गरेपनि एक पेट पाल्न नसक्ने अवस्थामा देखिन्छ ।

धनी गरिब बीचको यो खाडल नपुरुञ्जेल देशको विकास सम्भव नहुने कुरा यस निवन्धमा प्रष्ट्याएको पाइन्छ । राज्यका मर्यादित पदासीन व्यक्तिहरूको कार्यशैली र व्यवहारमा सुधार हुनुपर्छ भन्ने धारणालाई यस निबन्धले व्यङ्ग्यात्मक रुपमा प्रस्तुत गरेको पाइन्छ । वर्णनात्मक चित्रात्मक वैचारिकताका दृष्टिले यो निबन्ध निकै महत्वपूर्ण रहेको पाइन्छ ।

### ४.७.३ निश्कर्ष

ठाकुर चालिसेको थप्पड र अन्धकार बस्तीको प्रज्ज्वलित दियो शीर्षकका दुई निबन्धलाई नियाल्दा नितान्त जीवनमा घटेका अनुभव गरेका र देखेका घटनाहरूलाई नै निबन्धको विषयवस्तु बनाएको देखिन्छ । यी घटनाहरूमा मौलिकता,काल्पनिकता बैचारिकता पाउन सकिने आधारहरू पनि प्रसस्तै छन् । यस भित्र चालिसेका हर्ष,विष्मात्, आक्रोश, सुख दुःख, हाँसो रोदनका क्षणहरू अन्तर्निहित छन् । कतिपय चिन्तनमूलक निबन्धहरूमा चालिसेको दार्शनिक,वैचारिक, राष्ट्रियता, प्रकृति प्रेम,भावुकता पाउन सकिन्छ । उनका निबन्धमा प्रस्तुत गर्ने क्रममा बिषयवस्तुभन्दा बाहिर गएर चालिसेले चेतना प्रवाह शैली भित्र्याउने चेष्टा गरेको पाइन्छ । कतै अत्यधिक वर्णनात्मकताले गर्दा मूल कथ्यलाई ओझेल पार्न खोजेको अनुभूति पाठक वर्गमा पर्न सक्छ । भाषाशैलीगत दृष्टिले हेर्दा झर्रो नेपाली शब्दहरूको प्रयोगका साथसाथै तत्सम-तत्भव र आगन्तुक शब्दहरूपनि केही ठाउँमा प्रयोग गरेको पाइन्छ । यिनका निबन्धमा नाटकीयता झल्कन्छ । चालिसे निबन्ध विधामा भने त्यत्ती धेरै लागिपरेका देखिदैनन् । त्यसैले उनको निबन्ध अरु उपन्यास, कथा विधाभन्दा कमजोर नै रहेको देखिन्छ । तापनि उनी बहुमुखी साधक हुन । उपन्यास, कथाका साथसाथै निबन्धमा पनि उनले हात चलाएको देखिन्छ । उनका निबन्धहरू पनि महत्वपूर्ण नै मान्न सक्ने आधारहरू पाउन सकिन्छ ।

## ४.८ ठाकुर चालिसेका साहित्यिक प्रवृत्ति र योगदानको निरुपण

### ४.८.१ सामाजिक यथार्थताको चित्रणमा रुचि

कथा एवम् उपन्यास समाज सापेक्ष विधा हो । यसले समाजका मूल्य र मान्यतालाई बोकेर हिँडेका हुन्छन् । कथामा कथाकारले आफ्ना अनुभूति र विचारलाई पोखेको हुन्छ । यसमा सामाजिक सत्यको कलात्मक तथा साहित्यिक पाराले उद्घाटन गरिन्छ । समाजमा भएका थिचोमिचो अन्याय गरिबी, नारी समस्यालाई आफ्नो साहित्यको विषय वस्तु बनाएका छन् । उनले **लङ्गडी** उपन्यासमा सामाजिक व्यङ्ग्य र विद्रोहलाई गम्भीरताका साथ उठाएको छ । एउटी अपाङ्ग लङ्गडीका मनमा उठेका आन्तरिक मनस्थितिको चित्रण गरिएको छ । आठ वर्षकै उमेरमा गाडीको ठक्करबाट खुट्टा गुमाउन पुगेकी ताराका जीवनमा घटेका यथार्थ घटना एवम् आन्तरिक पीडा वेदना र छटपटीलाई यथाथृ रूपमा प्रस्तुत गरेका छन् । लङ्गडी पनि त यही समाजकी नारी हो । उसमा पनि रूप सौन्दर्य र जवानी छ तर मात्र ऊ लङ्गडी । यस्तो अवस्थामा उसका हृदयमा कति विचार आउँछन् । उसको मनस्थितिलाई कसले कोट्टयाएर हेर्ने त ? हाम्रो समाजमा पनि यस्तै लङ्गडी धेरै होलान् खै त उनीहरूको मान सम्मान ? मानवबाट मानवीयता सम्यताको खिल्ली उडाइएको छ भने **मेरो मित्र** उपन्यासमा एउटा सच्चा देशभक्त राष्ट्रभक्त नागरिकले देश र जनताको लागि लडदा-लड्दै जेलको चिसो कोठामा बस्नुपर्ने बाध्यात्मक अवस्थाको चित्रण गरिएको छ । त्यसैगरी उनका 'माष्टरसाहेव' कथामा कथाकारले माष्टरसाहेव (एक शिक्षक) प्रजातन्त्र प्राप्ति पछि बाटामा डुनोट बेचेर जीवन गुजारा गर्नु पर्ने कारुणिक स्थितिको चित्रण गरिएको छ । **मुटुको घाऊ** कथामा गरिवी, अशिक्षा अन्धविश्वासले गर्दा आफ्ना कल्कलाउदा दुई छोराहरूलाई अस्पतालको मुखसम्म देख्न नपाउँदै मृत्युको मुखसम्म पुग्न परेको कारुणिक अवस्थाको चित्रण गरिएको छ । समुचित परिवेश, सामाजिक सन्दर्भ अनुकूलको भाषा र सामाजिक जीवन

तटस्थ चित्रण नै चालिसेका सामाजिक यथार्थवादी प्रवृत्ति हुन् । निम्न वर्गीय जीवनको अनुसन्धान तथा तिनीहरूको सूक्ष्म प्रस्तुतिकरण उनको सफलता हो ।

### ४.८.२ सहरिया तथा ग्रामीण जीवनको प्रस्तुति

चालिसेले आफ्ना कथा र उपन्यासको अध्ययन क्षेत्र गाउँभन्दा सहरलाई नै बनाएका छन् । उनले सहरीया परिवेशमा देखिएका अनेक समस्याहरूको समुद्घाटन आफ्ना साहित्यमा गरेका छन् । खासगरी निम्न मध्यम वर्गदेखि सम्पन्न वर्गहरूका जीवनका जटिलतालाई प्रस्तुत गरेका छन् । साथै तिनीहरूका परिवेशको चित्रण, परिवारको विग्रँदो स्थिति र सहरी सभ्यताले भित्र्याएको छाडापनको दृश्यलाई कथाको विषयवस्तु बनाएको पाइन्छ ।

उनका कथामा सहरीया जीवनको यथार्थलाई प्रस्तुत गरेको पाइन्छ । सहरी जीवनको प्रतिबिम्बका रूपमा साहित्यकार चालिसेलाई लिनु पदर्छ । तिनै हुन् छलछाम र मिथ्या प्रपञ्चका शैली बनेर नागर सभ्यताको सजीव उपस्थिति कथानकमा केही अन्तर भए पनि चरित्रहरू उस्तै उस्तै हुनु स्वभाविक हो किनकि **सहर**मा निम्न मध्यम वर्गीय पात्रहरूले भोग्नु पर्ने स्थितिको स्वरूप लगभग उही हो । सहरी सभ्यतामा ठूला भनाउँदा कर्मचारीहरूको भ्रष्ट र पतीत कर्मचारीप्रति तिखो व्यङ्ग्य गरेको छ ।

उनको **मेरो मित्र** उपन्यासमा **सहरी** परिवेशको विग्रँदो स्थितिको चित्रण गरिएको छ । विदेशी सङ्गीतको धुनमा स्वदेशी सुन्दरीलाई नचाएर महंगा रक्सी खाएर रमाएका छन् । निमुखा जनताहरूको आँसु खसाएर चिल्ला गाडीमा चढेर पाँचतारे होटलमा सेमिनार र गोष्टी भनेर कुदेका छन् । देश  र जनताका लागि भन्ने वाक्यलाई आफ्नो मन्त्र बनाएर सोझा जनताहरूको उठिवास गरेका  छन् लङ्गडी उपन्यासमा पनि शहरी परिवेश भित्रकै अपागहरूका कथा व्यथा र विसंगत जीवनका घटनाचक्रलाई देखाइएको छ ।

त्यस्तैगरी "**सम्पन्नता भित्रको एउटा यथार्थ**" र **मुटुभिको घाऊ** कथामा गरीब दीन दु:खी र निमुखाहरूको कहाली लाग्दो कारुणिक अवस्थाको चित्रण

गरिएको  पाइन्छ । गरिबी अशिक्षा र अन्धविश्वासले गर्दा आफ्ना कलकलाउँदा मुना जस्ता सन्तान अस्पतालसम्म पुग्न नपाई मृत्युको ढोकामा पुग्नु परेको घटना देखाइएको छ । **माष्टरसाहेव** कथामा पनि शहर केन्द्रित घटनाचक्रलाई देखाइएको छ । यो कथामा कथाकारले वि.सं. १९९७ सालको शहिद काण्डमा सक्रिय भएर देश र जनताको लागि मरिमेटने एक योद्धा वि.सं. २००७ सालमा अग्निज्वाला ओकल्ने माड्साहेव (एक शिक्षक)  प्रजातन्त्रपछि डुनोट बेचेर जीवन बिताउनु पर्ने परिस्थितिको चित्रण गरेको पाइन्छ । त्यस्तैगरी **हजुर बा** र **यो मेरो अठोठ हो** भन्ने कथामा २००७ साल देखि २०५२ सालसम्मको माओवादी आन्दोलनसम्मको शासन प्रणालीमा  नेपाली जनताका आँखा रसाएका छन्  तर प्रजातान्त्रिक अधिनायकत्वले हाम्रा बुद्धि, विवेक  र इच्छा आकांक्षालाई शून्यमा विलाई दिएको प्रस्तुति पनि उनका कथामा पाइन्छ । व्यक्तिवादी सोचले गर्दा सामुहिक उन्नति उपर बार हाल्ने काम गरेका छन्  । यसरी उनले ग्रामीण भन्दा सहरी परिवेशमा जन्म लिएका कारण **सहरी** सभ्यताका जीवनका कटु सत्यताले गहन अध्ययन र अनुभूति अत्यन्तै सुक्ष्म रूपले गरेका छन् ।

### ४.८.३  नारी समस्याको प्रस्तुतिमा गहिरो रुचि

नेपाली नारीहरूले भोग्नुपरेको कटु पीडादायी सामाजिक अन्यायको भण्डाफोर गर्दै नारी समस्याको उद्घाटन चालिसेले गरेका छन् । उनले समाजमा अभिजात वर्गीय सामन्ती संस्कार र संस्कृतिले जन्माएका सामाजिक यथार्थतालाई अर्थ्याएका छन् । त्यसैले निम्न वर्गका नारीहरूका पीडा वेदना एवम् व्यवहार आदिलाई समेटेको छन् । उनको **लङ्गडी** उपन्यासले एउटी अपाङ्ग नारीले भोग्नु परेको विसंगतपूर्ण जीवनका घटनाहरूलाई देखाइएको छ । हो, ऊ लङ्गडी  छ, लङ्गडी  भएपनि उसमा पनि अरु नारी सरह भएर हिड्ने इच्छा छ, एउटा पतिता भएर होइन नारी भएर एउटा भोग्य भएर होइन स्वास्नी बनेर रत्नपार्कको पेटीमा कसैकी स्वास्नी बनेर रातो सिन्दुरले सजिएर हिड्ने आशमा रमाएकी हुन्छे तर शर्मा गुरु जस्ता लेक्चररले अन्त्यमा तिमी आमा बन्न सक्तिनौ कारण म नपुंसक

हुँ भनेपछि मुर्छित भएर मृत्यु वरण गर्न पुगेकी छ । **मेरो मित्र** उपन्यासमा पनि भट्टी पसल्नी यौवनको रस चुसेर पुरुषद्वारा फ्याँकिएकी छ । ऊ मायाको लोभमा फसेर दुईवटी अबोध बालिकाको जन्म दिएकी छ । त्यसैले बाध्यताले आफू र आफ्ना सन्ततिको लागि बाँच्ने माध्यम भट्टी पसल थापेकी छ जहाँ हजारौ पुरुषहरूले रमाइलो गर्ने ठाउँ बनेकी छ । यसरी उनका उपन्यासले निम्न वर्गीय नारीहरूका पीडा र वेदना एवम् व्यवहार आदिलाई समेटेका छन् । त्यस्तेगरी उनको **आकांक्षा** शीर्षकको कथामा विवाह गरे पश्चात आफ्नो लोग्ने हराएको छ । आफ्नो पतिको धेरै वर्ष प्रतिक्षामै बसेकी छे तर पनि आफ्नो लोग्ने नआएपछि ऊ विवश भएर अर्को लोग्ने खोज्न पुग्छे आखिर अर्को पर पुरुषले उसको यौवनसँग मात्रै विवाह गरेको हुन्छ उसै लोग्नेद्वारा वेश्या धन्दामा फस्न पुग्छे । बाँच्नको लागि उसले यौवनको पसल थापेकी छे तापनि आफ्नो लोग्नेको आशमा बाँचिरहेकी छे । ऊ भन्छे मेरो पहिलो लोग्ने आए भने त उसले मेरो पतीत अनुसार हेर्नु पर्दैन बरु म उसैलाई नचिनिएरै भए पनि सेवा सुसार गर्ने थिए भनेर गहभरी आँशु झारेर रोएकी छे । यसरी नारीले पहिलो लोग्नेबाट फालिएपछि वेश्या बनेर बस्नु परेको कारुणिक अवस्थाको चित्रण उनले गरेको पाइन्छ । यसरी उनका साहित्यिक कृतिहरूमा समाजका वर्गद्वन्द्वलाई अझ प्रोत्साहित गरेर आफ्नो स्वार्थ पूरा गर्ने सामन्तवादी युगीन परिवेशप्रति व्यङ्ग्य छ । यही कारणले गर्दा नेपाली निम्न वर्गका सम्पूर्ण गरिब बोचिएका चेलीबेटी घर कारखाना कार्यालय जताजतै शोषित जीवन बिताउन बाध्य भएका दिदी बहिनीहरूका कहाली लाग्दा जीवन व्यथाहरूलाई उठान गरेका छन् । नारीको मुक्ति केवल पुरुषसँग बदला लिएर मात्रै पूरा हुदैन बरु त्यसका लागि त नारीलाई भोग्या,कमजोर र साधनविहीन बनाउँने सामन्ती संस्कृति र पूँजीवादी व्यवस्थालाई समूल नष्ट पार्दै नारीलाई पनि स्वतन्त्रता प्रदान गर्नुपर्छ भन्ने नारीवादी चेतनाको मार्क्सवादी प्रस्तुतिका दृष्टिले पनि उनको साहित्य निर्दिष्ट रहेको पाइन्छ ।

## ४.८.४ जागिरे जीवनका समस्याको प्रस्तुति

जागिरे जीवनको जटिल सामाजिक समस्यालाई यथार्थ रूपमा उद्घाटन गर्दै चालिसेले कथा लेखेको पाइन्छ । उनको **माष्टरसाहेव** कथामा देश र जनताको लागि मरिमेट्ने पञ्चायती निरङ्कुशताको पराकाष्टाबाट छुटकारा पाउनको लागि आफ्नो ज्यानै अर्पण गर्ने शिक्षक आज प्रजातन्त्रको पुनःप्राप्ति पश्चात डुनोट बेचेर एक्लो जीवन बाँच्नु पर्ने कारुणिक अवस्थाको चित्रण गरेको पाइन्छ । "**सम्पन्नता भित्रको एउटा यथार्थ**" भन्ने कथामा रामप्रसाद जस्तो एउटा अफिसरले गएर आफूभन्दा तल्ला ओहोदाका कर्मचारीलाई हप्काउने दप्काउने मनपरी तन्त्र गर्ने गर्छ भने अघिल्लो साल दुई लाख, एकलाख, पचास हजारको कर तिर्ने ठाउँमा यो साल ठूला भनाउँदासँग मिलेर पचास हजारको कर तिर्नु पर्ने वातावारण मिलाएका छन् । बाँकी पैसाले सबै भ्रष्टहरूका गोजी भरिएका छन् । यसरी हेर्दा उनका कथामा सहरी क्षेत्रमा भएका सरकारी कार्यलयहरूमा कार्यरत कर्मचारीहरूको स-सना कर्मचारी माथि गर्ने दुर्व्यवहारको चित्रण पाइन्छ । उनका कथामा महिला कर्मचारीले भोग्नु पर्ने अप्ठ्यारो परिस्थितिको पनि चित्रण गरिएको छ । सामन्ती शोषण, तल्ला तहका ज्यालादारीहरू काम गर्ने श्रमिकहरू माथि भइरहने शोषण दमन र यथार्थको उद्घाटन पनि उनका कथामा पाइन्छ ।

त्यस्तै **मेरो मित्र** उपन्यासको नायक एक सच्चा जागिरे हो । ऊ पनि सरकारी कार्यालयमा भएका भ्रष्ट गतिविधि देखी वाक्क भएर रक्सीको नसामा फसेको छ । इमान्दारीतापूर्वक हाड घोडेर सेवा गर्दा पनि पुरस्कार पदक र पदोन्नतिको साटो सेवा मुक्ति भएर बस्नु परेको अवस्थाको चित्रण गरिएको छ । अन्याय अत्यचारको घोर विरोघ गर्दा गर्दै आफै पञ्चहरूद्वारा जेलमा थुनिनु पर्ने अवस्थाको चित्रण गरेको छ । विशेष गरी सहरी क्षेत्रमा भएका सरकारी कार्यालयहरूमा कार्यरत कर्मचारीहरू ठीक समयमा कार्यलयमा उपस्थित नहुने कुराप्रति व्यङ्ग्य हानेको छ । ठूला कर्मचारीले साना कर्मचारीलाई ढिला

आएकोमा पनि गाली गर्छन् भने ठूला कर्मचारी नै ढिला आएमा उसलाई गाली कसले गर्ने भन्ने कुराप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

### ४.८.५ पारिवारिक समस्याको चित्रण

चालिसेले परिवारसित सम्बन्धित कथाहरू पनि लेखेको पाइन्छ । उनले परिवारका सम्पूर्ण समस्याको पति-पत्नी बिचको असमझदारी, यौन, असन्तुष्टि, आर्थिक समस्या, गरिवी जस्ता विषयलाई आधार बनाएका छन् । उनका परिवारसँग सम्बन्धि कथाहरू 'आकाङ्क्षा', 'सम्पन्नता भित्रका एउटा यथार्थ' 'मुटुभित्रको घाऊ' हुन् । 'आकाङ्क्षा' कथामा विवाह पश्चात आफ्नो लोग्ने घर नफर्केको कहाली लाग्दो अवस्थाको चित्रण गरिएको छ । तल्लो घर कोइलीको लोग्ने लडाइमा घाइते बनी धेरै वर्षपछि फर्केको छ तर उसको लोग्नेको अत्तोपतो छैन्, बा आमा, छोराको प्रतिक्षामा बसेका छन् । ऊ भने धने दाइसँग नाता गाँसेर यौन सन्तुष्टि मेटिरहेकी छ । आखिर धने दाइले पनि ऊमाथि जवानीसँग मात्रै खेलवाड गरेको छ । लोग्नेको अभावमा देहव्यापार गरेर बसेकी छ तापनि आफ्नो प्यारो लोग्नेको प्रतिक्षामा बसेकी छ । यहाँ एउटा लोग्ने वा छोरो नहुँदा एउटा परिवारकै सर्वनास भएको स्थिति देखाइएको छ । 'मुटुभित्रको घाऊ' कथामा गरीबी अशिक्षा र अन्धविश्वासले गर्दा दुई छोराहरूको मृत्यु भएर परिवारमा शोकाकुल बनेको दयनीय अवस्थाको चित्रण पाइन्छ ।

उनको **मेरो मित्र** उपन्यासमा उपन्यासको नायक जागिरेको सिलसिलामा घर छोडेर हिँडेको छ । उसले जागिरे खादाँ बस्ता त्यहाँ देखिएका कर्मचारी तन्त्र घुसखोरी भ्रष्ट र पतित जमात देखेर त्यसको विरोध गर्दा-गर्दै केही उपाय नलागेपछि ऊ दिन दिनै रक्सीको नशामा फस्न पुगेको छ । आफ्नो परिवारको वास्ता नगरेर देश, जनता र राष्ट्रियता भनेर हिड्दा हिँड्दै आखिर भ्रष्टहरूद्वारा समातिएर जेलमा बस्नु परेको छ । आफ्ना जहान, वच्चा, आमाभने उसको प्रतिक्षामा बसेका छन् । छोरो घरमा नआए पछि घरपरिवारले खोजी गरेका छन्, कतै पत्तो छैन् उसको । श्रीमती छोरी आमा उसको अनुपस्थितिमा आत्तिएका छन्,

भावविभोर भएर रोएका छन् । यसरी यस उपन्यासमा पनि एक राष्ट्रसेवक सच्चा व्यक्ति अन्याय विरुद्ध सङ्घर्ष गर्दा-गर्दै उसको अवस्था दयनीय बन्न पुगेको छ । यसरी चालिसेका साहित्यिक कृतिमा पारिवारिक स्थितिको चित्रण गरको पाइन्छ ।

## ४.८.६ प्रेम तथा  यौनमूलक समस्याको प्रस्तुति

यौन विषयसँग  साहित्यकार चालिसेले नजिकको नाता जोडेको पाइन्छ । यौन त स्वयम् अप्राकृतिक र विकृत विषय होइन तर जब त्यसले आर्थिक विवशता जन्य मिथ्या स्वरसँग सम्बन्ध राख्दछ अनि त्यो विद्रुप बन्छ, असामान्य रूपमा देखापर्दछ । समयानुसार मानिसले स्वाभाविक रूपमा प्रणय  र वासना लिने गर्छ । चालिसेका कथा उपन्यासमा प्रणयप्रति नारी मनको कोमल अनुराग प्रसस्त मात्रमा देख्न पाइन्छ । उनले फायडीय यौन प्रेरणालाई विसङ्गतिवादका कोणबाट हेर्छन् । यसैले उनका कथामा अर्थ र यौन  विषयहरूले एक अर्कोलाई प्रभाव पार्दा उत्पन्न विसङ्गतिको चित्रण पाइन्छ । उनको **लङ्गडी** उपन्यासमा एउटी लङ्गडीले शर्मा गुरु जस्ता शिक्षित पुरुषसँग विवाह गरेर समाजका अन्य सवल नारी सहर बन्छु बन्ने चाहनालाई शर्मा गुरुले म नपुङ्सक हुँ, मबाट पाउने यौन सन्तुष्टि यति मात्रै हुनेछ भने पछि मृत्यु वरण गर्न पुगेकी छ शर्माबाट यौन सन्तुष्टि नपाउने भएपछि एउटी लङ्डीको जीवन नै समाप्त भएको कहाली लाग्दो अवस्थाको चित्रण पाइन्छ । उनको 'आकांक्षा' कथामा पनि विवाह गरे पश्चात लोग्ने हराएको छ । दिनरात लोग्नेको आशामा बसेकी छ । विनु धेरैवर्षको प्रतिक्षासम्म पनि आफ्नो लोग्ने नआएर पछि उसको फँक्रिँदो जवानीले अर्को परपुरुष धने दाइलाई रोज्न थाल्यो । धने दाइसँगको सामिप्यताले जीवनमा उमङ्गका तरेलीहरू जुर्मुराए पनि धनेदाइले उसमाथि सच्चा माया गरेको थिएन । उसको जवानीसँग मात्र खेलवाड गरेको देखिन्छ ।  आखिर उद्वारा नै मध्य बजारमा बेचिन पुगेकी छ । उसले दोबाटोमा यौवनको पसल थाप्न पुगेकी छ । उसको यौवन हजारौ पुरुषद्वारा रकमीसँग साटेकी छ । उसको पहिलो लोग्नेद्वारा छाडिएकी एक नारी विवश भएर परपुरुषद्वारा बलात्कृत भएर बस्नु पर्ने स्थितिको

चित्रण पाइन्छ । **मेरो मित्र** उपन्यासमा पनि भट्टी पसल्नी यौवनको रस चुसेर कसै पुरुषद्वारा बलात्कृत भएर दुई अबोध बालिकाको जन्म दिएर बसेकी छ । आखिर बाँच्नको लागि उसले भट्टीपसल थापेर हजारौँ पुरुषसँग देहव्यापार गरी बाँच्नु परेको कारुणिक अवस्थाको चित्रण पाइन्छ । कतै पश्चिमी संस्कृतिको अन्धानुकरणले नेपाली किशोरी र किशोर विशषतः युवा वर्गमा लैङ्गिक उच्छृङ्खलता बढेको एवम् अनियन्त्रित र स्वेच्छाचारिताको पर्दाफास गरिएको छ । उनका साहित्यिक कृतिमा विशेषतः नारीको मुक्ति केवल पुरुषसँग बदला लिएर मात्रै पूरा हुँदैन् बरु त्यसका लागि त नारी भोग्या कमजोर र साधनविहीन बनाउने सामन्ती संस्कृति र पूँजीवादी व्यबस्थालाई नष्ट पार्दै नारीलाई पनि स्वतन्त्रता प्रदान गर्नु पर्छ भन्ने उनको मान्यता देखा पर्छ ।

### ४.८.७ आर्थिक, सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य र विरोध

समाज, व्यक्ति र राष्ट्र वा विश्वमा रहेका असमानता विसंङगति विकृतिप्रति आन्तरिक रूपमा सुधारका भावना बोकेर गरिने अप्रत्यक्ष आलोचनाले व्यङ्ग्यलाई बुझाउँछ । चालिसेले आफ्ना कथा तथा तथा उपन्यासका पात्र विषय र तिनका क्रिया व्यापारका माध्यमबाट सामाजिक परिवारिक, यौनमूलक लगायत अनेक पक्षमा देखा परेका असमानता र अन्यायप्रति व्यङ्ग्य गर्दै लेखेको पाइन्छ । उनको **मेरो मित्र** उपन्यासमा पञ्चायती व्यवस्थामा हुने गरेका र भएका विसङ्गति र विकृतिप्रतिको व्यङ्ग्य गरिएको छ । जुन मान्छेहरू पञ्चायती व्यवस्थामा देशलाई लुटनसम्म लुटेर प्रजातन्त्रपछि चैते बनी पाटीहरूमा हालीमुहाली गर्न थालेका छन् भने प्रजातन्त्रका लागि लड्ने सच्चा योद्धाहरू यसबाट घाइते बनी तिरस्कृत भएका छन् । षडयन्त्रकारीहरू नै रूप बदलेर देशको सत्तामा छिरेका छन् भने परिवर्तनको कुनै अर्थ रह्यो त ? भन्ने प्रश्नप्रति व्यङ्ग्य गरेका छन् । **लङ्गडी** उपन्यासमा अपाङ्ग असक्त लुला लङ्गडाहरूप्रति समाजले हेर्ने गरेको कुदृष्टि असमझदारी र दुर्व्यवहारपूर्ण उपेक्षित भावप्रति तिखो व्यङ्ग्य प्रस्तुत गरिएको छ ।

त्यस्तैगरी उनको 'सम्पन्नता भित्रको एउटा यथार्थ' भन्ने कथामा उच्च ओहोदाका कर्मचारीले भ्रष्टचार गरी देश विग्रेको स्थिति र तल्ला तहका कर्मचारी माथि गरिने दुर्व्यवहार प्रति व्यङ्ग्य गरिएको छ । उनको 'माष्टरसाहेव' कथामा प्रजातन्त्र प्राप्तिका लागि मरिमेट्ने एक सच्चा राष्ट्रसेवक (एक शिक्षक) प्रजातन्त्र प्राप्ति पश्चात वेसहारा भएर बाटामा डुनोट बेचेर बस्नु पर्ने बाध्यात्मक अवस्थाप्रतिको तिखो व्यङ्ग्य गरिएको छ । विहे गरेको पहिलो लोग्नेले छोडेपछि परपुरुषलाई लोग्ने मान्दा उही पुरुषद्वारा बलात्कृत भई यौवनको पसल थापेर हजारौ पुरुषहरूको खेलौना बन्नु परेको चित्रण उनको 'आकांक्षा' कथामा रहेको छ । यो अठोट हो कथामा नेपालको बिग्रेको राज्य व्यवस्थाप्रति तिखो व्यङ्ग्य गरिएको छ । २०३६ देखि २०५२ सम्म विभिन्न शासन व्यवस्था आए पनि प्रजातान्त्रिक अधिनायकत्वले हाम्रो बुद्धि विवेकमा विर्को लगाइ दिएको छ । यसरी चालिसेले समाजका अनेकन गलत प्रवृत्ति माथि व्यङ्ग्य गर्दै आफ्नो कथ्य प्रस्तुत गरेको पाइन्छ । अप्रत्यक्ष रूपमा भए पनि व्यङ्ग्यात्मक प्रहारद्वारा सामाजिक सङ्गतिलाई कलात्मक ढङ्गमा प्रस्तुति गर्नु नै उनको कथात्मक वैशिष्ट्य हो ।

### ४.८.८ जीवनका विसङ्गत पक्षको चित्रणमा रुचि

जीवन संगतिमय छैन यसभित्र धेरै कुराहरूको तह मिलेका छैनन् । साहित्यले तह मिलाउन नसक्ला तर चेतनामा जगाउँन सक्छ । साहित्यले यस्तो समाजको बास्तविक सत्यको उद्घाटन गरिएको हुन्छ । यहाँ गर्ने मान्छे मर्दछ तर ठग्ने बाँच्दछ । योग्य इमान्दार व्यक्तिको कुनै पदक वा पदोन्नति हुदैन । बरु अयोग्यले भनसुनकै भरमा ठूलो धनरासी पद तथा पदोन्नति सम्मान प्राप्त गरेको हुन्छ । मान्छेले आफूले चाहेर केही गर्न सक्तैन, ऊ नियतिको दास हो भनेर विक्षिप्त मनस्थिति लिएर बस्नु पर्ने अवस्था सिर्जना भएको छ । उनको **मेरा मित्र** उपन्यासले उपन्यासको नायक सच्चा राष्ट्रभक्त योद्धा हो तर भ्रष्ट देशद्रोहीबाट नायक देश र जनताको लागि लड्दा-लड्दै समातिएर जेलमा थुनिन पुगेका छ । त्यस्तैगरी 'माष्टर साहेव' कथामा प्रजातन्त्र प्राप्तिका लागि महत्त्वपूर्ण योगदान

पुऱ्याउने राष्ट्रसेवक (एक शिक्षक) प्रजातन्त्र प्राप्ति पश्चात सडकमा डुनोट बेचेर बस्नु पर्ने अवस्था सिर्जना भएको छ । “सम्पन्नता भित्रको एउटा यथार्थ” कथामा उच्च ओहदाका कर्मचारीहरूले तल्लो तहका कर्मचारीहरूप्रति गर्ने दुर्व्यवहारको चित्रण गरिएको छ । उच्च ओहोदाका कर्मचारीले भ्रष्टचार गरी देशको यो अवस्था बनाएका छन् । उनै भ्रष्ट र पतीत व्यक्ति देश र जनताको लागि भनी दौडिरहेका छन् । **लङ्गडी** उपन्यासमा एउटी अपाङ्ग ताराले शर्मा गुरु जस्ता लेक्चररसँग विवाह गरेर जीवनमा ठूलो सफलता प्राप्त गर्न सके भनेर आनन्दी बनेर उसको कोठामा जाँदा तारा तिमी आमा बन्न सक्तिनौ कारण म नपुँसक हुँ भनेपछि उसको जीवनै समाप्त भएको छ । यसरी हेर्दा नेपालीमा लेखिएका विसङ्गतिवादी उपन्यासले बौद्धिकताको अत्यधिक संस्मरण गरेर राष्ट्रिय एवम् अन्त राष्ट्रिय परिवेश एवम् घटनाहरूबाट र सिर्जित सन्त्रास देखाएका छन् । यस्ता उपन्यासमा जीवनमा अभिशप्त पीडाका कवचहरू पहिरेर बाँचिरहेका सीमान्त अनुभूतिलाई शैलीको विसङ्गत रङमा घोलेर प्रस्तुत गरिएका झाँकीहरू प्राप्त हुन्छन् भने कतै प्रयासरत तर अप्राप्यतासँग सङ्घर्ष गरिरहेका दीनताहरु प्रकट हुन्छन् ।

## ४.८.९ सुधारवादी चेतनाको सम्प्रेषण

प्रगतिवादी साहित्यले वस्तु र पदार्थलाई मूल वा चरम सत्यका रूपमा स्वीकारी बुद्धि, विचार तथा चेतनालाई त्यसैको प्रतिबिम्ब मान्ने र जगतलाई परिवर्तन शील भन्दै रहेका वस्तुमा विरोधी तत्वको सङ्घर्ष पनि विद्यमान हुन्छ भन्ने ‘कालमार्क्सको’ सिद्धान्तलाई मान्ने चालिसे पनि यही धारामा रहेर साहित्य सिर्जना गरेको पाइन्छ । उनका साहित्यले विशेषतः वर्गद्वन्द्व तथा सामाजिक शोषणको चित्रणद्वन्द्व सर्वहारावर्गको पक्षपोषण गरेको पाइन्छ । परम्परागत रुढी कुरीति कुसंस्कारको विरोध गरी यिनलाई निर्मूल पार्ने प्रयास गर्नु पनि उनको साहित्यले उद्देश्य रहेको पाइन्छ । शोषक वर्गको आडम्बरा, भोगवादी प्रवृत्ति स्वार्थी एवम् मानवताहीन षडयन्त्रको विरोध गरेको पाइन्छ । क्रान्तिकारी विद्रोही

तथा परिवर्तन कामी चरित्रहरूको प्रयोगद्वारा समतामूलक समाजको स्थापनामा जोड दिएका छन् । चालिसेको **मेरा मित्र** उपन्यासमा पञ्चायत कालमा जनजीविकाको वकालत गर्ने व्यक्ति सामन्ती षडयन्त्रको सिकार भई जेलमा सड्नु पर्ने अवस्था देखाइएको छ । त्यस्तै गरी उनको 'माष्टर साहेव' कथामा पनि सामन्ती शोषण र उत्पीडन तथा निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्ध निम्न वर्गका व्यक्ति राष्ट्रमाथि पुऱ्याएको योगदानको चर्चा गरिएको छ । चालिसेका कथाहरूमा नेपाली समाजमा विद्यमान सम्पूर्ण समस्या र खरावीले उब्जाएका मानिसको दुर्नियति या कठोर यातनाको स्वरूपलाई विश्लेषण गर्ने उद्देश्यले लिएका छन् । साहित्यमा प्रगतिशील विचार धाराप्रति प्रतिबद्ध प्रतिभाशाली साहित्यकार भएकाले सामाजिक चिन्तनकै सेरोफेरो भित्र उनका कथा उपन्यासहरू रहेका छन् । उनको समाज चित्रण प्रगतिशील ढाँचाको भएको हुनाले उनका पात्रहरू निम्न र निम्न मध्यम वर्गका छन् । जस्तो किसान नोकर, सामन्य आयको जागिरे, असहाय नर नारी, वेश्या, वेगारी आदि रहेका छन् । नेपाली समाज नै पूर्ण परम्परागत ढाँचाको भएको हुदाँ त्यसै अनुरूप सङ्कीर्ण रुढिवादी संस्कार लिएका पात्रहरू उनका कथामा आएका छन् तर उनले समाजका त्यस्ता संस्कार वा दृष्टिकोणले आलोचना र विरोध गरी नयाँ परम्परा र मान्यता स्थापना गर्ने लक्ष्य लिएका छन् । उनी एक प्रकार जनवादी साहित्यकार पनि हुनाले उनको कथाको संरचना अन्तर्गत कथावस्तु गरिबी र यसबाट उत्पन्न हुने अनकौ समस्याका कुपरिणाम बारे गम्भीर चिन्तन गरिएको हुन्छ । उनले शोषण चक्र चलाई जीवनवृत्त चलाउने स्वार्थीवर्ग अर्थात् शोषण आधारित समाज व्यवस्थाको घोर विरोधगर्दै शोषितवर्गप्रति आफ्नो हार्दिक सहानुभूति व्यक्त गरेका छन् । यसै क्रममा उनले धर्म एवम् नैतिकताको बाह्य आडम्बर ओडेर अमानवीय घृणित कार्य गर्ने उच्चवर्गका मानिसहरूको पाशविक वृत्तिको पर्दाफास गर्न पनि कुनै कसर बाँकी राखेका छैनन् । चालिसे आफ्ना कथाहरूमा मानव हृदयका भावसंवेग अनुभूतिहरूको पर्यवेक्षण गर्दछन् तर यति भएर पनि प्रगतिवादी

प्रतिबद्धताले गर्दा उनी मानिसका अन्त वृत्ति र  वरपरको सामाजिक परिवेश बिच अन्तः सम्बन्ध कायम गरेरै मात्र साहित्य लेख्दछन् । त्यसैले उनको साहित्यको मूल स्तर सामाजिक संस्कारका नैतिक परिमाजर्न तर्फ अभिमुख छ । समाज व्यवस्थाका असन्सुष्टि र कमजोरीहरूलाई उनले यथार्थवादी शैलीमा व्यक्त गरी समाजका उत्पीडित वर्गप्रति हार्दिक सहानुभूति दर्शाएका छन् ।

## ४.८.१० आलोचनात्मक यथार्थवादको अवलम्वन

जीवन भोगाइका क्रममा आज सामाजिक परम्पराको विखण्डन भएको छ । नैतिकताको बिक्री भएको छ अनि आधुनिकताका नाममा जरी भए पनि शक्ति र सम्पत्ति हत्याउने प्रवृत्ति बढिरहेको छ । यसै धरातलमा जन्मेको यर्थाथ र विसङ्गतिको चित्रण गर्दै ती प्रति आलोचनाको स्वर उराल्नु चासिलेको प्रवृत्ति हो । मुलुकमा नैतिकताको खाडल गहिरिइरहेको र भ्रष्टचारको सगरमाथा ठडिइरहेको स्थितिप्रति चालिसेले कटु आलोचना गरेका छन् । **मेरो मित्र** उपन्यासको नायक समाज राष्ट्र र राष्ट्रियताका नाममा मरिमेट्ने एक सच्चा राष्ट्र सेवकले लड्दा-लड्दै जेलमा थुनिन पुगेको छ । प्रजातन्त्र प्राप्तिका लागि उसले पञ्चहरूसँग वकालत गरिरह्यो । भ्रष्ट र पतीत समाज व्यवस्थाको घोर विरोध गर्थ्यो तर शक्ति र सामार्थ्यको अगाडि उसको केही जोड चलने आखिर ऊ परापजित हुनु पुग्यो । चालिसले यस्ता भ्रष्ट पञ्चहरूप्रति आलोचनात्मक दृष्टि प्रस्तुत गरेका छन् । त्यस्तै गरी 'मास्टरसाहेव' कथामा पनि प्रजातन्त्र प्राप्ति पश्चात बाटामा डुनोट बेचेर बस्नु पर्ने स्थितिप्रति उनले आलोचनात्मक आक्रोस पोखेको छन् । 'हजुर बा' यो 'मेरो अठोट हो', 'सम्पन्नता मित्रको एउटा यर्थाथ' कथाले पनि समकालीन पीडा र देशमा देखा परेका अनेकौ विसङ्गति माथि कठोर आलोचनात्मक धारणा व्यक्त गरेको पाइन्छ ।

### ४.८.११ निष्कर्ष

कथाकार चालिसेका रचनाहरू औपन्यासिक यथार्थतामा आधारित भएर लेखिएका छन् । उनका उपन्यासहरूमा सामाजिक यथार्थको चित्रण, आलोचनात्मक यथार्थ, मनोविश्लेषण र प्रयोगवाद, नारीवाद, विसङ्गतिवाद जस्ता प्रवृत्तिहरू देखिन्छन् । उनका उपन्यास र कथा विधालाई हेर्दा सहरमा देखिएका अन्याय, अत्याचार, शोषण, दमन तथा सामाजिक विसङ्गति, विकृति, रोग, भोक, अशिक्षा, बलात्कार, कठोरतालाई उतार्ने प्रयास गरेका छन् । सम्पूर्ण राष्ट्रिय परिवेश भित्रका विकृति र खराबीहरूलाई उदाङ्गो पार्ने उद्देश्यले उनका आफ्ना कथाहरूमा कसिलो व्यङ्ग्यद्वारा आफ्नो लेखकीय शक्ति र सामर्थ्यको राम्रो परिचय दिएका छन् । खासगरी चालिसेका उपन्यास तथा कथा कृतिहरूलाई नियालेर हेर्दा सामाजिक यथार्थको चित्रमा रुचि, सहरिया तथा ग्रामिण जीवनको प्रस्तुति, नारी समस्याको प्रस्तुतिमा गहिरो रुचि, जागिरे जीवनका समस्याको प्रस्तुति, पारिवारिक समस्याको चित्रण, प्रेम तथा यौनमूलक समस्याको प्रस्तुति, आर्थिक, सामाजिक विसङ्गतिप्रति व्यङ्ग्य र विरोध, जीवनका विसङ्गत पक्षको चित्रणमा रुचि, सुधारवादी चेतनाको सम्प्रेषण, आलोचनात्मक यथार्थवादको अवलम्बन जस्ता प्रवृत्तिहरू देख्न सकिन्छ ।

## पाँचौ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ५ .१ उपसंहार

**ठाकुर चालिसेको जीवनी व्यक्तित्व र कृतित्व** शीर्षक रहेको यस शोधपत्रमा **पहिलो परिच्छेद** अर्न्तगत शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस परिच्छेदमा शोधशीर्षक, शोधप्रयोजन, शोधपरिचय, समास्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, सीमाङकन, सामग्री सङ्कलन, सैद्धान्तिक ढाँचा र शोधविधि तथा शोधपत्रको रूपरेखा सम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद** अन्तर्गत चालिसेको जीवनीका विविध, पक्षको चर्चा गरिएको छ । पिता केदारनाथ चालिसे र माता देवकुमारीको कोखबाट २००८ पौष ६ गते काठमाडौँ जिल्ला बौद्ध सुबी गाउँमा ठाकुर चालिसे जन्म भएको हो । मध्यम वर्गीय परिवारमा जन्मेकाले उनलाई के खाउँ के लाऊको समस्या देखिन्न । बाजे तारानाथ चालिसे राणाहरूका घर-घरमा पण्डित भई काम गरेको बुझिन्छ । राणाहरूको प्रिय पण्डित भएकै कारण राणाहरूले खुसी भई बेला बेलामा दिएको पैसाले त्यस बेलामा प्रसस्त जग्गा जमिन जोडेको देखिन्छ । त्यसैले उनको घर व्यवहार राम्रोसँग चलेको देखिन्छ । चालिसेको प्रारम्भिक अक्षरमा सामान्य औपचारिक रूपमा भने चावहिल स्थित पशुपति हाइस्कुल कक्षा चारमा भर्ना भएको पाइन्छ । उनी सानैदेखि तीक्ष्ण बुद्धि जिज्ञासु स्वभावका थिए भने अर्को तिर चित्त नबुझेको कुरा जो सुकै होस प्वाक्क बोलिदिने ठाडो शैली प्रष्ट वक्ता तर अन्तरमुखी र नास्तिक प्रवृत्तिका थिए । उनको बाल्यकालको नास्तिकतावादी प्रवृत्ति अद्यावधि कायमै देखिन्छ । 'हुने विरुवाको चिल्लो पात' भने झैँ चालिसे पनि सानैदेखि कक्षामा पहिलो स्थान प्राप्त गर्न सफल भएको बुझिन्छ । उनले

कथा निबन्ध लेखेर गुरुलाई देखाउने गरेको जानकारी दिएका छन् । चालिसे पशुपति हाइस्कुलबाट एस्.एल्.सी पास गरे पश्चात त्रि. चन्द्र कलेजबाट आइ.ए. पास गरेको पाइन्छ । बी.ए पढ्न उनी सरस्वती कजेलमा भर्ना भए आइ.ए. पढ्दैदेखि महालेखापालमा खरदार, महालेखा परीक्षकमा सुब्वा हुँदै बी.ए. पास गरे पश्चात २०३३ मा राष्ट्रिय बाणिज्य बैकमा अधिकृत हुदै एम.ए. प्राइभेट जाँच दिएर पास गरेको देखिन्छ । २०२७ जेष्ठ २ गते काठमाडौं स्थित दहचोक निवासी शङ्कर सिग्देलकी पुत्री शान्ता सिग्देलसँग विवाह बन्धनमा बाँधिएका चालिसेका हाल दुई छोरी एक छोरा छन् । त्रि.चन्द्र क्याम्पसमा आइ. ए. पढ्दैदेखि प्रशासनिक निकायमा आबद्ध रहँदै आएका चालिसे २०५० मा जागीरबाट स्वैच्छाले अवकाश लिएर स्वतन्त्र रूपमा सुखी जीवन बिताइ रहेका छन् । सानैदेखि बर्हिमुखी स्वभावका चालिसेले सामान्य जीवन बिताउने र कृतिको अध्ययन एवम् अनुवाद गरी साहित्य सिर्जना गर्ने रुचि राखेको पाइन्छ । प्रशासनिक शिक्षण र समाज सेवा गर्दै साहित्य सिर्जनालाई मुख्य कार्य क्षेत्र बनाएका चालिसेले नेपालका तीन दर्जनभन्दा बढी जिल्लाहरूको भ्रमण गर्नुका साथै जागिर अध्ययन र वैयक्तिक कार्यको सिलसिलामा भारतको विभिन्न ठाउँ लगायत अन्य विदेशी मुलुकको भ्रमण गरेका छन् ।

प्रशासनिक सेवा तथा साहित्यको साधनमा निरन्तर लागेको चालिसे जीवनलाई सङ्घर्षका रूपमा लिने गर्छन् । उनी समाजमा देखिएका वर्गीय जातीय तथा लैङ्गिक विभेदको अन्त्य हुनुपर्छ भन्ने धारणा राख्दछन् । साहित्यलाई समाजको दर्पण भनी चिनाउने चालिसेले जीवनका विभिन्न समयमा अभाव, दबाव, पीडा, हर्ष, विस्मात हाँसो-रोदनका अनुभूति प्राप्त गरिसकेका छन् । समग्र जीवन सुख पूर्वक नै बितिरहेको अनुभव गर्ने चालिसे विभिन्न साहित्यकार प्रेरणा र प्रभावबाट साहित्य सिर्जना गर्नेतर्फ आकर्षित भएका हुन् । २०३४ मा **लङ्गडी** शीर्षकको उपन्यास लेखेर साहित्यमा प्रवेश गरेका चालिसेका हालसम्म दुईवटा उपन्यास र सात आठवटा फुटकर कथा तथा निबन्ध हाँस्यव्यङ्ग्य रहेका छन् ।

**तेस्रो परिच्छेद**मा चालिसेको व्यक्तित्व बारे चर्चा गरिएको छ । बाह्य रूपमा हेर्दा गहुँगोरा वर्ण, लामो नाक, चौडा फराकिलो निधार, रसिला, आँखा राता-राता गाला गरी पूर्णतः आर्य पण्डित झैँ लाग्ने व्यक्तित्व देखा पर्छन् । अत्यन्तै सरल, शान्त व्यवहारमा अत्यान्तै क्लिष्ट, कुशल र इमान्दर गृहस्थीको रूपमा चिन्न सकिन्छ । त्यतिमात्रै नभएर उनको व्यक्तित्वलाई यस परिच्छेदमा साहित्यिक  र साहित्यत्तेर गरी दुई हाँगामा विभाजित गरी अध्ययन गरिएको छ । साहित्यिक व्यक्तित्व भित्र, उपन्यासकार कथाकार निबन्धकार तथा हाँस्यव्यङ्ग्यकार व्यक्तित्व नै प्रबल तथा सबल देखिन्छ । साहित्येत्तर व्यक्तित्वभित्र प्रशासनिक शिक्षक, समाजसेवी व्यक्तित्वले सफलता प्राप्त गरेको देखिन्छ  । सामाजिक वातावरण जीवनका अनुभव परिस्थितिले निर्माण गरेको चालिसेको व्यक्तित्वलाई उचाइमा पुऱ्याउन उनकै लगनशील परिश्रम र विवेकले नै सघाउ पुऱ्याएको पाइन्छ ।

**चौँथो परिच्छेद**मा ठाकुर चालिसेको कृतिहरूको विश्लेषण गरिएको छ । २०३४ मा **लङ्गडी** शीर्षकको उपन्यास नै पहिलो प्रकाशित मौलिक रचना हो । यिनका रचनाहरू औपन्यासिक यथार्थमा आधारित छ । जीवनका लक्ष्यमा आफ्नो जागिरे पेसा र साहित्यलाई समान रूपमा अगाडि बढाउन प्रयासरत देखिएका चालिसेले लेखनका क्षेत्रमा प्रारम्भमा उपन्यास विद्यामा बढी जोड दिएका हुन् । विशेष गरी त्रि.चन्द्र क्याम्पसमा पढ्दा साहित्यकार ध्रुवचन्द्र गौतम र तारानाथ शर्मासँगको भेटघाट  र साहित्यिक छलफलले गर्दा नै  साहित्य लेखनमा सक्रिय रूपमा श्रीनगर , नौलो कोसेली, मधुपर्क, उत्साह, आगमन जस्ता पत्रपत्रिकामा लेख रचना लेख्ने पढ्ने गर्न थालेको बुझिन्छ । पृष्ठभूमि पत्रिकामा स्तम्भ लेखनमा लागि परेको देखिन्छ । यसै क्रममा २०४६मा **मेरो मित्र** उपन्यास प्रकाशित गरे । उनको **लङ्गडी** उपन्यासमा **लङ्गडी**का मनभित्र गुम्सिएर बसेका भावना इच्छा र उसप्रति समाजले हेर्ने कुदृष्टि अविवेकपूर्ण  धारणा र असमदारीको चित्रण गरिएको छ । लङ्गडी पनि त हाम्रै समाजका एक नारी हो उसभित्र पनि त फक्रिँदो

यौवन छ, रूप छ, तृष्णा छ तर ऊ लङ्गडी ? यस्तो अवस्थामा उसका हृदयमा कति विचार तर्कना उठ्छन् । उसको मनस्थितिलाई कसले बुझेर तदनुरूपको व्यवहार गरिदिने ? अपाङ्ग लङ्गडीका मनमा उठेका छट्पटी बेचैनी र दर्दनाकपूर्ण स्थितिको चित्रण गरिएको छ । **मेरो मित्र** उपन्यासमा पञ्चायती व्यवस्थामा भएका विकृति विसङ्गति र भ्रष्टचारको पर्दाफास गरिएको छ । समाजको एक विचारक राष्ट्रभक्त, सच्चा योद्धाले आफ्नो चिनारी नपाएर रक्सीको सहारामा जीवन भुल्दै पलायन हुनु पर्ने बाध्यत्मक परिस्थितिको चित्रण प्रस्तुत गरेका पाइन्छ ।

चालिसेका उपन्यास कृतिको संरचना पक्षलाई हेर्दा उनका उपन्यासहरू आकारामा साना छन् । चालिसेका आफ्नो निजात्मक अनुभूतिलाई आन्तरिक संरचनामा तयार पारेर मूल कथ्यलाई प्रतिपादन गरेका हुन्छन् । चालिसेका उपन्यासहरूको कथावस्तु आदि, मध्य र अन्त्यको पूर्णता र भूमिका विकासात्मक अवस्थाहरू पाउँन सकिन्छ । साथै द्वन्द्व र कौतुहलताका दृष्टिले पनि कथावस्तु उत्कृष्ट देखिन्छ । उनका उपन्यासमा पात्रहरूका यौन, कुष्ठा, नारी मानसिकता, नारी समस्या साथै विद्रोही चेतना समेत गरी अनेक भाव तथा यथार्थको अभिव्यक्ति पाइन्छ । दिन-प्रतिदिन ह्रासोन्मुख हुदै गएको मानिसको नैतिकता, इमान्दार र मानवताप्रति चिन्तित भई जिम्मेवार पक्षप्रति व्यङ्ग्यात्मक आक्रोस पोखेका छन् । उनका उपन्यासहरू समाज सापेक्ष जीवनको विश्लेषण तर्फ प्रयासरत रहेका छन् । उनले सामाजिक गतिविधिलाई यथार्थ रूपमा प्रस्तुत गर्दै स्वभाविक पात्र निर्माण गरी समयानुकूल घटनाहरूको समुचित तारतम्य मिलाएर सुक्ष्म अध्ययनका साथ उपन्यास लेखेको पाइन्छ । पात्रको स्तर चेतना उद्देश्य अनुसार उर्पयुक्त वातावरण तयार पारी सौन्दर्य र उद्देश्य अनुकूल भाषा, संवाद र शिल्पको संयोजनद्वारा उनले कथ्यको अभिव्यक्ति दिएका छन् । चालिसेका प्रत्येक उपन्यास हाम्रै समाजमा घटेका यथार्थ घटनाहरूलाई टिप्दै आदर्श समाजको कल्पना गरेका छन् ।

ठाकुर चालिसेको अर्को महत्त्वपूर्ण पाटो हो, कथाकारिता । सर्वप्रथम नौलोकिरण पत्रिकामा प्रकाशित “सम्पन्नताभित्रको एउटा यथार्थ’ शीर्षकको कथा लिएर नेपाली कथा विधामा देखा परेका हुन् । उनको कथायात्रा २०३५-३६ देखि शुरु भएर २०५३-५४ सम्म सक्रिय रूपमा नै रहेको देखिन्छ । संख्यात्मक रूपमा थोरै कथाहरू भए पनि गुणात्मक दृष्टिले अत्यान्तै सशक्त रहेका छन् । उनको “सम्पन्नता भित्रको एउटा यथार्थ’ त्यस्तैगरी ‘मुटुभित्रको घाऊ’ कथामा गरीब निमुखाहरूको दयनीय अवस्थाको चित्रण गरेको पाइन्छ । गरिबी, अशिक्षा र अन्धविश्वासले गर्दा अस्पतालको मुखसम्म देख्न नपाउँदै मृत्यु वरण गर्न पुगेका दुई अवोध बालकको कहाली लाग्दो चित्र प्रस्तुत गरेको छ । त्यस्तै गरी ‘मास्टरसाहेव’ कथामा १९९७ सालको शहिद काण्डमा सक्रिय भएर देश र जनाको लागि मरिमेटेको एक योद्धा २००७ सालमा अग्नि ज्वाला आकेल्ने माष्टरसाहेव (एक शिक्षक) प्रजातन्त्रपछि डुनोट बेचेर जीवन बिताउनु पर्ने बाध्यात्मक परिस्थितिको प्रस्तुति पाइन्छ । त्यस्तैगरी ‘हजुर बा’ र ‘यो मेरो अठोट हो’ भन्ने कथामा २००७ सालदेखि वि. सं. अहिलेसम्म आइपुग्न विभिन्न शासन प्रणाली व्यवस्था आए पनि नेपाली जनताका आँखा रसाएका बृद्धि विवेक र इच्छा आकांक्षालाई शुन्यमा विलाइ दिएको प्रस्तुति पनि उनका कथामा पाइन्छ । उनका कथामा सामाजिक असमानता  विसङ्गति र जीजिविषाको अस्तित्व बोध, त्यस्तै गरी नारी यौन, कुष्ठा, नारी समस्या, नारी मानसिकता, विद्रोही चेतना समेत गरी अनेक भाव तथा यर्थाथको अभिव्यक्ति पाइन्छ । जीवन बोध र चेतनानुभूतिलाई प्रस्तुत गरेका छन् । यस प्रस्तुति पक्षमा समकालीन अन्य कथाकारहरूभन्दा भिन्नै नीजि पहिचान दिन उनी सक्षम देखिन्छन् ।

नेपाली कथाकारिता दशकमा प्रविष्ट ठाकुर चालिसेले चार दशकको लेखनावधिमा जे जति रचना दिएका छन् ती सबै योगदानमूलक उच्चतम कारण विश्लेषणीय रहेका छन् । कथामा रचना धर्मिता कालिक पक्ष  र मनोद्वन्द्वलाई अनुभूत्यात्मक एवम् संम्प्रेषणीय पारामा प्रसार गर्ने कलामाथि औधि नै प्रवीण छन्

। चालिसेका कथामा कथ्यलाईभन्दा कथ्यको प्रभाव र  त्यसका ध्वन्यात्मक सन्दर्भमा बढी बल दिएको भेटिन्छ । जीवनवादी संचेतना र वक्रोक्तिद्वारा प्रस्तुत हुने कथ्य  शिल्पमा ठाकुर चालिसे झण्डै अद्वितीय छन् । त्यसैले युग बोधलाई सूचित गर्छ  । यिनले मानवीय मनोग्रन्यिमा सन्निहित रागात्मक अनुभूतिका यान्त्रिक जीवन र पात्रगत आचरण मार्फत ह्रासोन्मुख नैतिकता साथै सास्कृतिक मूल्य एवम् मान्यताको अस्तित्व सङ्कटको स्थिति तेर्स्याएर देखाउने जमर्को गरेका छन् । युग दृष्टिलाई बुझी नेपाली आख्यान धर्मितामा यिनले जसरी सुधारमूलक अत्यान्त निजात्मक मार्ग तयार गरी जनजीवनमा देखापर्न थालेका सांस्कृतिक मूल्यगत विधानहरूलाई मिहीन किसिमले कथामा भित्र्याउन अत्यन्त सिपालु कथाकारका रूपमा देखिन्छ ।

नेपाली कथा साहित्यमा हसिलो मुहार लिएर हिडने कथाकारको भिडमा ठाकुर चालिसेलाई भेट्नु मेरो विचारमा मरुभूमिमा मरुद्यान पाइनु या धेरेजना दुर्जनहरू पछि एक सञ्जन व्यक्ति भेट्नु समान हो । सामान्य बिषयभित्र विशिष्ट चरित्र  र तिनका मानसिक अवस्थितिलाई उधिनेर उद्घटित गर्नु उनको कथाको विशेष उपलब्धि हो । शाब्दिक जटिलताभन्दा तिनको सरल संयोजनद्वारा कथामा आर्कषक बान्की थप्छन् । यो पनि उनको महत्त्वपूर्ण योगदान हो । वस्तु शिल्प संरचना र सन्देशको अनुकरणीय मूल्यवत्ताले गर्दा यिनलाई नेपाली साहित्यका एक जना युग निर्माता आधुनिक कथाकारको श्रेय दिन पनि सकिने स्थिति छ ।

ठाकुर चालिसे स्रंष्ठा व्यक्तित्वको अर्को महत्त्वपूर्ण पक्ष सम्पादकीय लेखन हो । चालिसेले *उत्साह* प्रत्रिकको सम्पादन गरेका छन् । त्यस्तैगरी *पृष्ठभूमि* पत्रिकामा स्तम्भ लेखनमा क्रमस उनले स्वस्थ साहित्यिक सिर्जनातर्फको चिन्तन राष्ट्र र राष्ट्रियताप्रतिको बोध एवम् प्रजातन्त्रको आगमनसँगै मुलुकमा देखापरेका विभिन्न विकृति र विसङ्गतिहरू एवम् तत्कालीन सत्तासीन सरकारका अदुरदर्शी अनभिज्ञतापूर्ण हाँस्यास्पद क्रियाकलापहरूप्रति कडा व्यङ्ग्य र रोष व्यक्त  गरेका छन् ।

**पाँचौ परिच्छेद**मा चालिसेका प्रवृत्ति र योगदानको चर्चा गरिएको छ । समग्रमा भन्नु पर्दा चालिसे नेपाली साहित्यको क्षेत्रमा एक उदाउँदा साहित्यकार हुन् । २०३४देखि औपचारिक साहित्य यात्राका थालनी गर्ने चालिसे हालसम्म निरन्तर साहित्य सिर्जनामा साधनारत छन्  चालिसेका साहित्यिक कृतिभित्र पाइने भाषिक कलात्मकता बौदिकता, दर्शनिकता, कथात्मक प्रस्तुति सवल पक्ष हुन् । जसभित्र आदर्श चेतना, नैतिकता, नवयुगको आह्वान, अग्रजसाहित्यकारहरूप्रति श्रद्दाभाव , शोषित पीडितहरूप्रति सहानुभूति राष्ट्रप्रेम जस्ता कुरा अन्तर्निहित छन् । भाषा साहित्यका अतिरिक्त प्रशासनिक सेवामा समाज सेवा यिनले पुऱ्याएको योगदान अमूल्य रहेको छ । चालिसेका रचनाहरूले समाजलाई सत्मार्गको दिग्दर्शन गराएको पाइन्छ । समाजमा चेतनाको अभिवृद्धि गराउनतर्फ चालिसेका कृतिहरू मुखरित भएको पाइन्छ । योग्य तथा मार्गदर्शन दिन सक्ने किसिमका रहेका छन् । उनको स्रष्टा व्यक्तित्वका उपर्युक्त कतिपय सवल एवम् दुर्बल पक्ष रहेता पनि उनको नेपाली कथा तथा उपन्यासका जीवनका विविध घटनाहरू व्यक्तित्वका उत्कृष्ट पक्षहरू कृतित्वको परिवर्तनकारी तथा विकासकारी भूमिकाले चालिसेलाई कुशल साधक, राष्ट्रसेवक आर्दश व्यक्तित्वका रूपमा स्थापित गरेको छ । ठाकुर चालिसे अझै पनि सिर्जनामा क्रियाशील छन् र भविष्यमा उनबाट नेपाली साहित्यलाई अझ उत्कृष्ट रचनाहरू उपलब्ध हुने आशा गर्न सकिन्छ ।

## ५.२. निष्कर्ष

१. ठाकुर चालिसेको जन्म वि.सं. २००८ पौष ६ गते पिता केदारनाथ चालिसे र माता देवकुमारी चालिसेको कोखबाट काठमाडौं बौद्ध सुबी गाउँमा भएको हो ।

२. उनले काठमाडौंको बौद्ब सुबी गाउँमै गाईवस्तु चराउदै डण्डिवियो र गुच्चा खेल्दै बाल्यकाल बिताएका हुन् ।

३.  चालिसेको स्नात्तकोत्तर सम्मको अध्ययन गरेका छन् ।

४. २००७ सालमा शान्ता सिग्देलसँग वैवाहिक बन्धनमा बाँधिएका मध्यम वर्गीय परिवारका चालिसे प्रशासनिक सेवा शिक्षण सेवा, समाजसेवा र साहित्यलाई आफ्नो  कर्मक्षेत्र बनाएको देखिन्छ ।

५. वि.सं. २०३४ सालमा **लङ्गडी** शीर्षकको उपन्यास लेखेर सार्वजानिक रूपमा साहित्य क्षेत्रमा प्रवेश गरेका चालिसेले ६-७ वटा कथाहरू प्रकाशित गरेका छन् ।

६. साहित्यलाई समाजको दर्पण मान्ने चालिसे समाज परिवर्तनको मुख्य हतियार साहित्यलाई मान्दछन् । यर्थाथको नजिक अत्यन्त संयमित अनुशासित र मर्यादित ढङ्गबाट आएका परिवर्तन नै दीर्धकालीन हुने कुरामा यिनका रचना विश्वस्त छन् ।

७. चालिसेलाई सामाजिक यर्थाथवादी, नारी समस्याकेन्द्रित आलोचनात्मक यर्थाथवादी उपन्यासकार  हुन् भन्न सकिन्छ ।

८. यिनका उपन्यासकारितामा नवीनताका साथै विषयवस्तु शिल्प संरचनामा सौष्ठव उत्तरवर्ती उपन्यासकार लागि अनुकरणीय बन्न पुगेका छन् ।

९. चालिसे कथामा विसङ्गतिवादी अस्तित्ववादी र आलोचनात्मक यर्थाथवादलाई प्रस्तुत गर्ने क्रममा यिनले व्यङ्ग्यात्मकताको सहारा लिएका छन् जुन प्रयोग सचेत रुपमा भएको छ, त्यो आफैमा एउटा महत्त्वपूर्ण उपलब्धि हो ।

१०. उनका कथाले प्रायः नेपाली समाजमा शुरु भएको नयाँ युवा प्रवृत्ति अर्थात् हाम्रो मूल्य मान्यता आदर्श एवम् नैतिकतामा देखापर्न आउने ह्रासलाई निकै सरलता र स्वभाविकताका साथ प्रतिविम्वन गरेका छन् ।

११. यिनका समग्र रूपमा कृति लेख रचनाको अध्ययन गर्दा चालिसेलाई समाजसेवी , राष्ट्रप्रेमी , साहित्य अनुरागी व्यक्तित्वका रुपमा चिन्न सकिन्छ ।

# सन्दर्भ सामग्री सूची

गैरे, गोपालप्रसाद (२०४९), **रातो स्वेटर कथा सङ्ग्रहको कृतिपरक अध्ययन** स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर , काठमाडौँ ।

घर्ती, दुर्गाबहादुर (२०६६), **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान**, ललितपुर , साझा प्रकाशन ।

चापागाइँ, नरेन्द्र (२०६५), माघ, **मेरो वस्तीका कवि नारायण कुमार आचार्यको कवित्व**, **मधुपर्क**, माघ ।

चालिसे, ठाकुर (२०३४), **लङ्गडी,** काठमाडौँ : रूपायन प्रकाशन ।

२०४६, **मेरो मित्र,** काठमाडौँ : सृष्टि प्रकाशन ।

जी.सी., सिर्जना(२०६७), अच्युत खनालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन , स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, काठमाडौँ ।

त्रिपाठी, वासुदेव (२०२८ ) , **विचरण**, ललितपुर : साझा प्रकाशन, ।

थापा, हिमांशु (२०५०), **साहित्य परिचय**, चौ. सं., काठमाडौ , साझा प्रकाशन ।

द्याहाल, फडिन्द्रप्रसाद (२०६४), फडिन्द्रराज खेतालाको जीवनी, स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर, काठमाडौँ ।

पोखरेल, बालकृष्ण र अन्य सम्पादक (२०६०), **नेपाली बृहत् शब्दकोश**, पुनर्मुद्रित, काठमाडौँ : नेराप्रप्र ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२) , **नेपाली उपन्यास र उपन्यासकार**, ते. सं., ललितपुरः साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्रसिंह (२०४०), **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि**,

दार्जीलिङ : दीपा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६) , **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** ते. सं. काठमाडौं : साझा प्रकाशन ।

भट्टराई, घटराज (२०५१), **नेपाली साहित्यकार परिचय कोष**, काठमाडौः नेसनल रिसर्च एशोसिएसन ।

शर्मा , मोहनराज (२०५५) , **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुइँटेल (२०५२) **शोधविधि**, दो.सं., काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०६३), **नेपाली साहित्यको संक्षिप्त इतिहास**, आ. सं., काठमाडौ : साझा प्रकाशन ।

स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर , काठमाडौँ ।

**साहित्य-सिद्धान्तः शोध तथा सृजनविधि**, काठमाडौं : पाठ्यसामग्री पसल, २०६६।

सुवेदी, राजेन्द्र (२०६४) **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** (दो.सं.) काठमाडौँ : साझा प्रकाशन ।